# देवानी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावनाः** देवानी मुद्दाको दायरी, कारबाही, सुनुवाई र किनारा तथा सोसंग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको निर्णय कार्यान्वयन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानूनलाई सरलीकृत र समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "देवानी कार्यविधि संहिता, २०६७" रहेकोछ।

(२) यो संहिता प्रमाणीकरण भएको एक वर्ष पूरा भएको भोलिपल्टदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमका देवानी मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अदालत, अन्य न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँनेछ।

(ख) "कानून" भन्नाले तत्काल प्रचलित कानून सम्झनु पर्छ।

(ग) "दरपीठ" भन्नाले कानून बमोजिम दर्ता गर्न नसकिने कागजमा सम्बन्धित अधिकृतले दर्ता गर्न नसकिनाको आधार र कारण खुलाई आफ्नो हस्ताक्षर गरी सोही कागजको पीठ वा अन्य कुनै भाग वा छुट्टै कागजमा गरेको आदेश सम्झनु पर्छ।

(घ) "देवानी मुद्दा" भन्नाले कानून बमोजिम फौजदारी मुद्दाको रुपमा परिभाषित गरिए बाहेकका कानूनी हक, हैसियत, पद, पारिवारिक सम्बन्ध, सम्पत्ति

नेपाल कानून आयोग

सम्बन्धी मुद्दा सम्झनु पर्छ र सो शब्दले देहायको विषय र सोसंग सम्बन्धित मुद्दा समेतलाई जनाउँनेछः-

(१) नाता कायम वा सम्बन्ध विच्छेद,

(२) दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला,

(३) अंश, अपुताली, दान बकस, इच्छापत्र, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री,

(४) कुनै करार, अर्ध-करार वा अनुचित सम्बृद्धि अन्तर्गतको कुनै हक वा दावी,

(५) दुस्कृति, अर्ध-दुस्कृति वा त्रुटीपूर्ण उत्पादन सम्बन्धी हक वा दावी,

(६) सुविधाभार,

(७) क्षतिपूर्ति,

(८) देवानी प्रकृतिको अन्य कुनै हक वा दायित्व ।

(ङ) "न्यायाधीश" भन्नाले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अदालतको अधिकारी सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमका देवानी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न अधिकार प्राप्त अधिकारी समेतलाई जनाउँनेछ ।

(च) "पुनरावेदनपत्र" भन्नाले तल्लो अदालतको निर्णयमा चित्त नबुझि सो निर्णय सच्याउनको लागि आफ्नो जिकिर सहित माथिल्लो अदालतमा दिएको निवेदन सम्झनु पर्छ ।

(छ) "प्रतिउत्तरपत्र" भन्नाले फिरादपत्रको दावी स्वीकार वा इन्कार गरी अदालतमा पेश गरेको लिखित जवाफ सम्झनु पर्छ र सो शब्दले प्रतिउत्तरपत्र सरहको वयान समेतलाई जनाउँनेछ।

(ज) "प्रतिदावी" भन्नाले वादीले गरेको दावी उपर प्रतिवादीले गरेको दावी सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(झ) “प्रतिवादी” भन्नाले प्रतिउत्तरपत्र पेश गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिवादी सरह वयान गर्ने वा अदालतले प्रतिवादी कायम गरेको व्यक्ति समेतलाई जनाउँनेछ ।

(ञ) “फिरादपत्र” भन्नाले कुनै विषयमा आफ्नो हक, हित वा सरोकार कायम गर्ने वा दावी कार्यान्वयन गर्न माग गरी पेश गरेको उजूरी, नालिस, दावी वा निवेदन सम्झनु पर्छ र सो शब्दले फिरादपत्र सरहको वयान वा प्रतिउत्तरपत्रमा उल्लेख गरिएको प्रतिदावी समेतलाई जनाउँनेछ ।

(ट) “मिसिल” भन्नाले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र तथा सोसँग सम्बन्धित सबुत प्रमाण तथा अन्य कागजात संकलन गरी अदालतमा राखिएको फाइल सम्झनु पर्छ ।

(ठ) “मुद्दा” भन्नाले देवानी मुद्दा सम्झनु पर्छ ।

(ड) “म्याद” भन्नाले मुद्दाको रोहमा कुनै व्यक्तिको नाममा अदालतबाट जारी गरिने सूचना वा इतलायनामा सम्झनु पर्छ ।

(ढ) “वादी” भन्नाले फिरादपत्र दिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिदावी पेश गर्ने व्यक्ति समेतलाई जनाउँनेछ ।

(ण) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ ।

(त) “सम्पत्ति” भन्नाले चल वा अचल सम्पत्ति सम्झनु पर्छ ।

३. **छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्नेः** (१) विषय विषयमा छुट्टा छुट्टै बनेका कानूनमा लेखिएका कार्यविधिका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ र त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले कुनै असर पार्ने छैन ।

(२) उपदफा (१) बमोजिमको कानूनमा नलेखिएको कार्यविधिको विषयमा यस संहितामा लेखिए बमोजिम हुनेछ ।



नेपाल कानून आयोग

परिच्छेद-२

## देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्तहरु

४. **देवानी मुद्दामा पालना गर्नु पर्ने सिद्धान्तः** मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा अदालतले सामान्यतया यस परिच्छेदमा उल्लेख भएका सिद्धान्त तथा व्यवस्थाहरुको पालना गर्नु पर्नेछ।

५. **सुनुवाई खुला इजलासमा हुनेः** कानूनमा अन्यथा व्यवस्था भएकोमा वा मुद्दाका पक्षको निवेदनमा अदालतले अन्यथा आदेश गरेकोमा बाहेक मुद्दाको कारबाही, सुनुवाई र किनारा खुला इजलासमा हुनेछ।

६. **सक्षम अदालतबाट सुनुवाई हुनेः** मुद्दाको कारबाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकार प्राप्त सक्षम अदालतबाट हुनेछ।

७. **हक बेहकको प्रश्न अदालतबाट मात्र निरुपण हुनेः** कुनै विषयमा हक बेहकको प्रश्न उत्पन्न भएमा सो प्रश्नको निरुपण नियमित अदालतबाट मात्र हुनेछ।

स्पष्टीकरणः यस संहिताको प्रयोजनको लागि "नियमित अदालत" भन्नाले जिल्ला अदालत, पुनरावेदन अदालत वा सर्वोच्च अदालत सम्झनु पर्छ।

८. **कानूनी हैसियत सम्बन्धी विवाद अदालतबाट मात्र निरुपण हुनेः** (१) कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरुपण हुनेछ।

(२) कुनै मुद्दाको कारबाहीको क्रममा हक वेहकको प्रश्न निरुपण भएपछि मात्र अन्य विषयमा कारबाही, सुनुवाई र किनारा गर्नु पर्ने देखिएमा सम्बन्धित अधिकारीले अन्य अदालत वा निकायमा विचाराधीन मुद्दा भए नियमित अदालतबाट हक वेहकका सम्बन्धमा निरुपण गरी आउन पक्षहरुलाई आदेश गर्नु पर्नेछ।

९. **पक्षहरुको हैसियत समान रहनेः** (१) मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा मुद्दाको पक्षहरुको हैसियत  समान रहनेछ।

(२) अदालतले मुद्दाको प्रत्येक पक्षलाई समान व्यवहार गर्नु पर्नेछ।

(३) मुद्दाको कारबाहीको सिलसिलामा नेपाल सरकार, त्यसको कुनै निकाय वा कुनै कानूनी व्यक्ति अदालत समक्ष वादी वा प्रतिवादीको रुपमा प्रस्तुत भएकोमा कानूनमा

नेपाल कानून आयोग

अन्यथा व्यवस्था भएकोमा वा अदालतले अन्यथा आदेश दिएकोमा बाहेक नेपाल सरकार, त्यसको कुनै निकाय वा कुनै कानूनी व्यक्तिले मुद्दाको कारबाहीको क्रममा छुट्टै हैसियत, सुविधा, सहुलियत, उन्मुक्ति वा छूट दावी गर्न सक्ने छैन ।

१०. **<u>फिराद दावी गर्न हकदैया हुनु पर्नेः</u>** कुनै कुराको दावी गरी अदालतमा फिरादपत्र दायर गर्न चाहने व्यक्तिले त्यस्तो दावी लिन निजको अधिकार रहेको वा त्यसमा निजको कानूनसम्मत हित वा सरोकार रहेको व्यहोरा फिरादपत्रमा उल्लेख गरी निजको हकदैया रहेको कुरा देखाउनु पर्नेछ।

११. **<u>अधिकार क्षेत्र शुन्य नहुनेः</u>**(१) कुनै पनि मुद्दाको दायरी, कारबाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम कुनै अदालत वा न्यायिक अधिकारीलाई क्षेत्राधिकार तोकिएको हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै अदालतलाई अधिकारक्षेत्र नतोकिएकोमा सम्बन्धित जिल्ला अदालतलाई त्यस्तो मुद्दाको शुरु कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र भएको मानिनेछ ।

१२. **<u>निर्णय गर्नबाट पन्छिन नहुने</u>**ः (१) न्यायाधीशले कानून अपर्याप्त वा अस्पष्ट भएको आधार लिई निर्णय गर्नबाट पन्छिन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परेमा कानून र न्यायका मान्य सिद्धान्तको आधारमा निर्णय गर्नु पर्नेछ ।

१३. **<u>मिलापत्र वा मेलमिलाप गर्न मौका दिनु पर्नेः</u>** (१) अदालतले कुनै पनि मुद्दाको फैसला गर्नु अघि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरुलाई अवसर दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अवसर दिंदा पक्षहरु मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाउन मञ्जुर भएमा जुनसुकै तहमा रहेको मुद्दा भए पनि मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गराउन सकिनेछ ।

१४. **<u>प्राङ्न्यायको सिद्धान्त अवलम्वन गर्नु पर्नेः</u>** अदालतले मुद्दाको सुनुवाई र फैसला गर्दा उही वादी र प्रतिवादी रहेको उही विषयको मुद्दामा पुनरावेदन गरेकोमा बाहेक एक पटक भन्दा बढी सुनुवाई र फैसला गर्नु हुँदैन ।

नेपाल कानून आयोग

१५. **पुनरावेदनको अधिकार हुनेः** कुनै पनि मुद्दाको शुरु कारबाही र सुनुवाई गरी फैसला भएकोमा त्यस्तो फैसलामा चित्त नबुझ्ने पक्षलाई त्यस्तो फैसला उपर त्यसरी फैसला गर्ने अदालतको पुनरावेदन सुन्ने अदालतमा कानून बमोजिम पुनरावेदन गर्ने अधिकार हुनेछ।

परिच्छेद-३

**अधिकार क्षेत्र सम्बन्धी व्यवस्था**

१६. **अधिकार क्षेत्र हुनु पर्नेः** (१) मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न कुनै पनि अदालतलाई कानून बमोजिम अधिकार क्षेत्र हुनु पर्नेछ।

(२) अधिकार क्षेत्र नभएको अदालतले मुद्दाको सिलसिलामा गरेको कुनै पनि कारबाही, सुनुवाई वा निर्णय बदर हुनेछ।

(३) अदालतले निर्णय गर्दा कुन कानून अन्तर्गत अधिकार क्षेत्र भएको हो सो कुरा फैसलामा खुलाउनु पर्नेछ।

१७. **अदालतको अधिकार क्षेत्र हुनेः** मुद्दाको शुरु कारबाही, सुनुवाई र किनारा गर्ने, त्यस उपर पुनरावेदन सुन्ने, मुद्दा दोहोऱ्याउने वा पुनरावलोकन गर्ने अधिकार कानूनमा व्यवस्था भए बमोजिम अदालतलाई हुनेछ।

१८. **जिल्ला अदालतलाई अधिकार क्षेत्र हुनेः** (१) मुद्दाको विषयवस्तुको प्रकृतिले स्थलगत रुपमा जाँचबुझ गर्नु पर्ने अवस्था भएको कुनै पनि अचल सम्पत्ति सम्बन्धी विषय, सुविधाभार, कुलो, साँध सम्बन्धी मुद्दा र फिरादपत्रबाट जग्गा, घर वा ठाउँ जाँच्न पर्ने देखिएको कुनै मुद्दामा सो घर, जग्गा वा ठाउँ रहेको जिल्लाको जिल्ला अदालतलाई त्यस्ता मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएका मुद्दाका अतिरिक्त सम्बन्धित जिल्ला अदालतले देहायका मुद्दामा समेत कारबाही, सुनुवाई र किनारा गर्नेछ :-

(क) बहाल, वाली वा विगोको प्रश्न समावेश भएको वा सम्पत्तिको स्वामित्व, भोग चलन वा हक बेहक सम्बन्धी,

(ख) अचल सम्पत्ति रोक्का राख्ने वा निखन्ने सम्बन्धी,

(ग) अचल सम्पत्ति बाँडफाँड सम्बन्धी,

नेपाल कानून आयोग

(घ) अचल सम्पत्ति धितो, बन्धकमा राख्ने, भोग्ने, चलन चलाउने सम्बन्धी,

(ङ) अचल सम्पत्ति उपरको कुनै सरोकार वा शर्त सम्बन्धी,

(च) अचल सम्पत्तिसँग सम्बन्धित क्षतिपूर्ति सम्बन्धी ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अंश मुद्दामा वादी प्रतिवादी रहेको जिल्ला मध्ये जुन जिल्लामा फिराद दायर हुन्छ सो जिल्ला अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार हुनेछ ।

१९. **<u>प्रतिवादी रहेको वा काम भएको जिल्ला अदालतलाई अधिकार क्षेत्र हुने:</u>** (१) दफा १८ मा लेखिएदेखि बाहेक अन्य मुद्दा प्रतिवादी रहेको जिल्ला वा जुन जिल्लामा काम भएको छ सोही जिल्लाको जिल्ला अदालत मध्ये जुन जिल्लाको जिल्ला अदालतमा फिरादपत्र दायर भएको छ सोही अदालतले त्यस्तो मुद्दाको सुनुवाई, कारबाही र किनारा गर्नु पर्नेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "प्रतिवादी रहेको जिल्ला" भन्नाले प्रतिवादी बसोबास गरेको जिल्ला सम्झनु पर्छ र सो शब्दले कानूनी व्यक्तिको हकमा त्यस्तो व्यक्तिको प्रधान कार्यालय रहेको जिल्ला समेतलाई जनाउँनेछ ।

(२) वादी तथा प्रतिवादी दुवैले वादी वा प्रतिवादी रहेको इलाका बाहेक नेपालभित्र अरु ठाउँमा लेनदेन कारोबार गरेकोमा सो कारोवार गरेको इलाकाको वा वादी रहेको इलाकाको जिल्ला अदालत मध्ये जुन जिल्ला अदालतमा फिरादपत्र दायर भएको छ, सोही जिल्ला अदालतले त्यस्तो मुद्दाको सुनुवाई, कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विषयको मुद्दा दायर गर्दा दुई जनाभन्दा बढी प्रतिवादी भएमा सबैभन्दा बढी प्रतिवादीहरु रहेको जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।

तर समान संख्याका प्रतिवादी एकभन्दा बढी जिल्लामा रहे बसेकोमा त्यस्तो प्रतिवादी रहे बसेको जिल्लाको कुनै जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने छ ।

२०. **<u>विदेशमा भएको कारोबार सम्बन्धी मुद्दाको अधिकारक्षेत्र :</u>** दफा १८ र १९ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा भएको लेनदेन व्यवहार वा करार सम्बन्धी विषयमा नेपालको कुनै अदालतमा मुद्दा दायर हुन सक्ने व्यवस्था भएकोमा वादी वा प्रतिवादी




नेपाल कानून आयोग

बसोबास गरेको जिल्लाको जिल्ला अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ ।

२१. **<u>नेपाली वायुयान र पानी जहाजभित्र भएको कारोबारको अधिकारक्षेत्र :</u>** कानून बमोजिम नेपालमा दर्ता भएको वायुयान वा पानी जहाज नेपाल वाहिर रहेको अवस्थामा त्यस्तो वायुयान वा जहाजभित्र भएको कुनै कारोबारको सम्बन्धमा मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र दफा २० को अधीनमा रही नेपालको अदालतलाई हुनेछ ।

२२. **<u>माथिल्लो अदालतलाई अधिकारक्षेत्र हुने:</u>** कानून बमोजिम तल्लो तह र माथिल्लो तहको अदालतको अधिकार क्षेत्रभित्र पर्ने कुनै विषयमा तल्लो र माथिल्लो दुवै तहको अदालतमा मुद्दा दायर भएमा माथिल्लो तहको अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ ।

२३. **<u>अदालतलाई अधिकार क्षेत्र हुने:</u>** कानून बमोजिम कुनै विषयको मुद्दा अदालत र अन्य न्यायिक निकाय दुवैमा दायर भएकोमा अदालतलाई मुद्दाको कारबाही, सुनवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ ।

२४. **<u>राष्ट्रसेवक वादी वा प्रतिवादी भएको मुद्दाको अधिकारक्षेत्र:</u>** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राष्ट्रसेवकले पदीय हैसियतमा फिरादपत्र दिंदा वा कसैले राष्ट्रसेवकलाई पदीय हैसियतमा प्रतिवादी बनाई फिरादपत्र दिंदा त्यस्तो राष्ट्रसेवक तत्काल कार्यरत  कार्यालय जिल्लाको जिल्ला अदालतमा दिनु पर्नेछ ।

(२) राष्ट्रसेवकले आफ्नो निजी हैसियतमा फिरादपत्र वा प्रतिउत्तरपत्र दिनु पर्दा प्रचलित कानूनको रीत पुऱ्याई आफू कार्यरत रहेको जिल्लाको जिल्ला अदालतमा दर्ता गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता हुन आएको फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्ने अदालतले दर्ता गरी सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पठाइएको फिरादपत्र वा प्रतिउत्तरपत्रको सम्बन्धमा सम्बन्धित जिल्ला अदालतले कानून बमोजिम आवश्यक कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

२५. **<u>सम्बन्धित जिल्ला अदालतलाई अधिकारक्षेत्र हुने:</u>** कुनै मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम कुनै अदालतलाई अधिकार क्षेत्र नतोकिएकोमा त्यस्तो

नेपाल कानून आयोग

मुद्दामा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

२६. **एउटा अदालतमा मात्र फिरादपत्र कायम रहने:** (१) कुनै व्यक्तिले एकै विषयमा भिन्न भिन्न अदालतमा भिन्ना भिन्नै फिरादपत्र दर्ता गरेको भएमा मुद्दाका दुवै पक्षको सहमतिले कुनै एक अदालतमा फिरादपत्र कायम राखी सोको जानकारी अर्को अदालतलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा सो अदालतले त्यस्तो फिरादपत्र खारेज गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पक्षहरु सहमत हुन नसकेमा जुन अदालतमा पहिले फिरादपत्र दर्ता भएको छ सोही अदालतमा दर्ता भएको फिरादपत्र कायम राखी अर्को अदालतमा रहेको फिरादपत्र खारेज गर्नु पर्नेछ।

२७. **पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्र हुने:** यस परिच्छेद बमोजिम कुनै अदालतमा मुद्दा दायर भई कारबाही, सुनुवाई र किनारा भएकोमा सो अदालतले गरेको आदेश वा फैसला उपर सोही अदालतको पुनरावेदन सुन्ने अदालतलाई कानूनमा व्यवस्था भए बमोजिम पुनरावेदनको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ।

## परिच्छेद-४

## लिखत तयार गर्ने कार्यविधि सम्बन्धी व्यवस्था

२८. **लिखत तयार गर्दा रीत पुऱ्याउनु पर्ने:** (१) लिखत तयार गर्दा जुन विषयको लिखत तयार गरिएको हो सो विषय स्पष्ट रुपमा खुलाई त्यसमा कुनै अशुद्धी र केरमेट नहुने गरी छापी, टाइप गरी वा हातले लेखी तयार गर्नु पर्नेछ र त्यस्तो लिखतसँग सम्बन्धित कारणी वा अधिकारीले सहीछाप गर्नु पर्नेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि,-

(क) "लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छ :-



नेपाल कानून आयोग

(१) घर व्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धितो बन्धक दिने गरी भएको लिखत,

(२) करार,

(३) अख्तियार दिएको लिखत, अख्तियारनामा, मञ्जुरीनामा वा त्यस्तै प्रकृतिका अन्य कागज,

(४) सरकारी कार्यालय वा संगठित संस्थामा पेश हुने कुनै पनि लिखत,

(५) अदालतमा पेश हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र, दरखास्त लगायत जुनसुकै किसिमको लिखत,

(६) सरकारी कार्यालय वा संगठित संस्थाबाट जारी हुने लिखत,

(७) त्यस्तै प्रकृतिको अन्य कुनै पनि लिखत ।

(ख) "कारणी" भन्नाले लिखतको व्यहोराबाट सहीछाप गर्नु पर्ने जिम्मेवारी भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "सरकारी कार्यालय" भन्नाले अदालत, नेपाल सरकारको कार्यालय, संवैधानिक निकाय, नेपाल सरकारको वजेट, अनुदान वा संलग्नता रहेको कार्यालय वा स्थानीय निकाय सम्झनु पर्छ ।

(घ) "संगठित संस्था" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्था र कम्पनी सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय र सामुदायिक विद्यालय समेतलाई जनाउँनेछ ।

(२) उपदफा (१) बमोजिमका लिखत तयार गर्दा कारणवश अशुद्धी भएमा वा व्यहोरा फरक परी सच्याउनु परेमा जुन वाक्य, शब्द, अंक वा अक्षर सच्याउनु पर्ने हो सोही वाक्य, शब्द, अंक वा अक्षर फरक परेको देखिने गरी केरमेट गरी जे जस्तो वाक्य,

नेपाल कानून आयोग

शब्द, अंक वा अक्षर रहनु पर्ने हो केरमेट गरिएको ठाउँभन्दा लगत्तै माथि वा तल लेखी सच्याउनु पर्नेछ र त्यसरी सच्याएको प्रत्येक ठाउँमा सम्बन्धित कारणीले सहीछाप गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम केरमेट गरी सच्याउन नसकिने भएमा वा सकिने भएमा पनि सच्याइएको व्यहोराबाट द्विविधा वा शंका उत्पन्न हुने भएमा त्यस्तो लिखतको सट्टा अर्को छुट्टै लिखत तयार गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको लिखतमा कुनै रकम उल्लेख गर्नु पर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै रकम खुलाउँदा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्यहोरा मान्य हुनेछ ।

२९. **लिखतमा सहीछाप गर्दा रीत पुऱ्याउनु पर्ने:** (१) लिखतमा सहीछाप गर्दा वा गराउँदा लेख्न जान्नेले आफ्नो नाम लेखी हस्ताक्षर गर्नु पर्नेछ र लेख्न नजान्ने व्यक्तिले ल्याप्चे सहीछाप गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका लिखतमा सहीछाप गर्दा लेख्न जान्नेले आफ्नो हस्ताक्षर र ल्याप्चे सहीछाप दुवै र लेख्न नजान्नेले ल्याप्चे सहीछाप गरी त्यस्तो लिखत भएको र कारणीले सहीछाप गरेको कुरा प्रमाणित हुने गरी सहीछाप गरेको हुनु पर्नेछ :-

(क) आफ्नो हक छाडी दिएको, दान, बकस गरेको वा धितो बन्धक राखेको सम्पत्तिसँग सम्बन्धित लिखत,

(ख) सरकारी कार्यालय वा संगठित संस्थामा दिइने अख्तियारनामा,

(ग) अंशियारबीच हुने बण्डापत्र, इच्छापत्र वा सट्टापट्टापत्र,

(घ) अंशियारबीच हुने मानो छुट्टिएको वा मानो जोडिएको लिखत,

(ङ) धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखत,

(च) ऋण फिर्ता बुझाउँदा, ऋण दिंदा गरिएको लिखतको पीठमा दरपीठ नगरी छुट्टै गरिदिएको भरपाई,

नेपाल कानून आयोग

(छ) ऋण दिए लिएको भोगवन्धकी, दृष्टिवन्धकी, लखवन्धकी समेतका लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत,

(ज) नासो धरौट लिए दिएको करार,

(झ) कपाली लिखत ।

(३) उपदफा (१) बमोजिम सहीछाप गर्दा सरकारी कार्यालय वा संगठित संस्थाबाट जारी हुने लिखतमा सम्बन्धित अधिकारीले आफ्नो नाम र दर्जा खुलाई हस्ताक्षर गर्नु पर्नेछ र त्यस्तो लिखतमा सो लिखत जारी भएको मिति उल्लेख हुनु पर्नेछ ।

३०. **लिखतमा हस्ताक्षर गर्दा पुऱ्याउनु पर्ने रीतः** (१) लेख्न जान्ने व्यक्तिले लिखतमा आफ्नो पूरा नाम, थर, वतन लेखी हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्ताक्षर गर्दा हस्ताक्षर गर्नु पर्ने मुख्य ठाउँमा पूरा हस्ताक्षर गरी अन्य ठाउँमा छोटकरीमा हस्ताक्षर गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर गर्दा एउटै विषयको लिखत एकभन्दा बढी पृष्ठको भए प्रत्येक पृष्ठको शीर र पुछारमा हस्ताक्षर गर्नु पर्ने कारणीले सो लिखतमा कुनै व्यहोरा थपघट गर्न नसक्ने गरी छोटकरी हस्ताक्षर गरी मुख्य ठाउँमा पूरा हस्ताक्षर गर्नु पर्नेछ ।

(४) कुनै लिखत गाँसिएको वा टाँसिएको भएमा गाँसिएको वा टाँसिएको प्रत्येक जोर्नी र ठाउँमा कारणीले छोटकरीमा हस्ताक्षर गर्नु पर्नेछ ।

३१. **लिखतमा ल्याप्चे सहीछाप गर्दा रीत पुऱ्याउनु पर्नेः** (१) लिखतमा ल्याप्चे सहीछाप गर्दा वा गराउँदा त्यस्तो ल्याप्चे सहीछाप गर्ने व्यक्तिको दाहिने हातको बूढी औंलाको ल्याप्चे सहीछाप लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ल्याप्चे सहीछाप गर्दा वा गराउँदा कसैको दाहिने हातको बूढी औंला नभएमा वा भएमा पनि शंख चक्रको रेखा स्पष्ट नदेखिएमा वायाँ हातको बूढी औंलाको, दुवै हातको बूढी औला नभएमा वा भएमा पनि शंख चक्रको रेखा स्पष्ट नदेखिएमा सोही कारण खुलाई दायाँ वा वायाँ हातको रेखा स्पष्ट देखिएको अरु कुनै एक औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(३) दुवै हातका बूढी औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्दा कुनै हातको बूढी औंला नभएमा वा शंख चक्रको रेखा स्पष्ट नदेखिएमा सोही हातको  रेखा स्पष्ट देखिएको अरु कुनै एक औंलाको र शंख चक्रको रेखा स्पष्ट देखिएको हातको बूढी औंलाको सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(४) दुवै हातको बूढी औंलाको ल्याप्चे सहीछाप गर्दा वा गराउँदा त्यस्तो हातको बूढी औंला नभएमा वा भएमा पनि शंख चक्रको रेखा स्पष्ट नदेखिएमा रेखा स्पष्ट देखिएका दुवै हातका अन्य कुनै एक एक औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम ल्याप्चे सहीछाप गर्दा वा गराउँदा कुनै हातको कुनै पनि औंला नभएमा वा भएपनि शंख चक्रको रेखा स्पष्ट नदेखिएमा एकैहातको भए पनि रेखा स्पष्ट देखिने आवश्यकतानुसार कुनै एक वा दुई औंलाको ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम ल्याप्चे सहीछाप गर्दा वा गराउँदा कानून बमोजिम कुनै एक वा दुवै बूढी औंलाको ल्याप्चे सहीछाप गराएकोमा बाहेक अन्य कुनै औंलाको ल्याप्चे सहीछाप गर्दा वा गराउँदा जुन बूढी औंला नभएको वा त्यसको शंख चक्रको रेखा स्पष्ट नदेखिएको कारणले अन्य औंलाको ल्याप्चे सहीछाप गरे वा गराएको हो सोही व्यहोरा सम्बन्धित लिखतमा उल्लेख गर्नु वा गराउनु पर्नेछ।

३२. **<u>हस्ताक्षर गराउनु पर्ने</u>:** ल्याप्चे सहीछाप गर्नु पर्ने कारणीको दुवै हातको बूढी औंलाको ल्याप्चे सहीछाप र हस्ताक्षर गर्नु पर्ने वा ल्याप्चे सहीछाप र हस्ताक्षर गर्नु वा गराउनु पर्ने लिखतमा दफा ३१ को अवस्था परी ल्याप्चे सहीछाप हुन नसक्ने भएमा कारणीले हस्ताक्षर गर्न सक्ने भएमा हस्ताक्षर मात्र गराई दुवै हातको कुनै पनि औंला नभएको वा भएपनि शंख चक्रको रेखा स्पष्ट नदेखिएको कारणले लिखतमा ल्याप्चे सहीछाप हुन नसकेको व्यहोरा उल्लेख गरी हस्ताक्षर गर्नु वा गराउनु पर्नेछ ।

३३. **<u>लिखत मान्य हुने</u>:** यस परिच्छेद बमोजिम हस्ताक्षर वा ल्याप्चे सहीछाप भएकोमा त्यस्तो लिखत जुनसुकै प्रयोजनका लागि पनि मान्य भई कानून बमोजिम कार्यान्वयन हुनेछ ।

३४. **<u>संरक्षक वा माथवरको लिखतमा सहीछाप गराउनु पर्ने</u>:** (१) कानून बमोजिम कसैको सहीछाप गर्नु वा गराउनु पर्ने लिखतमा दफा ३० बमोजिम हस्ताक्षर गर्न नसक्ने र दफा

३१ बमोजिम ल्याप्चे सहीछाप गर्दा वा गराउँदा त्यस्तो व्यक्तिको दुवै हातको औंला नभएमा वा भएमा पनि शंख चक्रको रेखा स्पष्ट नदेखिएमा निजको त्यस्तो संरक्षक वा माथवर हुन सक्ने व्यक्तिले कानून बमोजिम निजको तर्फबाट निजको रोहवरमा सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षक वा माथवर हुन सक्ने व्यक्तिको सहीछाप गर्दा वा गराउँदा ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्ने व्यक्तिको दुवै हातको कुनै औंला नभएको वा भएकोमा पनि शंख चक्रको रेखा स्पष्ट नदेखिएकोले निजको तर्फबाट संरक्षक वा माथवर हुन सक्ने व्यक्तिको निजको रोहवरमा सहीछाप गराएको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

३५. **<u>सहीछाप गर्न नसक्ने व्यक्तिले लिखत गर्दा पूरा गर्नु पर्ने कार्यविधि:</u>** (१) दुवै हातका कुनै पनि औंला नभएको कारणले लिखतमा ल्याप्चे सहीछाप गर्न नसक्ने व्यक्तिले हस्ताक्षर गर्न सक्ने रहेछ भने लिखत प्रमाणित गर्ने अधिकारीले सोही व्यहोरा लिखतको शीरको कुनै भागमा उल्लेख गरी निजको हस्ताक्षरमात्र गराई त्यस्तो लिखत प्रमाणित गरिदिनु पर्नेछ ।

(२) दुवै हातका कुनै पनि औंला नभएको कारणले लिखतमा ल्याप्चे सहीछाप र हस्ताक्षर पनि गर्न नसक्ने व्यक्तिले लिखत गर्नु पर्दा निजको एकासगोलको पति वा पत्नीलाई साक्षी राखी र त्यस्तो व्यक्ति नभएमा निजको संरक्षक वा निजको अपुताली खुला हुँदाका वखत प्राथमिकता क्रममा पहिलो हक प्राप्त गर्ने व्यक्तिलाई साक्षी राखी लिखत गर्ने व्यक्तिको ल्याप्चे सहीछाप र हस्ताक्षर नपरेको कारण उल्लेख गरी प्रमाणित गर्नु पर्नेछ ।

३६. **<u>विशेष समूहका व्यक्तिको तर्फबाट लिखत गर्दा रीत पुऱ्याउनु पर्ने:</u>** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन तथा वोल्न नसक्ने व्यक्तिको तर्फबाट कुनै लिखत गर्दा त्यस्तो व्यक्तिको एकासगोलको संरक्षक हुन सक्ने व्यक्ति वा संरक्षक नभए माथवर हुन सक्ने व्यक्तिको रोहवरमा निजले व्यक्त गरेको वा संकेत गरे बमोजिम ठीक छ भनी त्यस्तो व्यक्तिलाई साक्षी राख्नु पर्नेछ ।

(२) सरकारी कार्यालय वा संगठित संस्थामा कुनै लिखत पेश गर्दा वा फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र जस्ता लिखत तयार गर्दा जुन कार्यालय वा

संस्थामा त्यस्तो लिखत दाखिला गर्ने हो सोही कार्यालय वा संस्थाका प्रमुख वा निजबाट अधिकार प्राप्त व्यक्तिबाट सो कुरा प्रमाणित गरी राख्नु पर्नेछ ।

३७. **पहिचानको विवरण उल्लेख हुनु पर्नेः** (१) दफा २९ को उपदफा (२) बमोजिमका लिखत तयार गर्दा लिखतसँग सम्बन्धित मुख्य कारणीको स्पष्ट पहिचान खुल्ने गरी लिखत तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान खुलाउँदा सम्बन्धित व्यक्तिको बाबु, आमा, बाजे, बज्यै र आफ्नो सहित तीन पुस्ते विवरण, पति वा पत्नीको नाम, नागरिकता नम्वर, उमेर नागरिकता जारी भएको मिति र जिल्ला, निजको स्थायी बसोबासको ठेगाना र विदेशी नागरिक भए निजको नागरिकताको विवरण, राहदानी नम्वर, राहदानी जारी गर्ने मुलुक र राहदानी जारी भएको मिति र निजको ठेगाना, इमेल ठेगाना, फोन नम्वर उल्लेख गर्नु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम संरक्षक वा माथवरलाई रोहवरमा राखी लिखत गराउँदा संरक्षक वा माथवर भएको व्यक्तिको नाम, थर, वतन, नागरिकता नम्वर र विदेशी नागरिक भए निजको राहदानी नम्वर, राहदानी जारी गर्ने मुलुक र राहदानी जारी भएको मिति, इमेल ठेगाना र टेलिफोन नम्वर उल्लेख गर्नु पर्नेछ ।

३८. **संगठित संस्थाको विवरण उल्लेख गर्नु पर्नेः** (१) संगठित संस्थाको तर्फबाट कुनै लिखत गर्दा वा गराउँदा त्यस्तो संस्थाको स्पष्ट पहिचान खुल्ने विवरण, दर्ता नम्वर तथा रजिष्टर्ड वा प्रधान कार्यालय रहने ठाउँ उल्लेख गरी त्यसको सञ्चालकको निर्णय बमोजिम अधिकार प्राप्त व्यक्तिको यस परिच्छेद बमोजिम लिखतमा सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहीछाप गर्दा वा गराउँदा त्यस्तो संस्थाको तर्फबाट सहीछाप गर्ने व्यक्तिले ल्याप्चे सहीछाप गर्नु वा गराउनु पर्ने छैन ।

तर हस्ताक्षर गरेपछि त्यस्तो संस्थाको छाप लगाउनु पर्नेछ ।

(३) दफा ३७ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित संस्था कारणी भएको लिखतमा तीन पुस्तेको विवरण उल्लेख गर्नु पर्ने छैन ।

३९. **हस्ताक्षरमात्र पर्याप्त हुनेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पदाधिकारीले त्यस्तो पदाधिकारीको हैसियतमा कुनै लिखतमा हस्ताक्षर गर्दा,

नेपाल कानून आयोग

कुनै संगठित संस्थाका पदाधिकारीले सो हैसियतमा कुनै लिखतमा हस्ताक्षर गर्दा, कुनै अध्ययन, अनुसन्धान, छानविन वा जाँचबुझको प्रतिवेदन तयार गर्दा वा कानून बमोजिम ल्याप्चे सहीछाप आवश्यक हुने भनी उल्लेख भएका लिखतमा बाहेक अन्य लिखतमा सहीछाप गर्दा ल्याप्चे सहीछाप आवश्यक पर्ने छैन र सम्बन्धित व्यक्तिको रीतपूर्वकको हस्ताक्षर भएमा त्यस्तो लिखत रीतपूर्वक तयार गरेको मानिनेछ ।

४०. **सहीछाप पक्का मसीले गर्नु पर्ने:** (१) यस परिच्छेद बमोजिम ल्याप्चे सहीछाप गर्दा वा गराउँदा नउड्ने पक्का रंग भएको छाप वा अन्य साधनबाट औंलाको शंख चक्रको रेखा रंगाई त्यसको छाप लिखतमा गर्नु वा गराउनु पर्नेछ ।

(२) हस्ताक्षर गर्ने व्यक्तिले हस्ताक्षर गर्दा नउड्ने पक्का मसीले गर्नु पर्नेछ ।

४१. **लिखत तयार गर्दा ठाउँ र मिति उल्लेख गर्नु पर्ने:** दफा २९ को उपदफा (२) बमोजिमको लिखत तयार गर्दा लिखतको मुख्य व्यहोरा उल्लेख गरेपछि त्यसको अन्त्यमा त्यस्तो लिखत तयार भएको ठाउँ र मिति उल्लेख गर्नु पर्नेछ ।

४२. **साक्षी राख्नु पर्ने:** (१) कानून बमोजिम साक्षी राखी तयार गर्नु पर्ने लिखतमा करार गर्न योग्य कम्तीमा दुईजना व्यक्ति साक्षी राखी निजहरुको रोहवरमा लिखत बमोजिमको काम, कारोबार भएको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उल्लेख भएका साक्षीको पहिचान खुल्ने विवरण र ठेगाना उल्लेख गरी यस परिच्छेद बमोजिम सहीछाप गर्नु वा गराउनु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम तयार गरिएको लिखत कारणी आफैंले लेखेको भए सो व्यहोरा र अन्य व्यक्तिले मसौदा गरी तयार गरेको भए सोही व्यहोरा उल्लेख गरी लेखकले आफ्नो पहिचान खुल्ने विवरण र ठेगाना समेत लेखी हस्ताक्षर गर्नु पर्नेछ ।

(४) कुनै लिखत तयार गर्न कानून बमोजिम कुनै इजाजतपत्र लिनु पर्ने रहेछ भने उपदफा (३) बमोजिम मसौदा तयार गर्ने लेखकले सोको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

४३. **रीत नपुगेको लिखत मान्य नहुने:** (१) यस परिच्छेद बमोजिम रीत नपुर्‍याई तयार गरिएको लिखत मान्य हुने छैन ।

नेपाल कानून आयोग

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा लिखतको प्रकृति हेरी दुई सय रुपैयाँसम्म जरिवाना गरी त्यस्तो लिखतलाई मान्यता दिन सकिनेछ :-

(क) लेख्न जान्नेले रीतपूर्वक हस्ताक्षर मात्र गरी ल्याप्चे सहीछाप नगरेको वा ल्याप्चे सहीछाप गरेकोमा प्रष्ट नदेखिने गरी गरेको,

(ख) लेख्न जान्नेको हस्ताक्षर नगरी ल्याप्चे सहीछाप मात्र गरेको,

(ग) लिखतको पुछारमा मिति टुङ्गिएको ठाउँमा कारणीको सहीछाप नगराएको,

(घ) साक्षी नराखेको वा राखेको साक्षीको हस्ताक्षर नगराएको,

(ङ) नाम, थर, वतन र दर्जा भए सो समेत लेख्नु पर्नेमा थर, वतन वा दर्जा मध्ये कुनै वा सबै छुटाएको ।

४४. **कारणीले गरेको लिखत मान्य हुने**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लिखत कारणी स्वयम्ले आफ्नो हस्ताक्षरबाट लेखिएको कुरा प्रमाणित भएमा त्यस्तो लिखत कानून बमोजिम मान्य हुनेछ ।

४५. **अक्षर बुझिने गरी थपी लिखत दर्ता गर्न सकिने:** (१) सरकारी कार्यालय वा संगठित संस्थामा दर्ता गर्न ल्याएको लिखतमा अक्षर बुझिने गरी थपी केरमेट गरी दर्ता गर्न ल्याएमा सहीछाप गराई लिंदा जुन ठाउँमा अक्षर थपे वा केरमेट गरेको छ सो कुरा सोही लिखतमा कैफियत जनाई प्रमाणित गरी दर्ता गर्नु पर्नेछ ।

(२) सरकारी कार्यालय वा संगठित संस्थाबाट लेखी दर्ता गराउन ल्याएको लिखत भए त्यस्तो कार्यालय वा संस्थाको प्रमुखले वा निजबाट अधिकार प्राप्त अधिकारीले दस्तखत गरी दर्ता गर्न सकिनेछ ।

(३) कुनै लिखत उपदफा (१) वा (२) बमोजिम रीत नपुगी दर्ता गर्न नहुने भए जुन कारणले दर्ता गर्न नहुने हो सो कारण स्पष्ट खुलाई सो लिखतकै पीठमा लेखी मिति समेत राखी सो कार्यालय वा संस्थाका प्रमुखले दस्तखत गरी दर्ता गर्न ल्याउनेको भरपाई गराई लिखत फिर्ता दिनु पर्नेछ ।



नेपाल कानून आयोग

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय वा संगठित संस्थामा दर्ता भएको कुनै पनि लिखत कसैलाई फिर्ता दिई अर्को साटी लिन र अङ्क अक्षर थपी मेटी, केरी, घटी बढी पार्न हुँदैन ।

४६. **<u>लिखतको प्रतिलिपि उपलब्ध गराउनु पर्नेः</u>** (१) अदालतमा दायर भएको फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र, वादी वा प्रतिवादीले पेश गरेका प्रमाण सम्बन्धी लिखत र फैसला लगायत मुद्दाको मिसिल संलग्न कागजपत्रको प्रतिलिपि मुद्दामा सरोकार भएको जुनसुकै व्यक्ति वा निजको कानून व्यवसायीले माग गरी निवेदन दिएमा अदालतले यथाशिघ्र उपलब्ध गराउनु पर्नेछ ।

तर फैसलाको प्रतिलिपि जुनसुकै कानून व्यवसायीले लिन पाउनेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक सरकारी कार्यालय वा संगठित संस्थामा रहेको लिखतको सरोकारवाला जुनसुकै व्यक्तिले सम्बन्धित लिखतमा आफ्नो सरोकार रहेको व्यहोरा खुलाई प्रतिलिपि माग गरी सम्बन्धित कार्यालय वा संगठित संस्थामा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रतिलिपि उपलब्ध गराउँदा सम्बन्धित व्यक्तिले आफैंले प्रतिलिपि सारी लिंदा वा छाँयाप्रति बनाई लिएकोमा ए-फोर साइजको प्रतिपृष्ट पाँच रुपैयाँ र अदालत वा अन्य सरकारी कार्यालय वा संगठित संस्थाबाट नै प्रतिलिपि बनाई उपलब्ध गराउँदा सोही साइजको प्रतिपृष्ट दश रुपैंयाँ दस्तुर लाग्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिलिपि उपलब्ध गराउँदा जुन व्यक्तिको माग बमोजिम प्रतिलिपि उपलब्ध गराइएको हो सो व्यक्तिको माग बमोजिम प्रतिलिपि उपलब्ध गराइएको र प्रतिलिपि सक्कल प्रति बमोजिम नै रहेको व्यहोरा प्रतिलिपिको पहिलो पृष्ठमा उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरिदिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम गोप्य राख्नु पर्ने वा सार्वजनिक गर्न नहुने लिखत वा अदालतले सार्वजनिक नगर्न आदेश दिएको लिखतको प्रतिलिपि दिन सम्बन्धित अदालत, अन्य सरकारी कार्यालय वा संगठित संस्था बाध्य हुने छैन ।

नेपाल कानून आयोग

## परिच्छेद-५

## हदम्याद सम्बन्धी व्यवस्था

४७. **हदम्यादभित्र फिराद गर्नु पर्ने:** (१) कुनै विषयमा कुनै अदालतमा फिरादपत्र दायर गर्न कानून बमोजिम कुनै निश्चित समयावधि तोकिएकोमा त्यस्तो समयावधिलाई हदम्यादको व्यवस्था भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो हदम्यादभित्र अदालतमा फिरादपत्र दायर गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी कुनै व्यक्ति फिरादपत्र दायर गर्न अदालतमा उपस्थित भएमा निजको फिरादपत्र दर्ता हुने छैन र कुनै कारणवस दर्ता हुन गएको रहेछ भने पनि त्यस्तो फिरादपत्र खारेज हुनेछ।

४८. **हदम्यादको व्यवस्था नभएकोमा फिराद गर्न सकिने:** कुनै विषयमा फिरादपत्र दिने सम्बन्धमा कानूनमा कुनै हदम्याद उल्लेख नभएको भए फिराद गर्नु पर्ने कारण परेको मितिले छ महिनाभित्र फिराद गर्न सकिनेछ।

४९. **हदम्याद प्रारम्भ हुने:** (१) कुनै विषयमा फिराद गर्नु पर्ने अवस्था भएमा जुन कानून बमोजिम हदम्यादको व्यवस्था भएको छ सोही कानून बमोजिम नै हदम्याद प्रारम्भ भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम हदम्याद प्रारम्भ हुने सम्बन्धमा कानूनी व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण परेको मितिले हदम्याद प्रारम्भ भएको मानिनेछ।

५०. **थाहा पाएको मितिले फिराद गर्न सकिने:** (१) धोका, कीर्ते, जालसाजी वा षड्यन्त्रको फलस्वरुप वा त्यस्तै अन्य कुनै कारणवस फिराद दिनु पर्ने कारण परेको वा गोप्य रुपमा कुनै काम भई थाहा पाउन सक्ने स्थिति नभई कसैको हदम्याद गुज्रन गएकोमा निजले त्यस्तो कुरा थाहा पाएको मितिले पैंतीस दिनभित्र सोही व्यहोरा उल्लेख गरी फिराद दिन आएमा दफा ४८ वा ४९ मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले यस परिच्छेदको अधीनमा रही त्यस्तो फिरादपत्र दर्ता गरी कारबाही गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकार वा कुनै संगठित संस्थाले फिराद गर्नु पर्ने कुराको हकमा सम्बन्धित कार्यालय वा संगठित संस्थालाई जानकारी भएको मितिलाई फिरादपत्रवालाले थाहा पाएको मिति मानिनेछ।

५१. **<u>बिदा पछि फिरादपत्र दर्ता हुन सक्ने</u>**: (१) हदम्याद पुग्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यस्तो बिदा पछि लगत्तै अदालत खुलेको पहिलो दिन फिरादपत्र दर्ता गर्न माग गरेमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र दर्ता भएकोमा हदम्यादभित्र नै फिरादपत्र दर्ता भएको मानिनेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "सार्वजनिक बिदा" भन्नाले नेपाल सरकारले सरकारी कार्यालय वा अदालत बिदा हुने भनी सूचित गरेको पूरै वा आधा दिनको बिदालाई जनाउँनेछ।

५२. **<u>नावालिग वा होस ठेगानमा नरहेको व्यक्तिको हदम्याद प्रारम्भ हुने</u>**: (१) फिरादपत्र गर्नु पर्ने कुनै व्यक्ति नावालिग भएमा निज वालिग भएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ।

(२) हदम्याद प्रारम्भ हुनुभन्दा अघि नै फिराद गर्नु पर्ने व्यक्तिको होस ठेगानमा नरहेमा निजको होस ठेगानमा आएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ।

(३) हदम्याद प्रारम्भ भएपछि कुनै व्यक्तिको होस ठेगानमा नरहेमा हदम्याद प्रारम्भ र अन्त्य हुँदा जति अवधि निजको होस ठेगानमा नरहेको अवस्था रहन्छ त्यति नै अवधि गणना गरी हुन आउने हदम्यादको अवधिभित्र फिराद दिएमा हदम्याद भित्रनै फिरादपत्र परेको मानिनेछ।

तर होस ठेगानमा नरहेको व्यक्ति होस ठेगानमा आएपछि बाँकी रहन आउने हदम्यादको अवधि पन्ध्र दिनभन्दा कम हुने भएमा पन्ध्र दिनको अवधि हदम्याद बाँकी रहेको मानिनेछ।

५३. **<u>हकवालाको हदम्याद प्रारम्भ हुने</u>**: (१) फिरादपत्र गर्नु पर्ने नावालिग वा होस ठेगानमा नरहेको व्यक्ति वालिग वा होस ठेगानमा रहेको अवस्था नहुँदै निजको मृत्यु भएमा निजको मृत्यु भएको मितिले हदम्यादभित्र निजको हकवालाले फिराद गर्न पाउनेछ।

(२) कुनै नावालिग वालिग भए पछि पैंतीस दिन वा सोभन्दा बढी अवधि हदम्याद बाँकी रहेको अवस्थामा निजको मृत्यु भएमा बाँकी हदम्यादभित्र र पैंतीस दिनभन्दा कम अवधिको हदम्याद बाँकी रहेको अवस्थामा निजको मृत्यु भएमा पैंतीस दिनभित्र हकवालाले फिराद गर्न पाउनेछ।

(३) होस ठेगानमा नरहेको कुनै व्यक्ति होस ठेगानमा आएपछि पैंतीस दिन वा सोभन्दा बढी हदम्याद बाँकी रहेको अवस्थामा निजको मृत्यु भएमा बाँकी हदम्यादभित्र र पैंतीस दिनभन्दा कम हदम्याद बाँकी रहेको अवस्थामा निजको मृत्यु भएमा पैंतीस दिनभित्र निजको हकवालाले फिराद गर्न पाउनेछ।

५४. **संरक्षकले फिराद गर्न सक्ने:** दफा ५२ वा ५३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नावालिग वा होस ठेगानमा नरहेको व्यक्तिको हकमा कानून बमोजिम निजको संरक्षक भए संरक्षकले यस परिच्छेद बमोजिम कानूनको हदम्यादभित्र फिरादपत्र दिन सक्नेछ।

५५. **हदम्याद स्थगन नहुने:** संयुक्त रुपमा फिराद गर्नु पर्ने अवस्थाका व्यक्तिहरु मध्ये कुनै व्यक्ति नावालिग वा होस ठेगानमा नरहेको भए तापनि त्यस मध्येका अन्य व्यक्तिहरुको हकमा हदम्याद स्थगन हुने छैन।

तर त्यस्तो नावालिग वा होस ठेगानमा नरहेको व्यक्ति वालिग भएपछि वा निजको होस ठेगानमा आएपछि दफा ५२ को अधीनमा रही छुट्टै फिरादपत्र दिन सक्नेछ।

५६. **विदेशमा भएको कारोबारको हदम्याद:** विदेशमा भएको कुनै काम, कारबाही वा कारोबारको सम्बन्धमा कानून वा करार बमोजिम नेपालको कुनै अदालतमा फिरादपत्र लाग्ने व्यवस्था भएकोमा त्यस्तो काम, कारबाही वा कारोबार नेपालभित्र नै भए गरे सरह यस परिच्छेदको अधीनमा रही फिराद गर्न सकिनेछ।

५७. **अधिकार क्षेत्र नभएको अदालतमा दिएको फिरादको हदम्याद:** कानून बमोजिम कसैले कुनै अदालत समक्ष फिराद दिएकोमा प्रतिवादीको प्रतिउत्तरपत्र वा अरु कुनै कारणबाट त्यस्तो अदालतले त्यस्तो फिरादको सम्बन्धमा कारबाही र किनारा गर्ने अधिकार क्षेत्र नभएको देखिएमा त्यस्तो अदालतले तत्सम्बन्धमा कारबाही टुङ्ग्याएको मितिबाट सम्बन्धित व्यक्तिलाई फिराद गर्ने हदम्याद प्रारम्भ भएको मानिनेछ।

तर-

(१) फिराद गर्दाकै अवस्थामा अधिकार क्षेत्र नभएको भनी सो अदालतले दरपीठ गरेकोमा अधिकार क्षेत्र नभएको अदालत समक्ष कारबाही चलेको कारणले मात्र यस दफा बमोजिम फिरादपत्र दिन हदम्याद थप हुन सक्ने छैन ।

(२) फिरादपत्र दर्ता भएको अदालतलाई त्यसको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र नभएको हो भन्ने कुरा थाहा भएपछि त्यस्तो अदालतले फिरादको टुङ्गो नलगाएको कारणले मात्र कानून बमोजिमको हदम्यादभित्र सक्षम अदालतमा फिराद गर्न सम्बन्धित व्यक्तिलाई वाधा पुगेको मानिने छैन ।

(३) कानून बमोजिम हदम्याद गुज्रिसकेपछि पनि हदम्याद ढाँटी फिरादपत्र दर्ता गराएकोमा फिरादपत्र दर्ता गराएको कारणले मात्र अधिकारक्षेत्र कायम हुन सक्ने छैन ।

५८. **<u>हदम्याद नगुज्रने:</u>** कसैको देहाय बमोजिमको काबु बाहिरको परिस्थिति उत्पन्न भई हदम्यादभित्र फिरादपत्र दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरी निजले देहायको अवधिभित्र फिरादपत्र दर्ता गर्न ल्याएमा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ५९ को अधीनमा रही अदालतले त्यस्तो फिरादपत्र दर्ता गरी कारबाही गर्नेछ :-

(क) सम्बन्धित व्यक्तिको कोही मरी आफै किरिया बस्नु परेको रहेछ भने किरिया समाप्त भएको मितिले बाटाको म्याद वाहेक सात दिन,

(ख) सम्बन्धित व्यक्ति महिला भई सुत्केरी भएको रहेछ भने सुत्केरी भएको मितिले बाटाको म्याद वाहेक तीस दिन,

(ग) खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले यातायातको साधन नचलेको रहेछ भने बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद वाहेक दश दिन,

नेपाल कानून आयोग

(घ) सम्बन्धित व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको रहेछ भने सोबाट मुक्त भएको मितिले बाटोको म्याद वाहेक सात दिन,

(ङ) भूकम्प आदि जस्ता दैवी वा प्राकृतिक प्रकोप परेको रहेछ भने सो भएको मितिले बाटाको म्याद वाहेक दश दिन ।

५९. **<u>हदम्याद गुज्रनाको कारणको प्रमाण पेश गर्नु पर्नेः</u>** (१) दफा ५० वा ५८ बमोजिम फिराद गर्दा हदम्यादभित्र फिराद गर्न नसकेको कारण फिरादपत्र वा छुट्टै निवेदनमा उल्लेख गर्नु पर्नेछ र त्यसलाई पुष्टि गर्न आवश्यक पर्ने निस्सा वा प्रमाण पनि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र पेश गर्दाकै अवस्थामा हदम्यादभित्र फिराद गर्न नसकेको कारणको निस्सा वा प्रमाण पेश गर्न नसक्ने व्यक्तिले यसको लागि म्याद मागेमा अदालतले त्यस्तो निस्सा वा प्रमाण पेश गर्नको निमित्त पन्ध्र दिनमा नबढाई उपयुक्त ठहराएको म्याद दिन सक्नेछ ।

६०. **<u>स्वीकृति प्राप्त गरेको मितिबाट हदम्याद शुरु हुनेः</u>** कुनै व्यक्ति, संस्था वा पदाधिकारीको विरुद्ध फिराद गर्नु अघि कानून बमोजिम कसैको स्वीकृति प्राप्त गर्नु पर्ने गरी कुनै कानूनमा व्यवस्था भएको रहेछ भने सम्बन्धित व्यक्तिले त्यस्तो स्वीकृतिको सूचना प्राप्त गरेको मितिबाट तत्सम्बन्धमा फिराद गर्ने हदम्याद प्रारम्भ भएको मानिनेछ ।

६१. **<u>अधिकारी नतोकिएसम्म हदम्यादको गणना नहुनेः</u>** कुनै कानून अन्तर्गत मुद्दा हेर्ने अधिकारी, अदालत वा निकाय तोक्ने अधिकार नेपाल सरकार वा अन्य कुनै निकाय वा पदाधिकारीलाई भएकोमा त्यस्तो अधिकारी, अदालत वा निकाय हदम्यादभित्र तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा तोकिएको मितिबाट सम्बन्धित कानून अन्तर्गत पैंतीस दिनभित्र फिरादपत्र गर्नु पर्नेछ ।

६२. **<u>हदम्याद सम्बन्धी अवधिको गणनाः</u>** (१) हदम्यादको अवधि दिन गन्तीमा तोकिएको भए जति दिन तोकिएको छ त्यति नै दिन गन्तिको हिसाबले गणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिन गन्ति गर्दा हदम्याद प्रारम्भ भएको भोलिपल्टदेखि गणना गरी हदम्यादको अवधि कायम गर्नु पर्नेछ ।

(३) हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भएपनि संक्रान्तिको हिसाबले जति महिना तोकिएको हो त्यति नै महिनाको हिसाबले गणना गर्नु पर्नेछ ।

(४) हदम्यादको अवधि वर्षमा तोकिएको भए बाह्र महिनाको अवधिलाई एक वर्ष मानी जति वर्ष तोकिएको हो त्यति नै वर्षको हिसाबले गणना गर्नु पर्नेछ ।

परिच्छेद-६

**अदालती शुल्क सम्बन्धी व्यवस्था**

६३. **अदालती शुल्क तिर्नु पर्नेः** (१) अदालतमा फिरादपत्र वा पुनरावेदनपत्र दिंदा वा अदालतमा कुनै प्रतिदावी लिंदा अदालती शुल्क (कोर्ट फी) लाग्नेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई  पाउँ भनी दिएको निवेदनमा पुनरावलोकन गर्ने वा दोहोऱ्याउने आदेश भएमा अदालती शुल्क तिर्नु पर्नेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "अदालती शुल्क" भन्नाले फिरादपत्र वा पुनरावेदनसाथ लिइने वा मुद्दा पुनरावलोकन वा दोहोऱ्याउन  दिंदा लिइने शुल्क सम्झनु पर्छ र सो शब्दले प्रतिदावी लिनेले प्रतिदावी लिए वापत बुझाउने शुल्क समेतलाई जनाउँनेछ ।  (३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी हुने मुद्दा, कानून बमोजिम स्थानीय निकायले निर्णय गर्ने मुद्दा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको निकायबाट कारबाही हुने मुद्दाको हकमा यस परिच्छेद बमोजिम अदालती शुल्क लाग्ने छैन ।

६४. **अदालती शुल्क दाखिल नगरी मुद्दाको कारबाही हुन नसक्नेः** (१)  कसैले पनि यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क दाखिल नगरी अदालतमा कुनै फिरादपत्र वा पुनरावेदनपत्र दिन वा प्रतिदावी लिन वा कुनै मुद्दा पुनरावलोकन गरी वा दोहोऱ्याई  हेर्न र सो उपर कुनै कारबाही हुन सक्ने छैन ।

(२) यस परिच्छेदमा अन्यत्र उल्लेख भएकोमा बाहेक अदालती शुल्क दाखिल नगरी दर्ता भएको फिरादपत्र, पुनरावेदनपत्र वा पुनरावलोकन गरी वा दोहोऱ्याई  हेरिने मुद्दा खारेज हुनेछ ।

नेपाल कानून आयोग

६५. **अदालती शुल्क नलिई मुद्दा हेरिन सक्ने:** (१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा न्यायाधीशले कारण सहितको पर्चा खडा गरी पूर्ण वा आंशिक रुपमा अदालती शुल्क पछि लिने गरी फिरादपत्र, पुनरावेदनपत्र, प्रतिदावी दर्ता गर्ने वा मुद्दा पुनरावलोकन वा दोहोऱ्याई हेर्ने आदेश दिन सक्नेछ :-

(क) अदालती शुल्क तिर्नु पर्ने व्यक्तिले आफू नितान्त गरीव भई लाग्ने अदालती शुल्क पूर्ण वा आंशिक रुपमा बुझाउन असमर्थ भएको कारण जनाई निवेदन दिएमा र सो विषयमा न्यायाधीशले विश्वास गर्नु पर्ने कुनै मनासिव आधार भएमा,

(ख) अदालती शुल्क तिर्नु पर्ने व्यक्तिको मुद्दा परेको सम्पत्ति बाहेक अन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिल गर्न असमर्थ छ भनी सम्बन्धित स्थानीय निकायबाट सिफारिस भई आएमा वा सो व्यक्तिको निवेदन परी सो विषयमा न्यायाधीशले विश्वास गर्नु पर्ने मनासिव आधार भएमा ।

(२) उपदफा (१) बमोजिम न्यायाधीशबाट पूर्ण वा आंशिक रुपमा अदालती शुल्क पछि लिने गरी आदेश भएमा सम्बन्धित कर्मचारीले के कति अदालती शुल्क लिएको हो र के कति लिन बाँकी छ स्पष्ट लेखी सोको अभिलेख मिसिल साथ राख्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक सम्पति उपयोग सम्बन्धी विषयको मुद्दामा अदालती शुल्क लाग्ने छैन ।

६६. **सम्पत्तिको मूल्य वा विगो खुलाउनु पर्ने:** (१) फिरादपत्र दिंदा जुन सम्पत्ति दावी गरिएको वा दावी छुटाई पाउँ भनिएको हो सो सम्पत्तिको स्पष्ट रुपमा नगदमा मूल्य वा विगो खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा बाहेक गरी दिनु पर्ने कुरा गरी दिएन वा गर्नु नपर्ने कुरा गऱ्यो वा गर्न लाग्यो भन्ने मात्र दावी गरेकोमा त्यस्तो दावी समेत स्पष्ट रुपमा फिरादपत्रमा खुलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दावी गरी फिरादपत्र दिएकोमा पछि मूल्य वा बिगो दिलाउने गरी निर्णय गर्नु पर्ने भएमा अदालतले सो निर्णय गर्नु अघि फिरादपत्र दिने व्यक्तिबाट त्यस्तो मूल्य वा विगो बमोजिम अदालती शुल्क दाखिला गर्न लगाउनु पर्नेछ ।



नेपाल कानून आयोग

६७. **मूल्य वा विगो कायम गर्ने आधारः** अदालती शुल्क दाखिला गर्ने प्रयोजनको लागि दफा ६६ बमोजिम अचल सम्पत्तिको मूल्य वा विगो देहायको प्राथमिकताक्रमको आधारमा कायम गर्नु पर्नेछ :-

(क) रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको दस्तुर,

(ख) करको प्रयोजनको लागि नेपाल सरकारले कुनै मूल्य निर्धारण गरेको भए त्यस्तो मूल्य,

(ग) स्थानीय प्रचलित मूल्य ।

६८. **अदालती शुल्क लिंदा आधार लिइने मूल्य वा विगो**ः अदालती शुल्क लिंदा देहायका मूल्य वा विगोको आधारमा अदालती शुल्क लिनु पर्नेछ :-

(क) नगदको हक कायम गर्नु वा दावी छुटाई दिनु पर्नेमा जति रकम हक कायम गर्नु वा छुटाउनु पर्ने हो सो अङ्क,

(ख) सुन, चाँदी दिलाउन वा दावी छुटाउन पर्नेमा नेपाल राष्ट्र बैङ्कले कायम गरेको दरले हुन आउने अङ्क र सो नभएमा प्रचलित बजार मूल्यको आधारमा हुन आउने अङ्क,

(ग) खण्ड (ख) मा उल्लेख भए बाहेक अन्य चल सम्पत्ति दिलाउन वा छुटाउनु पर्नेमा सो सम्पत्तिको प्रचलित बजार मूल्यका आधारमा हुन आउने अङ्क,

(घ) धितोपत्र, ऋृणपत्र दिलाउन वा दावी छुटाउनु पर्ने भए धितोपत्र बजारले कायम गरेको मूल्य,

(ङ) खण्ड (ग) बमोजिम प्रचलित वजार मूल्य यकिन नभएका चल सम्पत्तिको हकमा वादीले कायम गरेको मूल्य वा विगोको अङ्क,

(च) जग्गाको आयस्ता दावी गरेकोमा दैवी नपरेका अघिल्लो सालको आयस्ताको अङ्क,

नेपाल कानून आयोग

(छ) अचल जग्गा जमिन पक्री दावी गरेको वा हक दावा पक्राउ छुटाई दिनु पर्नेमा फिरादवालाले दफा ६६ बमोजिम कायम गरी ल्याएको मूल्य र विगोको अङ्क,

(ज) दैवी परेको जग्गाको आयस्ता मिन्हा गरी दिएन भन्ने दावी गरेकोमा मिन्हा गर्न दावी गरेको अङ्क,

(झ) जग्गाको आयस्ता बाहेक अन्य मिन्हा गर्न दावी गरेकोमा त्यसरी मिन्हा गर्न दावी गरेको अङ्क,

(ञ) गुठी, महंत्याही, पूजाहारी, भण्डारे आदिको हक दावी गरेको, दावी छुटाई दिनु पर्ने वा सो कामबाट छुटकारा गरी पाउँ भन्ने दावी गरेकोमा गुठीको काम चलाई खान पाउने शेष बाँकीको अङ्कबाट र अरु दावी गरेकोमा ठेकिएको जग्गाको अङ्क वा बिगोबाट र जग्गा नठेकिएकोमा खान पाउने एक सालको खान्गी आयस्ताको अङ्क,

(ट) ठेक्का रकमको हक दावी गरेको वा हक दावी छुटाई दिनु पर्नेमा जति सालको ठेक्का रकम दावी गरेको हो त्यति सालको ठेक्का अङ्क र आयस्ता नोक्सानी मात्र दावी गरेकोमा दावी गरेको आयस्ता नोक्सानीको अङ्क,

(ठ) अचल सम्पत्ति बन्धकीको हकमा लिखतमा लेखिएको बिगोको अङ्क,

(ड) दामासाही वा भाखा गरी दिनु पर्नेमा असामीले देखाएको बिगोको अङ्क,

(ढ) तलब, भत्ता वा किस्ता नदिएकोले दिलाई दिन दावी गरेमा सो दावीको अङ्क,

(ण) मजूरी नोक्सानी हर्जाना दावी गरेकोमा सो दावी गरेको मूल्यको अङ्क,

(त) साँवा, मुनाफा, लाभांश, वोनस, दान बकस, ब्याज, घर, पसल बहाल वा कुनै सम्पत्ति दावी गरेकोमा त्यस्तो सम्पत्तिको अङ्क,

(थ) कुनै क्षतिपूर्ति दावी गरेकोमा त्यसरी दावी गरेको अङ्क,

(द) करार बमोजिम गराई वा भराई पाउन दावी गरेकोमा त्यसरी गराउन वा भराउन दावी गरेको अङ्क ।

नेपाल कानून आयोग

६९. **अदालती शुल्कको दरः** फिरादपत्र दिंदा दफा ६८ बमोजिम दावी गरेको वा दावी छुटाई पाउँ भनेको मूल्य वा बिगोको अङ्कबाट देहाय बमोजिमको दरले अदालती शुल्क लाग्नेछः-

(क) पहिलो दुई हजार रुपैयाँसम्मको लागि दुईसय रुपैयाँ,

(ख) पच्चीस हजार रुपैयाँसम्म भएमा दोस्रो तेईस हजारसम्मको लागि सयकडा चारका दरले,

(ग) एक लाखरुपैयाँसम्म भए तेस्रो पचहत्तर हजार रुपैयाँसम्मको लागि सयकडा तीनका दरले,

(घ) दुई लाख पचास हजार रुपैयाँसम्म भए चौथो एक लाख पचास हजार रुपैयाँसम्मको लागि सयकडा दुईका दरले,

(ङ) दुई लाख पचास हजार रुपैयाँभन्दा जतिसुकै भएपनि बढी अंक जतिको लागि सयकडा एकको दरले ।

७०. **एकमुष्ट अदालती शुल्क लाग्ने**: (१) दफा ६९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै विषय र सोसँग सम्बन्धित मुद्दामा एकमुष्ट पाँच सय रुपैयाँ अदालती शुल्क लाग्नेछः-

(क) जग्गाको दर्ता वा नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर,

(ख) रसिद तथा भरपाईको दावी,

(ग) लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदि फट्टाको माग दावी,

(घ) घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने माग दावी,

(ङ) बाँध, पैनी वा कुलो बनाउन वा सोबाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दावी,

(च) निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल, ढोका वा कौशी राख्ने, थप्ने वा वन्द गर्ने माग दावी,

(छ) कुनै काम नगर्नु वा नगराउनु वा कुनै काम गर्न लगाउन निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको माग दावी वा त्यस्तो आदेशको वदर,

(ज) कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण,

(झ) सम्बन्ध विच्छेद,

(ञ) नाता कायम,

(ट) कुनै व्यक्तिको मृत्युको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा वदर वा सोको संशोधन सम्बन्धी माग दावी,

(ठ) दामासाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने माग दावी,

(ड) गुठी सञ्चालक नियुक्ति वा वदर

(ढ) संरक्षक नियुक्ति वा वदर,

(ण) माथवरको नियुक्ति वा वदर,

(त) फलोपभोगको दावी वा वदर,

तर मूल्य उल्लेख भएकोमा मूल्यका आधारमा अदालती शुल्क लाग्नेछ ।

(थ) सुविधाभारको दावी वा वदर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दामा एक हजार रुपैयाँ अदालती शुल्क लाग्नेछ :-

(क) अंश लाग्ने सम्पत्तिमा अंशको भाग यकिन गरी वा दिलाई दिने माग दावी,

(ख) लिखत वा कागज वदर ।

७१. **अदालती शुल्क लिने सम्बन्धी विशेष व्यवस्था**: (१) दफा ७० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दामा देहाय बमोजिम अदालती शुल्क लाग्नेछ :-

(क) वादी वा पुनरावेदकको जिकिरबाट कुनै सम्पत्तिको हक वेहक गर्नु पर्ने भएमा दफा ६८ बमोजिम,

(ख) अंश मुद्दामा फिरादपत्र साथ सम्पत्तिको फाँटवारी पेश नभई प्रतिउत्तर साथ पेश भएको वा अदालतले मागेको फाँटवारी

नेपाल कानून आयोग

बमोजिम सम्पत्तिको विगो कायम भएकोमा त्यस्तो विगोको हिसावले,

(ग) साँवा र व्याज दुवै दावी गरी फिरादपत्र दिएकोमा फिरादपत्र दिएको मितिसम्मको व्याजको हुने अंकबाट,

(घ) फैसला हुँदा व्याज समेत भराउने निर्णय भएमा फिरादपत्र दायर भएको मितिदेखि फैसला कार्यान्वयन हुँदासम्मको कानून बमोजिम हुने व्याजको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा मूल्य वा विगो खुलेकोमा यस परिच्छेदको अन्य दफामा उल्लेख भए बमोजिम मूल्य वा विगोको आधारमा र मूल्य वा विगो नखुलेको अन्य जुनसुकै मुद्दामा दफा ७० को अधीनमा रही एक हजार रुपैयाँ अदालती शुल्क लाग्नेछ।

७२. **मुद्दा परेको दिनको अघिल्लो दिनको मूल्य कायम गर्ने:** यस परिच्छेद बमोजिम अदालती शुल्क लिने प्रयोजनको लागि कुनै सम्पत्तिको मूल्य कायम गर्दा जुन दिन मुद्दा दायर भएको हो सो दिनभन्दा अघिल्लो दिनको मूल्यलाई आधार लिई मूल्य कायम गरिनेछ।

७३. **पुनरावेदन गर्दा लाग्ने अदालती शुल्क:** (१) मूल्य वा विगो खुलेको मुद्दामा जुनसुकै तहमा पुनरावेदन गर्दा जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको सयकडा पन्ध्रको दरले अदालती शुल्क लाग्नेछ।

(२) विगो नखुलेको अंश मुद्दामा जुनसुकै तहमा पुनरावेदन दिंदा फिरादपत्र दर्ता गर्दा लागे सरहको अदालती शुल्क लाग्नेछ।

(३) पहिलो तहको पुनरावेदन सुन्ने अदालतले गरेको पुनरावेदन फैसला उपर दोस्रो तहको अदालतमा पुनरावेदन दिएकोमा जुन हदसम्म चित्त नबुझी पुनरावेदन गर्ने हो सोही हदसम्म फिरादपत्र दर्ता गर्दा लाग्ने अदालती शुल्कको पन्ध्र प्रतिशतको दरले अदालती शुल्क लाग्नेछ।

७४. **पुनरावलोकन वा मुद्दा दोहोऱ्याई हेर्दा लाग्ने अदालती शुल्क:** कानून बमोजिम कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदन उपर पुनरावलोकन वा मुद्दा दोहोऱ्याई दिने गरी आदेश भएमा जुन हदसम्म चित्त नबुझी पुनरावलोकन वा

नेपाल कानून आयोग

दोहोऱ्याई  पाउन माग दावी गरेको हो सोही हदसम्म त्यति कुरामा फिरादपत्र दर्ता गर्दा लागेको अदालती शुल्कको पन्ध्र प्रतिशतको दरले अदालती शुल्क लाग्नेछ ।

७५. **फैसला बमोजिम लागेको अदालती शुल्क र दण्ड जरिवाना दाखिल गर्नु पर्ने:** (१) मुद्दाको कुनै पक्षले शुरु तहको फैसला उपर पुनरावेदन दिंदा वा पहिलो तहको पुनरावेदन सुन्ने अदालतले गरेको पुनरावेदन फैसला उपर दोस्रो तहको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्दा फैसला बमोजिम निजले अर्को पक्षलाई भराई दिनु पर्ने ठहरेको अदालती शुल्क दाखिल गर्नु पर्नेछ ।

(२) मुद्दाका कुनै पक्षले कानून बमोजिम पुनरावलोकन गरी वा मुद्दा दोहोऱ्याई पाउँ भनी निवेदन दिंदा फैसला बमोजिम लागेको अदालती शुल्क दाखिल गर्नु पर्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कुनै पक्षलाई फैसला बमोजिम कुनै दण्ड जरिवाना लागेको भए त्यस्तो दण्ड जरिवाना दाखिला नगरी वा सो वापत जमानत नदिई कुनै पुनरावेदनपत्र वा मुद्दा पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भनी दिएको कुनै निवेदनपत्र दर्ता हुने छैन ।

७६. **अदालती शुल्क नगदमा दाखिला गर्नु पर्ने :** (१) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा वाहेक अदालती शुल्क नगदमा दाखिला गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम अदालतमा अदालती शुल्क दाखिला हुन आएमा सम्बन्धित कर्मचारीले सो व्यहोरा नगदी स्रेस्तामा आम्दानी बाँधी त्यसको रीतपूर्वकको दुई प्रति रसिद तयार गरी एक प्रति अदालती शुल्क दाखिला गर्ने व्यक्तिलाई दिई अर्को प्रति सम्बन्धित मिसिलमा राख्नु पर्नेछ ।

७७. **नपुग अदालती शुल्क दाखिला गर्न लगाउने:** (१) फिरादपत्र वा पुनरावेदनपत्र दर्ता गर्दा वा फिरादपत्र वा पुनरावेदनपत्रको लेखाइबाट यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क भन्दा कम अदालती शुल्क दाखिला गर्न ल्याएको देखिएमा अदालतले सम्बन्धित व्यक्तिलाई तुरुन्त नपुग अदालती शुल्क दाखिला गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिले नपुग अदालती शुल्क तुरुन्त दाखिला गर्न नसकी म्याद मागेमा अदालतले फिरादपत्र वा पुनरावेदनपत्र दिने अन्तिम म्याद सात दिन बाँकी भए सो अवधिभित्र र सो भन्दा कम अवधि भए सात दिनभित्र नपुग अदालती शुल्क दाखिला गर्न ल्याउन सम्बन्धित व्यक्तिलाई म्याद दिनु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम लिनु पर्ने भन्दा घटी अदालती शुल्क लिएको वा बुझाएको कुरा फिरादपत्र वा पुनरावेदनपत्र दर्ता गरिसकेपछि कुनै प्रकारबाट अदालतलाई थाहा हुन आएमा वा सो विषयमा कसैको उजूरी परी जाँचबुझ गर्दा सो कुरा मनासिव देखिएमा पक्ष तारेखमा रहेको भए अदालतले निजलाई नपुग देखिएको अदालती शुल्क सात दिनभित्र दाखिला गर्न ल्याउन तारेख तोक्नु पर्नेछ र पक्ष तारेखमा नरहेको भए सात दिनको म्याद दिई नपुग अदालती शुल्क दाखिल गर्न ल्याउन म्याद जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको अवधिभित्र पक्षले अदालती शुल्क दाखिला नगरेमा त्यस्तो मुद्दा हेरिन सक्ने छैन ।

७८. **<u>बढी अदालती शुल्क फिर्ता गर्ने:</u>** (१) मुद्दाको कारबाहीको सिलसिलामा कुनै पक्षबाट बढी अदालती शुल्क लिएको कुरा पक्षको निवेदन वा अन्य व्यहोराबाट थाहा हुन आएमा अदालतले बढी अदालती शुल्क सम्बन्धित पक्षलाई फिर्ता गर्नु पर्नेछ ।

(२) मुद्दा फैसला भईसकेपछि बढी अदालती शुल्क दाखिला भएको कुरा कुनै तवरले थाहा हुन आएमा सम्बन्धित पक्षले त्यस्तो अदालती शुल्क फिर्ता पाउन सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकको माग मनासिव देखिएमा अदालतले त्यस्तो अदालती शुल्क निवेदकलाई फिर्ता दिनु पर्नेछ ।

७९. **<u>अदालतले तोकेको अदालती शुल्क उपर उजूरी दिन सक्ने:</u>** (१) यस परिच्छेद बमोजिम अदालतले तोकेको अदालती शुल्क उपर चित्त नबुझ्ने व्यक्तिले अदालती शुल्क दाखिला गरी नसकेको भए तीन दिनभित्र र अदालती शुल्क दाखिला गरी सकेको भए मुद्दाको फैसला हुनु अगावै सोही अदालतको न्यायाधीश समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी जाँचबुझ गर्दा बढी अदालती शुल्क लिएको देखिएमा सम्बन्धित न्यायाधीशले बढी अदालती शुल्क फिर्ता गर्ने आदेश दिई त्यसरी बढी अदालती शुल्क लिने कर्मचारीलाई विभागीय कारबाही हुन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उजूरीको व्यहोरा झुट्टा ठहरेमा सो उजूर गर्ने व्यक्तिलाई जति अदालती शुल्क बढी लियो वा तोक्यो भन्ने दावी लिएको हो सो अङ्कको पन्ध्र प्रतिशतको दरले जरिवाना गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

८०. **<u>घटी अदालती शुल्क लिए वा बुझाए बापत सजाय हुने</u>**: (१) कसैले घटी अदालती शुल्क बुझाउने मनसायले मूल्य वा बिगो घटाएको सम्बन्धमा सरोकारवाला पक्षले मुद्दा रहेको अदालतमा उजूरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी जाँचबुझ गर्दा वा त्यसरी उजूरी प्राप्त नभएपनि अदालतबाटै मिसिल जाँचबुझ गर्दा घटी अदालती शुल्क दाखिला गराउने मनसायले मूल्य वा विगो घटाएको देखिएमा अदालतले त्यस्तो पक्षलाई घटाएको अदालती शुल्कको पन्ध्र प्रतिशत जरिवाना गरी नपुग अदालती शुल्क दाखिल गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजूरी जाँचबुझ गर्दा झुट्टा ठहरेमा त्यस्तो उजूरीकर्तालाई निजले नपुग अदालती शुल्क भनी दावी लिएको अङ्कको पाँच प्रतिशत जरिवाना हुनेछ।

(४) अदालतको कर्मचारीले जानी जानी लिनु पर्ने भन्दा कम अदालती शुल्क लिएको कुरा कसैको उजूरी परी वा अन्य कुनै तवरबाट देखिएमा निज उपर कानून बमोजिम विभागीय कारबाही हुनेछ।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि "जानी जानी" भन्नाले फिरादपत्र वा पुनरावेदनपत्रका लेखबाट वा प्रमाणबाट देखिन आएको मूल्य वा बिगोको यस परिच्छेद बमोजिम अदालती शुल्क नलिनुलाई सम्झनु पर्छ।

(५) उपदफा (४) बमोजिम घटी अदालती शुल्क लिएको मुद्दाको अन्तिम फैसला भइसकेको वा त्यस्तो मुद्दामा पुनरावेदन गर्ने म्याद समाप्त भइसकेको रहेछ र त्यस्तो अदालती शुल्क सम्बन्धित पक्षबाट असुल उपर हुन नसकेमा सो अदालती शुल्कको बिगो त्यसरी कम लिने कर्मचारीबाट असुल गरिनेछ।

८१. **<u>अदालती शुल्क जफत हुने</u>**: अदालती शुल्क लागेको मुद्दामा वादी वा पुनरावेदकले मुद्दा हारेमा वा पुनरावलोकन गरी वा दोहोऱ्याई पाउँ भनी परेको निवेदन उपर कारबाही हुँदा पहिलाको फैसला सदर भएमा निजले दाखिल गरेको अदालती शुल्क जफत हुनेछ।

८२. **<u>मुद्दा मिलापत्र, डिसमिस वा खारेज भएमा गर्ने</u>**: (१) अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दामा मिलापत्र गर्दा अदालतले मिलापत्र वापत आधा अदालती शुल्क लिई बाँकी अदालती शुल्क वादी वा पुनरावेदकलाई फिर्ता गर्नु पर्नेछ।

(२) अदालती शुल्क पूरै वा केही पछि लिने गरी दर्ता भएको मुद्दामा मिलापत्र गर्दा अदालतले उपदफा (१) बमोजिम लाग्ने अदालती शुल्क वादी वा पुनरावेदकबाट लिएर मात्र मिलापत्र गर्नु पर्नेछ ।

(३) अदालती शुल्क पूरै बुझाई दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा वादी वा पुनरावेदकलाई कुनै सजाय गरिने छैन ।

(४) मुद्दा डिसमिस वा खारेज भएमा बुझाएको अदालती शुल्क फिर्ता हुने छैन ।

(५) पूरै वा केही अदालती शुल्क पछि बुझाउने गरी दर्ता भएको मुद्दा डिसमिस वा खारेज भएमा वादी वा पुनरावेदकबाट बाँकी अदालती शुल्क असुल उपर गरिनेछ ।

तर मुद्दा खारेज भएको हकमा फिरादपत्रको लेखाइबाटै दर्ता हुन नसक्ने फिरादपत्र दर्ता भएको देखिएमा त्यस्तो मुद्दामा लिइएको अदालती शुल्क फिर्ता हुनेछ ।

(६) कानूनको रीत पुऱ्याई मिलापत्र, डिसमिस वा खारेज भएको मुद्दा पक्षको उजूरीबाट कुनै प्रकारले जागी पुनः कारबाही हुने भएमा जसको उजूरीबाट मुद्दा पुनः कारबाही हुने भएको हो निजले मुद्दा रहेको अदालतमा यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क पुनः दाखिल गर्नु पर्नेछ ।

८३. **अदालती शुल्क भराई दिने:** (१) अदालती शुल्क लागेको मुद्दामा जित्ने पक्षले बुझाएको अदालती शुल्क हार्ने पक्षबाट भराई लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालती शुल्क भराउँदा एकजना भन्दा बढी प्रतिवादी वा पुनरावेदक भए जति जनाबाट जतिका दरले विगो भरी पाउने ठहर्छ सो विगोको हिसावले र हक दावी छाड्नु छुटाउनु पर्ने कुरामा जति जनाबाट जति हक दावी छाड्नु छुटाउनु पर्ने हो त्यति नै जनाबाट सोही हिसावले र अन्य अवस्थामा हार्ने जति प्रतिवादी वा प्रत्यर्थी छन् त्यति जनाबाट समानुपातिक हिसावले अदालती शुल्क भराई दिनु पर्नेछ ।

(३) केही वा पूरै अदालती शुल्क नराखी फिरादपत्र दर्ता भएको अवस्थामा वादी वा पुनरावेदकले जिते लाग्ने ठहरिएको अदालती शुल्क अर्को पक्षबाट दण्ड जरिवाना सरह असुल उपर गर्नु पर्नेछ ।

(४) वादी वा पुनरावेदकले धेरै कुराको दावी गरेकोमा जति कुरामा दावी पुग्ने ठहर्छ त्यतिका हिसावले मात्र लाग्ने अदालती शुल्क अर्को पक्षबाट भराई लिन पाउनेछ ।

नेपाल कानून आयोग

(५) केही वा पूरै अदालती शुल्क नराखी मुद्दा दायर भएकोमा वादी वा पुनरावेदकले मुद्दा हारेमा लाग्ने अदालती शुल्क निजहरुबाटै असुल गरिनेछ।

(६) यस दफा बमोजिम वादी वा पुनरावेदकले अदालती शुल्क भरी पाउने फैसला भएकोमा सो भरी नपाउदै प्रतिवादी वा प्रत्यर्थीको मृत्यु भएमा त्यस्तो अदालती शुल्क निजको अपुताली खानेबाट भराई लिन पाउनेछ।

(७) पुनरावेदन वा पुनरावलोकन गरी वा मुद्दा दोहो-याई पाउँ भन्ने मुद्दा फैसला हुँदा पुनरावेदक वा निवेदकले केही वा पूर्ण रुपमा मुद्दा जितेमा निजले जितेजतिमा लाग्ने ठहरिएको अदालती शुल्क प्रत्यर्थीबाट भराई लिन पाउनेछ।

८४. **<u>अदालती शुल्कलाई प्राथमिकता दिई भराउनु पर्ने</u>:** फैसला बमोजिम विगो, दण्ड, जरिवाना, अदालती शुल्क लगायत अन्य दस्तुर वा शुल्क भराउँदा वा लिंदा अदालतले पहिले अदालती शुल्क भराउनु वा लिनु पर्नेछ।

परिच्छेद–७

## फिरादपत्र तथा दावी प्रस्तुति सम्बन्धी व्यवस्था

८५. **<u>दावी पेश गर्नु पर्ने</u>:** (१) कसैले कानून बमोजिम दावी लिएको कुरालाई प्रचलन गराउन अदालत समक्ष त्यस्तो दावी लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दावी लिंदा यस परिच्छेद बमोजिमको कार्यविधि र शर्त पूरा गरी फिरादपत्र पेश गर्नु पर्नेछ।

८६. **<u>हक पुग्ने र प्रचलन हुने कुरामा फिराद गर्न सकिने</u>:** (१) यस परिच्छेदमा अन्यथा लेखिएकोमा बाहेक दफा ८५ बमोजिम फिरादपत्र पेश गर्दा आफ्नो हक पुग्ने र कानून बमोजिम प्रचलन गराउन सकिने कुराको मात्र दावी गरी फिरादपत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी फिरादपत्र दर्ता गर्न माग गरेमा फिरादपत्र दर्ता हुन सक्ने छैन र कारणवश दर्ता भएको भए तापनि दफा ९१ बमोजिम दिइएको फिरादपत्र बाहेक अन्य फिरादपत्र खारेज हुनेछ।

८७. **<u>एउटै फिरादपत्र दिन सक्ने</u>:** (१) कुनै व्यक्तिले अर्को व्यक्ति उपर देवानी प्रकृतिको दावी गर्ने विषय जतिसुकै भएपनि सो विषयमा एउटै फिरादपत्र  दिन सक्नेछ।



नेपाल कानून आयोग

(२) एकै पटक एउटै फिराद दिए हुनेमा सो नगरी पहिले दिएको मुद्दाको परिणाम विचार गरी त्यसको आधारमा पछि फिराद गर्न आएमा त्यस्तो फिराद लाग्ने छैन ।

८८. **वादी वा प्रतिवादीको संख्याले असर नपर्नेः** कुनै एक विषयको दावीको सम्बन्धमा फिरादपत्र दिंदा कुनै एक व्यक्तिले जतिसुकै व्यक्ति उपर वा जतिसुकै व्यक्तिले कुनै एक व्यक्ति उपर वा जतिसुकै व्यक्तिले जतिसुकै व्यक्ति उपर एउटै फिरादपत्र दिन सक्नेछ ।

८९. **एक पटक मात्र फिराद गर्नु पर्नेः** (१) एकै व्यक्तिले एकै विषयमा कुनै व्यक्ति उपर कुनै एक अदालतमा फिराद दिई सकेपछि सोही विषयमा, सोही अदालत वा अन्य कुनै अदालतमा सोही व्यक्ति उपर अर्को फिराद दिन सक्ने छैन ।

(२) कुनै एक विषयमा एउटा पक्षले कुनै एक अदालतमा र अर्को पक्षले अर्को अदालतमा वा दुवै पक्षले एउटै अदालतमा छुट्टा छुट्टै फिरादपत्र दिएमा पहिले दर्ता भएको फिराद बमोजिम मुद्दाको कारबाही भई अरु फिरादपत्र खारेज हुनेछ ।

तर कानून बमोजिम दुवै पक्षको फिराद लाग्ने र गर्नु पर्ने अवस्थामा दुवै फिरादपत्रमा सुनुवाई गर्न वाधा पर्ने छैन ।

९०. **फिरादपत्र हदम्याद भित्र दिनु पर्नेः** (१) फिरादपत्र दिंदा जुन विषयमा दावी गरिएको हो सो विषयमा दावी पेश गर्नको लागि कानून बमोजिम तोकिएको हदम्यादभित्र फिरादपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र दर्ता गर्दा कुन कानून बमोजिम कायम भएको हदम्यादभित्र फिराद गरेको हो सो कुरा फिरादपत्रमा खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) को प्रतिकूल हुने गरी दर्ता गर्न ल्याएको फिरादपत्र दरपीठ गरी फिर्ता दिनु पर्नेछ ।

९१. **सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा जोसुकैले फिरादपत्र दिन सक्नेः** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै नेपाली नागरिकले फिरादपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनका लागि फिरादपत्र सँगै छुट्टै निवेदन दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम अनुमतिका लागि निवेदन परेकोमा निवेदन परेको दिनमा नै निर्णय गर्नु पर्नेछ ।

९२. **हक कायम गराउन फिरादपत्र दिन सक्ने:** कुनै मुद्दा डिसमिस, खारेज वा अन्य तरिकाले फैसला भएको वा कानून बमोजिम मिलापत्र गरिएको कारणबाट तेस्रो पक्षको हक समेत प्रभावित भएको रहेछ भने त्यस्तो व्यक्तिले थाहा पाएको मितिले पैंतीस दिनभित्र सो फैसला वा मिलापत्र बदर गराई आफ्नो हक कायम गराई माग्न फिरादपत्र दिन सक्नेछ ।

९३. **कानूनी व्यक्तिको तर्फबाट फिरादपत्र दिन सकिने:** (१) कानूनी व्यक्तिको मान्यता प्राप्त संगठित संस्थाको तर्फबाट फिरादपत्र दिनु पर्दा फिरादपत्र दिने प्रयोजनको लागि त्यस्तो संस्थाको संचालक वा संचालकहरुको निर्णयबाट अधिकार प्राप्त प्राकृतिक व्यक्तिले सोही कुरा फिरादपत्रमा उल्लेख गरी फिरादपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र दिंदा फिरादपत्र दिने सम्बन्धमा संचालक वा संचालकहरुको निर्णय प्रति समेत फिरादपत्रसाथ संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारका कार्यालय, संवैधानिक निकाय वा अदालतको तर्फबाट फिराद गर्नु पर्दा त्यस्तो कार्यालयको प्रशासनिक प्रमुखको रुपमा काम गर्ने पदाधिकारीबाट गर्न सकिनेछ ।

९४. **फैसला भएको विषयमा फिरादपत्र दिन नहुने:** (१) कुनै विषयमा एक पटक फैसला भएपछि त्यस्तो फैसला उपर कानून बमोजिम पुनरावेदन नगरी सोही विषयमा सोही व्यक्ति उपर सोही पक्षले फिराद दिन सक्ने छैन ।

(२) यस दफाको प्रतिकूल हुने गरी दर्ता भएको फिरादपत्र खारेज हुनेछ ।

(३) यस दफाको प्रतिकूल हुने गरी भएको फैसला बदर हुनेछ ।

९५. **फिरादपत्रमा उल्लेख गर्नु पर्ने कुराहरु:** (१) फिरादपत्र दिंदा अन्य कुराको अतिरिक्त देहायका कुराहरु खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा दिनु पर्नेछ:-

(क) विवादको विषयवस्तु,

(ख) प्रतिवादीको नाम, थर र ठेगाना, उपलब्ध भएसम्म टेलिफोन नम्वर, इमेल ठेगाना,

(ग) फिरादपत्र दिन कानून बमोजिम हक पुग्ने आधार,



नेपाल कानून आयोग

(घ) दावी लिएको कुरा,

(ङ) हदम्याद,

(च) क्षेत्राधिकार,

(छ) सो विषयमा अन्यत्र फिराद गरे वा नगरेको,

(ज) फिरादपत्रको म्याद प्रतिवादीलाई कसरी बुझाउने हो सो कुरा,

(झ) फिराददावीलाई पुष्टी गर्ने कुनै प्रमाण भए सो कुरा ।

(२) उपदफा (१) प्रतिकूल हुने गरी दिएको फिरादपत्र दर्ता हुने छैन ।

९६. **<u>फिराद दावी स्पष्ट हुनु पर्नेः</u>** (१) फिरादपत्र दिंदा वादीले कुन विषयमा के कस्तो दावी गरेको हो र त्यस्तो दावी कुन कुन आधार र प्रमाण बमोजिम गरिएको हो सो किटानीसाथ फिरादपत्रमा खुलाई आफ्नो माग अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावी स्पष्ट नभएको र अदालतबाट के कस्तो काम कारबाही गर्नु पर्ने हो सो स्पष्ट नखुलाइएको फिरादपत्र रीतपूर्वक भएको मानिने छैन र दर्ता हुने छैन ।

९७. **<u>फिराद दस्तुरः</u>** फिरादपत्र दिंदा दुई सय रुपैयाँ फिराद दस्तुर बुझाउनु पर्नेछ ।

९८. **<u>फिरादपत्रको दर्ताः</u>** (१) फिरादपत्र दर्ता गर्न ल्याएमा यस परिच्छेद बमोजिम फिरादपत्र रीतपूर्वकको भए वा नभएको तथा त्यसमा उल्लेख गरिएको सबुत प्रमाण संलग्न भए वा नभएको जाँची रीतपूर्वकको भए अनुसूची-२ बमोजिमको दायरी किताबमा फिरादपत्र दर्ता गरी फिरादपत्र दर्ता गरेको प्रमाण अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र दर्ता गर्न ल्याउँदा फिरादपत्र र प्रमाणको प्रतिलिपि एकजनासम्म प्रतिवादी भए दुईप्रति र त्यस पछिका प्रत्येक प्रतिवादीका लागि एक प्रतिका दरले फिरादपत्र तथा प्रमाणको प्रतिलिपि दाखिला गर्नु पर्नेछ ।

तर एकाघरका प्रतिवादी जतिसुकै संख्यामा रहेको भएपनि त्यस्ता प्रतिवादीको लागि एकप्रति मात्र दाखिला गर्न सकिनेछ ।

नेपाल कानून आयोग

(३) एकप्रति भन्दा बढी प्रति फिरादपत्र वा प्रमाणको प्रतिलिपि दाखिला गर्दा वादीले सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी लेखी सहीछाप समेत गरी अदालतले सो नक्कललाई सक्कलसँग रुजु गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम जाँच गर्दा फिरादपत्र रीत नपुगेको भएमा रीत नपुगेको कारण फिरादपत्रमा जनाई दरपीठ गर्नु पर्नेछ ।

परिच्छेद-८

## म्याद तथा म्याद तामेली सम्बन्धी व्यवस्था

९९. **प्रतिवादीलाई फिरादपत्र बुझाउन सकिने:** (१) फिरादपत्र दर्ता गर्दा वादीले फिरादपत्रमा प्रतिवादी बनाइएका व्यक्तिलाई आफैले वा निजको कानून व्यवसायी मार्फत म्याद सहितको फिरादपत्र बुझाउन चाहेमा सो कुरा फिरादपत्रमा उल्लेख गरेको भए वादीले फिरादपत्र दर्ता भएको मितिले बाटोको म्याद वाहेक तीन दिनभित्र प्रतिवादी बनाइएको व्यक्तिलाई म्याद सहितको फिरादपत्रको एकप्रति बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवादीलाई म्याद सहितको फिरादपत्र बुझाउन ल्याएमा सम्बन्धित व्यक्तिले बुझिलिन चाहेमा सो म्याद सहितको फिरादपत्र बुझिलिनु पर्नेछ र त्यसरी बुझी लिएकोमा रीतपूर्वक म्याद सहितको फिरादपत्र बुझाइएको मानिनेछ ।

तर कानूनी व्यक्तिको हकमा त्यसरी म्याद सहितको फिरादपत्र बुझाउन ल्याएमा त्यस्तो व्यक्तिले बुझिलिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनी व्यक्तिको हकमा म्याद सहितको फिरादपत्र बुझाउँदा त्यस्तो व्यक्तिको मुख्य कार्यालयमा बुझाएकोमा सम्बन्धित व्यक्तिलाई रीतपूर्वक फिरादपत्र बुझाएको मानिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "मुख्य कार्यालय" भन्नाले संगठित संस्थाको रजिष्टर्ड कार्यालय भए त्यस्तो कार्यालय र त्यस्तो कार्यालय नभए त्यस्तो व्यक्तिको कारोबार हुने मुख्य कार्यालय सम्झनु पर्छ ।

(४) उपदफा (२) बमोजिम म्याद सहितको फिरादपत्र बुझिलिएकोमा सो बुझिलिनेले अनुसूची-४ बमोजिमको ढाँचामा भरपाई गरिदिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम म्याद सहितको फिरादपत्र बुझाएकोमा वादी वा निजले नियुक्ति गरेको कानून व्यवसायीले सो बुझेको भरपाई फिरादपत्र दर्ता भएको अदालतमा  त्यसरी बुझाएको सात दिनभित्र दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम म्याद सहितको फिरादपत्र बुझिलिएको भरपाई गरेको मितिबाट प्रतिउत्तरपत्र दाखिला गर्ने म्याद कायम हुनेछ।

१००. **प्रतिवादीलाई म्याद जारी गर्नेः** (१) दफा ९९ बमोजिम वादी आफैले फिरादपत्र प्रतिवादीलाई बुझाएको अवस्थामा बाहेक अदालतले फिरादपत्र दर्ता भएको मितिले तीन दिनभित्र प्रतिउत्तरपत्र दाखिला गर्न प्रतिवादीको नाममा म्याद जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद जारी गर्दा वादीले अदालतमा दर्ता गराएको फिरादपत्रको एक प्रति र फिरादसाथ संलग्न प्रमाण समेत बुझाउनु पर्नेछ।

१०१. **म्याद दिनु पर्ने :** (१) जुन व्यक्तिका विरुद्ध फिरादपत्र परेको हो निजलाई अदालतले सो कुरा खुलाई वाटाको म्याद बाहेक एक्काईस दिनको अवधि तोकी त्यस्तो फिरादपत्रका सम्बन्धमा प्रतिवाद वा प्रतिरक्षा गर्नको लागि अदालतमा उपस्थित हुन म्याद  दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि  दफा १२३ बमोजिम अदालतले प्रतिवादी कायम गरेको व्यक्तिलाई म्याद दिँदा बाटाको म्याद वाहेक सात दिनको म्याद दिनु पर्नेछ।

१०२. **म्याद तामेल गर्न लगाउने :** (१) दफा १०१ बमोजिम अदालतले म्याद जारी गर्दा तीन प्रति म्याद सूचना तयार गरी सम्बन्धित अधिकृतले दस्तखत गरी अदालतको छाप लगाई तामेल गर्न लगाउनु पर्नेछ।

(२) प्रतिवादीका नाममा म्याद जारी गर्दा प्रतिवादी बनाइएका एकाघरमा रहे बसेका व्यक्तिहरुलाई एक प्रति र सो वाहेक अरु प्रतिवादीको हकमा प्रत्येक प्रतिवादीको लागि एक एक प्रतिका दरले फिरादपत्रको प्रतिलिपि सहित तामेल गर्ने वा गराउने व्यवस्था गर्नु पर्नेछ।

१०३. **तामेलदारले म्याद तामेल गर्नु पर्नेः** तामेलदारले अदालतबाट बुझेको म्याद बाटोका म्याद बाहेक साधारणतया सात दिनभित्र तामेल गर्नु पर्नेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि “तामेलदार” भन्नाले अदालतबाट जारी भएको म्याद सम्बन्धित व्यक्तिलाई बुझाई तामेल गर्न जिम्मेवारी भएको वा खटिएको कर्मचारी सम्झनु पर्छ ।

१०४. **म्यादको ढाँचा :** (१) प्रतिवादीको नाममा अदालतबाट म्याद जारी गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

(२) प्रतिवादी वाहेक अन्य व्यक्तिका नाममा म्याद जारी गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१०५. **म्याद तामेल भएको मानिने:** (१) अदालतबाट जारी भएको म्याद सम्बन्धित व्यक्तिलाई यस परिच्छेद बमोजिम कुनै पनि ठाउँमा वा निजको ठेगानामा बुझाई वा यस संहिता बमोजिम अन्य कुनै पहिचान गर्न सकिने उपायद्वारा निजलाई जानकारी गराएमा म्याद तामेल भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्याद प्राप्त गर्ने व्यक्ति अदालतमा उपस्थित भई आफैले म्याद बुझिलिन निवेदन गरेमा निजलाई अदालतमा नै म्याद बुझाउनु पर्नेछ र त्यसरी म्याद बुझाएकोमा रीतपूर्वक म्याद बुझाएको मानिनेछ ।

१०६. **म्याद तामेली सम्बन्धी कार्यविधि:** (१) कुनै अदालतले म्याद तामेल गर्नको लागि तामेल गर्नु पर्ने म्यादको तीन प्रति तयार गरी तामेलदारलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तामेलदारले बुझेको म्याद निजले सम्बन्धित व्यक्ति चिनेको भए सो कुरा उल्लेख गरी निजलाई जहाँसुकै फेला पारेपनि बुझाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित व्यक्ति फेला नपरेमा तामेलदारले निजको बसोवासको ठेगानामा गई घर वा डेरा पत्ता लगाई सम्बन्धित व्यक्तिको पहिचान गरी स्थानीय निकायको सम्बन्धित वडाध्यक्ष वा वडा समितिको सदस्य वा सचिव वा अन्य कुनै सरकारी कर्मचारी र कम्तीमा दुईजना स्थानीय व्यक्ति रोहवरमा राखी म्याद तामेल गरेको मिति लेखी सम्बन्धित व्यक्तिलाई सो म्याद बुझाई भरपाई गरी लिनु पर्नेछ।

(४) म्याद जारी भएको व्यक्ति फेला नपरेमा उपदफा (३) को कार्यविधि पूरा गरी त्यस्तो व्यक्तिको एकाघरको उमेर पुगेको अन्य कसैलाई बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित व्यक्ति वा निजको एकाघरको उमेर पुगेको कुनै व्यक्ति पनि फेला नपरेमा वा फेला परे पनि म्याद बुझि नलिएमा उपदफा (३) मा लेखिएका व्यक्तिको रोहवरमा त्यस्तो व्यक्तिले बसोबास गरेको घरको दैलोमा सबैले देख्ने ठाउँमा टाँसी सोही व्यहोरा म्यादमा उल्लेख गरी तामेल गर्नु पर्नेछ।

(६) उपदफा (२), (३), (४) र (५) बमोजिमको कार्यविधि अवलम्वन गर्दा अदालतमा दाखिल गर्ने म्यादको पीठमा कुन व्यक्तिलाई के कस्तो कार्यविधि पूरा गरी म्याद बुझाई वा म्याद टाँस गरी तामेल भएको हो सो मिति र समय उल्लेख गरी बुझाएको वा टाँसिएका बखत उपदफा (३) मा उल्लेखित व्यक्तिहरु समेतको प्रष्ट बुझिने गरी सहीछाप गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम तामेल गरिएको म्यादको प्रतिमा तामेलदारले सहीछाप गरी प्रतिवेदन सहित अदालतमा बुझाउनु पर्नेछ।

(८) उपदफा (५) बमोजिम घर दैलामा टाँसी म्याद तामेल गरिएको भए त्यस्तो म्याद सूचनाको तेस्रो प्रतिमा सोको तामेली मिति र समय जनाई सम्बन्धित स्थानीय निकायमा बुझाई सोको छुट्टै भरपाई गराई लिने वा सम्बन्धित स्थानीय निकायको सदस्य वा सचिव वा सरकारी कर्मचारीले तामेलीको पीठमा सो व्यहोरा जनाई सहीछाप गराई तामेल गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम म्याद बुझाइएकोमा सम्बन्धित स्थानीय निकायले तुरुन्त त्यस्तो म्याद आफ्नो सूचना पाटीमा टाँस्नु पर्नेछ।

(१०) यस दफा बमोजिम घर दैलामा टाँस गरिएको म्यादको प्रति सम्बन्धित स्थानीय निकायलाई नबुझाएको वा स्थानीय निकायले आफूले पाएको म्याद आफ्नो सूचना पाटीमा नटाँसेको भए तापनि उपदफा (५) बमोजिम सम्बन्धित व्यक्तिको घर दैलामा म्याद रीतपूर्वक टाँसिएको भए कानूनसम्मत ढंगबाट म्याद तामेल गरिएको मानिनेछ।

(११) कुनै संगठित संस्था वा कानूनी व्यक्तिलाई कुनै मुद्दाका सम्बन्धमा म्याद तामेल गर्नु पर्दा त्यस्तो संस्था वा व्यक्तिको रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय वा कारोबारको मुख्य कार्यालयमा त्यस बखत मुख्य भई काम गर्ने व्यक्तिलाई तामेल गर्नु पर्नेछ।



नेपाल कानून आयोग

तर त्यस्तो व्यक्ति उपलब्ध नभएमा त्यस्तो संस्था वा व्यक्तिको त्यस्तो कार्यालयमा कार्यरत कुनै पदाधिकारी वा कर्मचारीलाई म्याद बुझाई तामेल गर्न सकिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “मुख्य भई काम गर्ने व्यक्ति” भन्नाले संगठित संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, प्रवन्ध सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक वा कम्पनीको हकमा कम्पनी सचिव समेतलाई जनाउँनेछ ।

(१२) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय, संवैधानिक निकाय वा अदालतको नाममा म्याद तामेल गर्दा त्यस्तो कार्यालयको प्रमुख, प्रशासकीय प्रमुख वा त्यस्तो जिम्मेवारी पाएको कुनै पदाधिकारी वा निजको निमित्त भई काम गर्ने पदाधिकारी र त्यस्तो कुनै पदाधिकारी उपलब्ध हुन नसकेमा सोही कुरा उल्लेख गरी त्यस्तो कार्यालय, निकाय वा अदालतमा म्याद बुझाई तामेल गर्नु पर्नेछ ।

(१३) कुनै सरकारी कार्यालय, संवैधानिक निकाय, अदालत, कुनै संगठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको नाममा सो हैसियतमा म्याद तामेल गर्नु पर्दा त्यस्तो कार्यालय, निकाय, अदालत वा संस्था वा त्यसका पदाधिकारी, कर्मचारीलाई बुझाई तामेल गर्नु पर्नेछ ।

(१४) उपदफा (१०), (११), (१२) र (१३) बमोजिम म्याद तामेल हुन नसकेमा सोको कारण सहित तामेलदारले सम्बन्धित अदालतमा तीन दिनभित्र प्रतिवेदन दिनु पर्नेछ ।

(१५) उपदफा (१४) बमोजिम प्रतिवेदन पेश हुन आएमा त्यस्तो कार्यालय, निकाय, अदालत वा संगठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको नाममा सो हैसियतमा हुलाक मार्फत म्याद तामेल गर्न अदालतले आदेश दिन सक्नेछ ।

(१६) उपदफा (१५) बमोजिम आदेश भएकोमा त्यस्तो कार्यालय, निकाय, अदालत वा संगठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको सो हैसियतको म्याद पठाउँदा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित अदालतबाट रजिष्ट्रीपत्र पठाई तामेल गर्न सकिनेछ ।



नेपाल कानून आयोग

(१७) उपदफा (१६) बमोजिम हुलाकद्वारा पठाएको म्यादको फिर्ती रसिद अदालतमा दाखिल भएपछि सो म्याद अन्यथा प्रमाणित भएकोमा बाहेक रीतपूर्वक तामेल भएको मानिनेछ।

(१८) कुनै स्थानीय निकायको क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरुको घर धुरी वा ब्लक नम्बर कायम गरी क्रमबद्ध रुपमा अंकित गरी अभिलेख कायम गरिएको भएमा वा त्यस्ता व्यक्तिहरुले आफ्नो कारोबार, व्यवसाय वा कुनै विषयमा अदालतले हुलाकद्वारा म्याद तामेल गर्ने व्यवस्था गरी मञ्जुरी दिएको रहेछ भने यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यसरी म्याद तामेल गर्न सक्नेछ।

(१९) कुनै व्यक्ति कुनै सरकारी कार्यालय, संवैधानिक निकाय, अदालत वा कुनै संगठित संस्थाको पदाधिकारी वा कर्मचारी रहेछ र त्यस्तो व्यक्तिका नाममा जारी भएको म्याद उपदफा (२),(३), (४) र (५) बमोजिम तामेल हुन नसकेमा सम्बन्धित तामेलदारको प्रतिवेदन बमोजिम त्यस्तो व्यक्तिलाई उपदफा (१३) वा (१५) बमोजिम म्याद तामेल गर्न सम्बन्धित अदालतले आदेश दिन सक्नेछ।

(२०) उपदफा (१९) बमोजिम आदेश भएकोमा त्यस्तो आदेश बमोजिम सम्बन्धित व्यक्तिको नामको म्याद सूचना तामेल गरिनेछ।

(२१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाका पक्ष विपक्षले कुनै लिखतमा, सम्बन्धित विषयमा वा कारोबारको विषयमा एक-अर्कालाई सूचना गर्न वा विवादको सम्बन्धमा म्याद पठाउन इमेल, फ्याक्स जस्ता विद्युतीय सूचना आदान प्रदान गर्ने ठेगानाको व्यवस्था भएको रहेछ भने त्यस्तो ठेगानामा विद्युतीय सूचना मार्फत म्याद तामेल गर्न सकिनेछ।

(२२) यस दफाका विभिन्न उपदफाका कार्यविधि अवलम्वन गर्दा पनि सम्बन्धित व्यक्तिको नाममा म्याद तामेल हुन नसकेको व्यहोराको प्रतिवेदन तामेलदारले सम्बन्धित अदालतमा पेश गरेमा प्रतिवेदनको व्यहोरा मनासिव देखिएमा अदालतले त्यस्तो व्यक्तिको नामको म्याद राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न आदेश दिन सक्नेछ।

(२३) उपदफा (२२) बमोजिम आदेश भएकोमा सोही आदेश बमोजिम म्याद तामेल गरिनेछ।

नेपाल कानून आयोग

(२४) उपदफा (२२) बमोजिम राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्दा लागेको खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

१०७. **<u>अदालतमा नै म्याद तामेल गर्न सकिने:</u>** (१) दफा १०५ वा १०६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतबाट देहायका व्यक्तिका नाममा जारी भएको म्याद त्यस्तो व्यक्तिलाई देहायका अवस्थामा अदालतमा नै बुझाई तामेल गर्न सकिनेछ :-

(क) सम्बन्धित अदालतका कर्मचारी वा पदाधिकारी हाजिर भए निज अदालतमा हुँदा,

(ख) सम्बन्धित अदालतमा अर्को कुनै मुद्दामा तारिखमा रहेको पक्ष भए त्यस्तो पक्ष अदालतमा उपस्थित हुँदा,

(ग) सम्बन्धित अदालतमा रहेको कुनै मुद्दामा कुनै पक्षलाई प्रतिनिधित्व गर्ने वारिस भए त्यसरी प्रतिनिधित्व गरी अदालतमा उपस्थित हुँदा,

(घ) सम्बन्धित अदालतमा कानून व्यवसायको सिलसिलामा उपस्थित हुने कानून व्यवसायी भए त्यस्तो व्यवसायको सिलसिलामा अदालतमा उपस्थित हुँदा,

(ङ) साक्षीको रुपमा उपस्थित भएको व्यक्ति भए सो हैसियतमा अदालतमा उपस्थित हुँदा ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिलाई अदालतबाट निजका नाममा जारी भएको म्याद निज सम्बन्धित अदालतमा उपस्थित हुँदाका बखत बुझाउन ल्याएमा निजले बुझिलिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद बुझाउन ल्याउँदा निजले बुझिलिन इन्कार गरेमा तामेलदारले सो कुराको प्रतिवेदन सम्बन्धित अदालतमा तुरुन्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको प्रतिवेदनको व्यहोरा मनासिब देखिएमा अदालतले त्यस्तो व्यक्तिको हकमा निजको नाममा अदालतबाट जारी भएको म्याद निजले नबुझेसम्म सो अदालतमा निजले वारेसको हैसियतमा प्रतिनिधित्व गर्ने, तारिख



नेपाल कानून आयोग

लिने, कानून व्यवसाय गर्ने वा साक्षीको हैसियतमा बकपत्र गर्ने काममा रोक लगाउने आदेश गर्नेछ ।

१०८. **तामेली म्यादमा साक्षी बस्नु पर्ने:** (१) म्याद तामेल गर्नु पर्ने ठाउँका स्थानीय निकायका सम्बन्धित वडा अध्यक्ष वा वडा समितिको सदस्य, सचिव वा अन्य कुनै सरकारी कर्मचारी र स्थानीय व्यक्तिले यस परिच्छेद बमोजिम म्याद तामेल गर्दा त्यस्तो म्याद वा सूचना तामेल गर्न साक्षी बसी तामेल गरी पठाईदिने काममा तामेलदारलाई सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्याद तामेल गर्दा सम्बन्धित स्थानीय निकायका सम्बन्धित वडा अध्यक्ष वा सदस्य, सचिव वा अन्य कुनै सरकारी कर्मचारीले साक्षी बसी तामेल गर्न सहयोग नगरेको वा सहयोग गर्न इन्कार गरेको कारणले मात्र अन्य कार्यविधि पूरा गरी रीतपूर्वक तामेल भएको म्याद बेरीतको हुने छैन ।

१०९. **असहयोग गर्ने व्यक्तिलाई सजाय हुने:** (१) अदालतबाट तामेल गर्न पठाएको म्याद तामेल गर्दा स्थानीय निकायका सम्बन्धित वडा अध्यक्ष वा वडा समितिका सदस्य वा सचिव वा अन्य सरकारी कर्मचारी र स्थानीय व्यक्ति समेतले सम्बन्धित मानिसको घरद्वार खोजी देखाइ, चिनाई, पहिचान गराई तामेल गर्न आवश्यक पर्ने सबै सहयोग गरी साक्षी बसी सहीछाप गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग नगर्ने व्यक्तिलाई तामेलदारको प्रतिवेदन बमोजिम सम्बन्धित अदालतले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

११०. **तामेल गरिएको म्याद जाँच्नु पर्ने:** तामेलदारले दफा १०६ बमोजिम तामेल गरी ल्याएको म्याद तामेलीको प्रतिवेदन दाखिला हुनासाथ अदालतको सम्बन्धित अधिकृत कर्मचारीले त्यस्तो म्याद रीतपूर्वक छ वा छैन जाँच गरी रीत पुगेको देखिए प्रमाणित गरी अदालतमा दाखिला गरेको मिति लेखी मिसिल सामेल राख्नु पर्नेछ ।

१११. **पुनः तामेल गर्न लगाउने:** (१) दफा ११० बमोजिम जाँच गर्दा तामेल भएको म्याद कानूनको रीत नपुऱ्याई तामेल गरी ल्याएको देखिएमा वा कसैको उजूर परी बुझ्दा वेरितसँग तामेल भएको वा तामेल नै नभएको देखिएमा अदालतले पुनः रीत पुऱ्याई तामेल गर्न सम्बन्धित तामेलदार वा अर्को तामेलदारलाई आदेश दिनेछ ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो तामेलदारले दफा १०६ बमोजिम पुनः म्याद तामेल गर्नु पर्नेछ।

११२. **तामेल गर्ने व्यक्तिलाई जरिवाना हुने:** तामेलदारले सम्बन्धित व्यक्ति फेला नपरी घर दैलामा टाँस गरिएको म्यादको तेस्रो प्रति सम्बन्धित स्थानीय निकायमा नबुझाएमा त्यसरी नबुझाउने तामेलदारलाई पटकै पिच्छे एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो तामेलदारलाई सम्बन्धित अदालतले विभागीय कारबाही गर्न समेत आदेश दिन सक्नेछ।

११३. **वारिस वा कानून व्यवसायीलाई म्याद बुझाई तामेल गर्न सकिने:** (१) दफा १०६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई तामेल गर्नु पर्ने म्याद बुझिलिन निजबाट कानून बमोजिम वारिस वा कानून व्यवसायी नियुक्त भएको रहेछ भने त्यस्तो म्याद सो वारिस वा कानून व्यवसायीलाई तामेल गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पक्षको वारिस वा कानून व्यवसायीलाई तामेल गरिएको म्याद सम्बन्धित पक्षलाई नै कानून सम्मत ढंगबाट तामेल भए सरह मान्य हुनेछ।

(३) दफा ९९ बमोजिम कानून व्यवसायीलाई म्याद सहितको फिरादपत्र बुझाउँदा वा दफा १०७ को उपदफा (१) को खण्ड (ग) वा (घ) र यस दफा बमोजिम वारेस वा कानून व्यवसायीलाई म्याद तामेल गर्दा अनुसूची-७ बमोजिमको ढाँचामा भरपाई गराउनु पर्नेछ।

११४. **घर ठेगाना नभएको व्यक्तिको नामको म्यादको तामेली:** (१) दफा १०६ मा जुनसुकै कुरा लेखिएको भए तापनि घर ठेगाना पत्ता नभएको व्यक्तिको नामको म्याद सूचना तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको गाउँ, शहर र टोल लेखिएको भए सोही ठाउँमा र गाउँ, शहर र टोल पनि पत्ता नलागेको भए सोही व्यहोरा जनाई अदालतको सूचना पाटीमा टाँस गरी अदालतको क्षेत्राधिकार रहेको इलाकाभित्र प्रकाशन हुने पत्रपत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पत्रपत्रिकामा म्याद प्रकाशन गरेमा त्यस्तो म्यादको तामेली रीतपूर्वक भएको मानिनेछ।

११५. **इलाका बाहिरको व्यक्तिको म्याद तामेलीः** (१) मुद्दा परेको अदालतको प्रादेशिक क्षेत्राधिकारभन्दा बाहिर रहे बसेको व्यक्तिको नामको म्याद तामेल गर्नु पर्दा त्यस्तो अदालतको आदेश साथ निज रहे बसेको इलाकामा प्रादेशिक क्षेत्राधिकार भएको अदालतमा म्याद सूचनाको आवश्यक प्रति पठाउनु पर्नेछ र सो इलाकाको अदालतले पनि यस परिच्छेद बमोजिमको रीत पुऱ्याई म्याद तामेल गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तामेल भएको म्याद सम्बन्धित अदालतमा पठाउनु पर्नेछ ।

११६. **बेरितसँग म्याद तामेल गर्ने वा गराउने वा वाधा विरोध गर्नेलाई सजाय हुनेः** देहायका कार्य गर्ने व्यक्तिलाई सम्बन्धित तामेलदारको प्रतिवेदन वा कसैको उजूरीको आधारमा कारबाही प्रारम्भ गरी अदालतले दश हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) अदालतले जारी गरेको म्याद मनासिव कारण विना तामेल नगराएमा,

(ख) झुट्टा व्यहोरा लेखाई वा झुट्टा व्यहोरा पारी म्याद तामेल गरे वा गराएमा,

(ग) म्याद सूचना तामेल गर्न वाधा विरोध गरेमा,

(घ) टाँसेको म्याद च्याते वा उप्काएमा,

(ङ) म्याद तामेल गर्न सहयोग गर्नु पर्ने वा साक्षी बस्नु पर्ने कर्तव्य भएको व्यक्ति वा पदाधिकारीले असहयोग गरेमा ।

११७. **बेरीतको म्याद बदर हुनेः** (१) यस परिच्छेद बमोजिमको कार्यविधि पूरा गरी म्याद तामेल नभएको वा म्याद नै तामेल नगरेको सम्बन्धमा मुद्दा किनारा हुनु अघि जहिले सुकै पनि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनको व्यहोरा मनासिव भएको अदालतले ठहर गरेमा बेरीतसँग तामेल भएको म्याद बदर गरी पुनः म्याद तामेल गर्ने वा अदालतबाट सम्बन्धित पक्षलाई म्याद बुझिलिने आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस परिच्छेद बमोजिम तामेल गरी ल्याएको म्याद अदालतले जाँच्दा रीत नपुऱ्याई तामेल गरी ल्याएको देखिएमा त्यस्तो म्याद बदर गरी पुनः रीत पुऱ्याई तामेल गर्न लगाउनु पर्नेछ।

११८. **प्रतिउत्तरपत्र सरहको पुनरावेदन दिन सक्ने:** (१) यस परिच्छेद बमोजिमको कार्यविधि पूरा नगरी बेरीतसँग म्याद तामेल गरेको कारण मुद्दामा प्रतिरक्षा गर्न वा प्रतिउत्तरपत्र पेश गर्न नपाएकोले निजको विरुद्धमा तल्लो अदालतबाट एकतर्फी फैसला भएको व्यहोरा उल्लेख गरी त्यस्तो फैसला भएको छ महिनाभित्र थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित प्रतिवादीले प्रतिउत्तरपत्र सरहको पुनरावेदन सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिउत्तरपत्र सरहको पुनरावेदन पेश भएकोमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदनपत्र उपर सुनुवाई गर्नु अघि फिरादपत्रमा प्रतिवादी बनाइएका वा अदालतले दफा १२३ बमोजिम प्रतिवादी कायम गरेको व्यक्तिलाई रीतपूर्वक म्याद तामेल भएको वा नभएको सम्बन्धमा ठहर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा मुद्दाका प्रतिवादी वा अदालतले दफा १२३ बमोजिम प्रतिवादी कायम गरेको व्यक्तिलाई रीतपूर्वक म्याद तामेल नभएको पुनरावेदन सुन्ने अदालतले ठहराएमा तल्लो अदालतबाट भएको एकतर्फी फैसला बदर गरी पुनरावेदनपत्रलाई नै प्रतिउत्तरपत्र कायम गरी कानून बमोजिम मुद्दाको पुनः कारबाही र किनारा गर्न तल्लो अदालतलाई आदेश दिई मुद्दाको मिसिल सो अदालतमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतबाट आदेश सहित मिसिल प्राप्त भएमा सम्बन्धित अदालतले त्यस्तो मिसिल प्राप्त भएको तीन दिनभित्र बाटोको म्याद बाहेक सात दिनको म्याद वादीका नाममा जारी गरी तामेल गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम म्याद तामेल भएकोमा म्यादभित्र वादी हाजिर भए वा म्याद समाप्त भएपछि कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ।

नेपाल कानून आयोग

परिच्छेद-९

## प्रतिउत्तरपत्र तथा प्रतिदावी सम्बन्धी व्यवस्था

११९. **प्रतिउत्तरपत्र दाखिला गर्नु पर्नेः** (१) परिच्छेद-८ बमोजिम प्रतिवादीलाई फिरादपत्र बुझाएको वा प्रतिउत्तरपत्र दाखिला गर्ने म्याद तामेल भएको मितिले एक्काईस दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तरपत्र दाखिला गर्नु पर्नेछ ।

(२) यस संहितामा अन्यत्र अन्यथा लेखिएकोमा बाहेक उपदफा (१) बमोजिमको अवधिभन्दा पछि दाखिला गर्न ल्याएको प्रतिउत्तरपत्र दर्ता हुने छैन र दर्ता भएको भए तापनि त्यस्तो प्रतिउत्तरपत्रलाई अदालतले स्वीकार गर्ने छैन ।

१२०. **प्रतिउत्तरपत्रमा उल्लेख गर्नु पर्ने विषय :** प्रतिउत्तरपत्र दाखिला गर्दा अन्य कुराको अतिरिक्त देहायका विषयवस्तु खुलाई अनुसूची-८ बमोजिमको ढाँचामा दाखिल गर्नु पर्नेछः-

(क) प्रतिउत्तरपत्र दाखिला गर्न जारी भएको म्याद तामेल भएको मिति,

(ख) फिराद दावी स्वीकार गर्ने वा इन्कार गर्ने विषय,

(ग) फिराद दावी इन्कार गरेकोमा सोको कारण र आधार,

(घ) फिराद गर्ने व्यक्ति विरुद्ध कुनै प्रतिदावी भए सो विषय,

(ङ) हकदैया, हदम्याद र अदालतको अधिकार क्षेत्रका सम्बन्धमा कुनै जिकिर लिन चाहेमा सो विषय,

(च) प्रतिउत्तरपत्रको जिकिरलाई समर्थन गर्ने प्रमाण, कारण र आधारको बूँदागत विषय,

(छ) फिराद माग बमोजिम अदालतबाट आदेश वा निर्णय हुनु पर्ने हो वा होइन सो विषय ।

१२१. **प्रतिदावी पेश गर्न सकिनेः** (१) प्रतिउत्तरपत्र दाखिला गर्दा प्रतिवादीले वादी विरुद्ध कुनै दावी लिन चाहेमा त्यस्तो दावी लिन सक्नेछ । निजले त्यस्तो दावी लिएमा प्रतिदावी लिएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिदावी प्रतिउत्तरपत्रमा उल्लेख भएको र फिराद माग दावीको विषयमा सीमित रहेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रतिदावी लिइएकोमा सम्बन्धित अदालतमा प्रतिउत्तरपत्र दाखिला गर्दा एकजनासम्म वादी भए दुईप्रति र त्यस पछिका प्रत्येक वादीका लागि एक प्रतिका दरले प्रतिउत्तरपत्रको प्रतिलिपि दाखिला गर्नु पर्नेछ।

तर एकाघरका वादी जतिसुकै संख्यामा रहेको भएपनि त्यस्ता वादीको लागि एकप्रति मात्र प्रतिउत्तरपत्रको प्रतिलिपि दाखिला गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम दाखिला भएका दुईप्रति प्रतिउत्तरपत्र मध्ये एकप्रति प्रतिउत्तरपत्र अदालतले प्रतिउत्तरपत्र दाखिला भए लगतै पछि अदालतबाट निर्धारित तारेखका दिन उपस्थित हुने वादीलाई बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रतिउत्तरपत्र बुझाएको पन्ध्र दिनभित्र वादीले प्रतिदावी स्वीकार गरेको वा इन्कार गरेको व्यहोराको लिखित प्रतिवाद सम्बन्धित अदालतलाई दिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादीले लिखित प्रतिउत्तर सरहको वयान अदालत समक्ष दिएको अवस्थामा निजले प्रतिदावी लिएको रहेछ भने त्यस्तो वयानको लिखित अभिलेखको एक प्रति वादीलाई उपदफा (५) बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम प्रतिदावी लिएकोमा प्रतिदावी लिने पक्षलाई तीन दिनभित्र परिच्छेद- ६ बमोजिमको अदालती शुल्क दाखिला गर्न अदालतले आदेश गर्नु पर्नेछ र त्यस्तो आदेश बमोजिम अदालती शुल्क बुझाएकोमा निजको प्रतिदावी कायम हुनेछ।

१२२. **प्रतिउत्तरपत्र दर्ताः** (१) फिरादपत्रमा प्रतिवादी बनाइएका व्यक्तिले सम्बन्धित अदालतमा पेश गर्न ल्याएको प्रतिउत्तरपत्र जाँची म्यादभित्र र रीतपूर्वक भएको पाइएमा प्रतिउत्तरपत्र दर्ता गरी सम्बन्धित पक्षलाई अनुसूची-३ बमोजिमको ढाँचामा सोको भरपाई दिई तारेखमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिउत्तरपत्र जाँच गर्दा म्याद नाघी ल्याएको वा रीत नपुगेको देखिएमा सोको कारण प्रतिउत्तरपत्रमा खुलाई दरपीठ गरिदिनु पर्नेछ।

१२३. **अदालतले प्रतिवादी कायम गर्ने:** (१) कुनै व्यक्तिका विरुद्ध फिरादपत्र नपरेको भए तापनि कुनै मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्दा कुनै व्यक्तिको हक, हित, दावी वा सरोकार प्रभावित हुने देखिएमा, वादीले पेश गरेको फिरादपत्रमा वा प्रतिवादीले पेश गरेको प्रतिउत्तरपत्रको लेखाईबाट फिराद दावी लिएको विषयमा अन्य व्यक्तिको समेत संलग्नता रहेको देखिन आएमा वा अन्य कुनै मनासिव कारणले कुनै व्यक्तिसँग केही कुरा बुझ्नु पर्ने भएमा अदालतले सोको कारण खुलाई त्यस्तो व्यक्तिलाई बुझ्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई बुझ्दा बाटोको म्याद बाहेक सात दिनको म्याद दिई बुझी आएमा प्रमाण खुलाई बयान गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बुझिएको व्यक्तिले प्रमाण खुलाई बयान दिन चाहेमा निजको बयान अभिलेख गर्नेछ र निजले लिखितै जवाफ पेश गर्न समय माग गरेमा सात दिनमा नबढाई मनासिव समय दिई लिखित जवाफ पेश गर्न आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बयान वा लिखित जवाफबाट फिराददावीको विषयमा त्यस्तो व्यक्तिको पनि सरोकार वा संलग्नता रहेको वा अदालतबाट फैसला गर्दा निजको हक, हित, दावी वा सरोकार समेत प्रभावित हुने रहेछ भने निजलाई प्रतिवादी सरह तारेखमा राख्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम पेश गरेको लिखित जवाफ वा गराएको वयानबाट त्यस्तो व्यक्ति प्रमाण सरह मात्र देखिन आएमा निजलाई तारेखमा राख्नु पर्ने छैन ।

१२४. **प्रतिवादी कायम हुन निवेदन दिन सकिने:** (१) कुनै मुद्दामा वादीले फिरादपत्रमा प्रतिवादी बनाएका व्यक्तिहरुले प्रतिउत्तरपत्र अदालतमा दर्ता गरेको वा दर्ता गराउने म्याद समाप्त भएको मितिले साठी दिनभित्र अन्य कुनै व्यक्तिले चाहेमा अदालतमा विचाराधीन मुद्दामा आफ्नो हक, हित, दावी वा सरोकार रहेको र त्यस्तो मुद्दामा फैसला हुँदा निजको हक, हित, दावी वा सरोकार समेत प्रभावित हुने कारण खुलाई त्यस्तो मुद्दामा निजलाई प्रतिवादी कायम गर्न अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएकोमा निवेदनको व्यहोरा मनासिब देखिएमा अदालतको आदेशले निजलाई प्रतिवादी कायम गरी मुद्दाका वादी र प्रतिवादीलाई सोको जानकारी दिनु पर्नेछ ।

तर यसरी कायम भएको प्रतिवादीले वादी विरुद्ध प्रतिदावी गर्न सक्ने छैन ।

१२५. **प्रतिउत्तरपत्र दस्तुरः** प्रतिउत्तरपत्र दाखिला गर्दा दुईसय पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

## परिच्छेद-१०

## दरपीठ सम्बन्धी व्यवस्था

१२६. **लिखत जाँच गर्नु पर्नेः** अदालतमा दर्ता गर्न ल्याएको फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा मुद्दाको कारबाहीको सिलसिलामा दायर हुने निवेदनपत्रका लिखत दाखिला हुना साथ सम्बन्धित अधिकृतले अध्ययन गरी कानून बमोजिमको ढाँचा मिले वा नमिलेको, हदम्याद वा म्यादभित्र भए वा नभएको, अदालतको अधिकार क्षेत्रभित्र भए वा नभएको, खुलाउनु पर्ने व्यहोरा खुलाएको वा नखुलाएको, लेखाई, प्रस्तुती वा उल्लेखनमा अशुद्धि, अपूर्ण वा अंक र अक्षरमा फरक परे वा नपरेको र सो लिखत अन्य कुनै कारणले वेरीतको भए वा नभएको जाँच गर्नु पर्नेछ ।

१२७. **रीत नपुगेको लिखत सच्याउन मौका दिनु पर्नेः** (१) दफा १२६ बमोजिम जाँच गर्दा त्यस्तो लिखत कानून बमोजिमको ढाँचा नमिलेको, खुलाउनु पर्ने व्यहोरा नखुलाएको, लेखाई, प्रस्तुती वा उल्लेखनमा अशुद्धि वा अपूर्ण भएको वा अङ्क वा अक्षरमा फरक परेको जस्ता त्रुटी देखिएमा र त्यस्ता त्रुटीहरु सच्याई ल्याएमा सो लिखत दर्ता गर्न मिल्ने भएमा अदालतको सम्बन्धित अधिकृतले रीत पुऱ्याई वा सच्याई ल्याउनु पर्ने व्यहोरा सम्बन्धित लिखतमा लेखी मिति समेत उल्लेख गरी अदालतको छाप लगाई दरपीठ गरी भरपाई गराई सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखत दरपीठ भएकोमा तीन दिनभन्दा बढी हदम्याद वा म्याद बाँकी रहेछ भने बाँकी रहेको हदम्याद वा म्यादभित्र र तीन दिन भन्दा कम हदम्याद वा म्याद बाँकी रहेछ भने दरपीठ भएको मितिले तीन दिनभित्र रीत पुऱ्याई वा सच्चाई दर्ता गर्न ल्याएमा त्यस्तो लिखत दर्ता गर्ने आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएकोमा त्यस्तो लिखत दर्ता गर्नु पर्नेछ ।

१२८. **लिखत दरपीठ गर्नु पर्ने:** दफा १२६ बमोजिम जाँच गर्दा त्यस्तो लिखत हदम्याद वा म्यादभित्र नभएको, सम्बन्धित अदालतको अधिकार क्षेत्रभित्र नपर्ने, अदालतले हेर्न नपर्ने वा नहुने वा कानून विपरीत देखिएको जस्ता कारणले दर्ता गर्न नमिल्ने देखिएमा अदालतको सम्बन्धित अधिकृतले दरपीठ गर्नु पर्ने आधार र कारण सोही लिखतमा लेखी मिति समेत उल्लेख गरी लिखत दरपीठ गरी अदालतको छाप लगाई सम्बन्धित व्यक्तिलाई भरपाई गराई फिर्ता दिनु पर्नेछ ।

१२९. **अदालतमा अभिलेख राख्ने:** दफा १२७ बमोजिम फिर्ता दिएको वा १२८ बमोजिम दरपीठ गरिएको लिखतको एक प्रति अदालतमा अभिलेख राख्नु पर्नेछ ।

१३०. **दरपीठ आदेश उपर निवेदन दिन सकिने:** (१) कुनै अदालतका सम्बन्धित अधिकृतले दफा १२८ बमोजिम दरपीठ गरेको विषयमा चित्त नबुझ्ने पक्षले दरपीठ भएको मितिले तीन दिनभित्र त्यस्तो अदालतको न्यायाधीश समक्ष र न्यायाधीश स्वयंले गरेको भए पुनरावेदन सुन्ने अदालत समक्ष निजले पेश गरेको लिखत दर्ता गर्ने आदेश माग गरी निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा त्यस उपर निवेदन परेको मितिले पन्ध्र दिनभित्र दरपीठ गरेको विषय कानून सम्मत भए वा नभएको आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश दिनु अघि न्यायाधीशले कैफियत तलब गरी वा नगरी दरपीठ कानून सम्मत भए वा नभएको सम्बन्धमा सुनुवाई गर्न सक्नेछ र सुनुवाई गर्दा कानून सम्मत भएको नदेखिएमा दरपीठ गरी दर्ता गर्न माग गरिएको लिखत दर्ता गर्न आदेश दिनेछ ।

(४) उपदफा (३) बमोजिम आदेश भएकोमा सो आदेश प्राप्त गरे पछि दरपीठ गर्ने अधिकृतले त्यस्तो लिखत दर्ता गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सुनुवाई गर्दा दरपीठ कानून सम्मत नै भएको देखिएमा न्यायाधीशले सोको कारण खुलाई सो निवेदन रद्द गर्न सक्नेछ ।

नेपाल कानून आयोग

## परिच्छेद-११

## प्रारम्भिक सुनुवाई सम्बन्धी व्यवस्था

१३१. **हकदैया, हदम्याद र अधिकारक्षेत्र नभएको दावी लिन सकिने:** प्रतिवादीले वादीको फिराददावीको सम्बन्धमा प्रतिउत्तरपत्र पेश गर्दा देहायको कुनै वा सबै विषयमा दावी लिन चाहेमा सो विषय प्रतिउत्तरपत्रमा उल्लेख गर्नु पर्नेछ :-

(क) वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको,

(ख) फिरादपत्र हदम्यादभित्र दायर नभएको,

(ग) जुन अदालतमा फिरादपत्र दर्ता भएको छ सो अदालतलाई फिराद दावीका सम्बन्धमा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र नभएको ।

१३२. **प्रारम्भिक सुनुवाई गर्नु पर्ने**ः(१) प्रतिवादीले प्रतिउत्तरपत्र दिंदा दफा १३१ मा उल्लिखित कुनै वा सबै विषयको दावी लिएमा अदालतले त्यस मुद्दामा प्रमाण बुझ्ने, सुनुवाई गर्ने वा किनारा गर्ने कारबाही प्रारम्भ गर्नु अघि त्यस्तो विषयमा प्रारम्भिक सुनुवाई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सुनुवाई गर्दा जुन विषयमा प्रतिवादीको दावी हो त्यस्तो दावीमा सीमित रही प्रारम्भिक सुनुवाई गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रारम्भिक सुनुवाई गर्दा अदालतले सो मुद्दामा वादीलाई फिरादपत्र दर्ता गर्ने हकदैया भए वा नभएको, हदम्यादभित्र नै फिरादपत्र दायर भए वा नभएको वा अदालतलाई फिरादपत्र बमोजिमको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र भए वा नभएको विषयमा निरुपण गरी आदेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनुवाई गर्दा फिरादपत्रमा लिइएका दावी मध्ये कुनै दावीका सम्बन्धमा हकदैया नभएको, हदम्यादभित्र फिराद दायर नभएको वा त्यस्तो दावीका सम्बन्धमा सो अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न अधिकारक्षेत्र नभएको देखिएमा सोही बमोजिम आदेश गर्नु पर्नेछ र बाँकी विषयमा कारबाही गर्नु पर्नेछ ।



नेपाल कानून आयोग

१३३. **<u>मुद्दा खारेज भएमा कारबाही अन्त्य हुने:</u>** (१) दफा १३२ बमोजिम प्रारम्भिक सुनुवाई गर्दा सो मुद्दामा फिरादपत्र दर्ता गर्ने हकदैया नभएको, हदम्यादभित्र मुद्दा दायर नभएको वा जुन अदालतमा फिरादपत्र दर्ता भएको छ त्यस अदालतलाई सो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र नरहेको देखिएमा अदालतले सो मुद्दा खारेज गर्ने आदेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा खारेज गर्ने आदेश भएमा सो मुद्दाको कारबाही अन्त्य हुनेछ।.

१३४. **<u>निरुपण भएको विषयको जिकिर लिन नपाइने:</u>** (१) दफा १३२ बमोजिम आदेश गर्दा अदालतले सो मुद्दामा फिरादपत्र दर्ता गर्ने हकदैया भएको, हदम्याद भित्र नै मुद्दा दायर भएको वा सो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र सो अदालतलाई भएको आदेश गरेमा प्रतिवादीले त्यस मुद्दामा पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनको लागि निवेदन दिंदा त्यस्तो विषयमा दावी लिन सक्ने छैन।

(२) कसैले उपदफा (१) को प्रतिकूल हुने गरी दावी लिएको रहेछ भने पनि सो उपर सुनुवाई हुने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले दफा १३२ को उपदफा (३) बमोजिम गरेको आदेश उपर दफा १६२ बमोजिम सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन बाधा पर्ने छैन।

## परिच्छेद-१२

## <u>तारिख सम्बन्धी व्यवस्था</u>

१३५. **<u>पक्ष वा विपक्षलाई तारेखमा राख्नु पर्ने :</u>** (१) कानून बमोजिम वा अदालतको आदेश बमोजिम तारिखमा बस्नु नपर्ने मुद्दामा बाहेक मुद्दाका प्रत्येक पक्षलाई अदालतले तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(२) अदालतले वादी र प्रतिवादी दुवै पक्षको प्रमाण बुझी सकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमति लिई तारेखमा नबस्न पनि सक्नेछ।

१३६. **<u>एकैदिनको तारिख तोक्नु पर्ने :</u>** (१) दफा १३५ को उपदफा (१) बमोजिम पक्षहरु तारिखमा बसेकोमा अदालतले दुवै पक्षलाई एकै दिनको तारिख तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तारिख तोक्दा फिरादपत्र दर्ताभएपछि वादीलाई प्रतिउत्तरपत्र दाखिला हुने म्यादको अड्कल गरी प्रतिउत्तरपत्र पर्ने वा पर्न सक्ने अवधि कटाई तारिख तोक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकेको तारिख प्रतिवादीले प्रतिउत्तरपत्र दाखिला गरेको अवधिसंग मेल नखाएमा प्रतिउत्तर दाखिला भएपछिका तारिख वादी र प्रतिवादी दुवैलाई एकै दिन हुने गरी तोक्नु पर्नेछ ।

१३७. **तारिख तोक्दा काम उल्लेख गर्नु पर्ने** :(१) अदालतले यस परिच्छेद बमोजिम तारिख तोक्दा के कारण र प्रयोजनको लागि तारिख तोकेको हो र तारिख तोकेको दिन कुन काम सम्पादन हुने हो सो व्यहोरा तारिख पर्चा र तारिख किताबमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिन तोकिएको काम सम्पादन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनासिव कारण परी तोकिएको तारिखका दिन निर्धारित काम सम्पादन हुन नसकेमा वा काम सम्पादन गर्न समयाभावले नभ्याउने भएमा तारिख भरपाईमा सोही व्यहोरा जनाइ अर्को तारिख तोक्नु पर्नेछ ।

(४) तारिख किताव र तारिख पर्चा क्रमशः अनुसूची-९ र अनुसूची-१० बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

१३८. **तारिख जुधाउन नहुने**: (१) कानून बमोजिम वारिस दिएको मुद्दामा वाहेक कुनै मुद्दाको कुनै पक्षको मुद्दा परेको अदालतदेखि पन्ध्र किलोमिटर (करीव चार कोश) बाहिरको अर्को अदालतमा पनि मुद्दा परेको र सो कुरा त्यस्तो पक्षले मुद्दा परेको अदालतलाई निवेदन गरी जानकारी गराएको रहेछ भने त्यस्तो अदालतले तारिख तोक्दा सो कुरालाई विचार गरी अर्को अदालतमा रहेको मुद्दाको तारिखसँग नजुध्ने गरी तोक्नु पर्नेछ ।

(२) एकै अदालतमा एउटै पक्ष वादी वा प्रतिवादी भएको एकभन्दा बढी मुद्दामा तारिखमा बसेकोमा निजले सो व्यहोरा खुलाई एकै दिन तारिख तोक्न अदालतमा निवेदन गरेमा त्यस्तो पक्षको हकमा सम्भव भएसम्म सबै मुद्दाको लागि एकै दिन तारिख तोक्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम तारिख तोकेकोमा मुद्दाको पक्ष कुनै एक फाँटमा तारिखमा हाजिर भएकोमा सोही फाँटका अन्य मुद्दाको तारिखमा निज उपस्थित रहेको मानिनेछ।

(४) यस दफा बमोजिम तारिख तोकिएको दिन मुद्दाको कुनै पक्ष उपस्थित भएकोमा निजलाई तारिख भरपाईमा सहीछाप गराई उपस्थिति जनाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम उपस्थित नभएमा सम्बन्धित पक्षले तारिख गुजारेको मानिनेछ र सो कुरा सम्बन्धित अधिकारीले प्रमाणित गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको तारिख भरपाई सम्बन्धित मिसिलमा संलग्न गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको तारिख भरपाई अनुसूची-११ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

१३९. **भोलिपल्ट तारिख तोकेको मानिने:** अदालतले तारिख तोकेको दिन सार्वजनिक विदा परेको कारणले अदालत नखुलेमा सार्वजनिक विदा समाप्त भएको भोलिपल्टको दिन तारिख तोकिएको मानिनेछ।

१४०. **तारिखमा हाजिर हुनु पर्ने व्यक्ति थुनामा परेमा जानकारी गराउनु पर्ने:** (१) कुनै अदालतमा कुनै मुद्दाको सिलसिलामा तारिख तोकिएको दिन हाजिर हुनु पर्ने व्यक्ति कारणवस थुनामा परेमा सम्बन्धित पक्षले कुन मुद्दामा थुनिएको हो सोको जानकारी मुद्दामा हाजिर हुनु पर्ने अदालतलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम थुनिएको जानकारी पाएमा सम्बन्धित अदालतले निज के कारणबाट थुनामा परेको हो र कति अवधिसम्म थुनामा वस्नु पर्ने हो सोको जानकारी सम्बन्धित निकायबाट माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी माग गरिएकोमा सम्बन्धित निकायले थुनिएको व्यक्ति थुनामा परेको कारण र थुनामा वस्नु पर्ने सम्भाव्य दिन समेत खुलाई थुना मुक्त हुन नसक्ने अवस्था भए सोही कुराको जानकारी मुद्दा परेको अदालतलाई दिनु पर्नेछ।

नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएको जानकारीमा थुनामा परेको व्यक्ति एक महिनासम्ममा छुट्ने रहेछ भने छुटेको मितिले बाटाको म्याद बाहेक सात दिनभित्र थुनामा परेको व्यक्ति तारिखमा हाजिर हुन आएमा सोही दिनलाई हाजिर भएको दिन मानी कानून बमोजिम तारिख तोकी मुद्दाको कारबाही गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सम्बन्धित निकायबाट जानकारी प्राप्त गर्दा तारिखमा हाजिर हुनु पर्ने व्यक्ति एक महिनाभन्दा बढी अवधि थुनामा पर्ने भएमा वा थुनाबाट मुक्त हुने दिनको ठेगान नभए वा थुनाबाट मुक्त हुन नसक्ने अवस्था परेमा निजलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न पर्खनु पर्ने छैन ।

(६) थुनामा परेको व्यक्तिले त्यस्तो अवधिमा आफूले गर्नु पर्ने काम गर्न अरु कसैलाई वारिस दिई पठाएमा त्यसरी नियुक्त वारिसबाट निजको तर्फबाट गर्नु पर्ने काम, कारबाही गर्न सकिनेछ ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कुनै पक्षलाई नझिकाई र नबुझी मुद्दाको किनारा गर्न नहुने भएमा कानून बमोजिम झिकाई बुझी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न सकिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको कारबाही गर्दाकै अवस्थामा तारिखमा बसेको मुद्दाको पक्ष थुनाबाट छुटेमा छुटेको मितिले वाटाको म्याद बाहेक सात दिनभित्र हाजिर हुन आए तारिखमा राखी कारबाही गर्नु पर्नेछ ।

१४१. **तारिख गुजार्न नहुने :**(१) कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक मुद्दाको कुनै पक्ष यस परिच्छेद बमोजिम तारिखमा रहेकोमा अदालतबाट तोकिएको तारिखमा त्यस्तो पक्ष वा निजको वारेस अनुपस्थित भई तारिख गुजार्न हुंदैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिन मुद्दाको कुनै पक्ष अनुपस्थित भई तारिख गुजारेमा यस परिच्छेद बमोजिम तारेख थमाउन पाउने अवधि समाप्त भएपछि देहायका कुरामा देहाय बमोजिम हुनेछ :-

(क) फिरादपत्र पेश गरेपछि प्रतिउत्तरपत्र दाखिला नहुँदै वादीले तारिख गुजारेमा फिराद दावी डिसमिस हुनेछ ।

(ख) प्रतिउत्तरपत्र दाखिला गरेपछि वादीले तारिख गुजारेमा प्रतिवादीले फिराद दावी आंशिक वा पूरै स्वीकारेको देखिन



नेपाल कानून आयोग

आएमा वा ठहरे सो हदसम्म सोही बमोजिम फैसला हुने गरी बाँकी दावी डिसमिस हुनेछ ।

(ग) प्रतिवादीले प्रतिउत्तरपत्र दाखिला नगरेमा वा प्रतिउत्तरपत्र दाखिला गरेपछि तारिख गुजारेमा वादीबाट पेश भएको फिरादपत्र, प्रमाण र प्रतिवादीको प्रमाण बुझी त्यसको आधारमा ठहरे बमोजिम फैसला गर्नु पर्नेछ ।

(घ) फिरादपत्र प्रस्तुत गरेपछि वा प्रतिउत्तरपत्र दाखिला भएपछि वादी तथा प्रतिवादी दुवैले तारिख गुजारेमा सो मुद्दा डिसमिस हुनेछ ।

(३) उपदफा (२) को खण्ड (क), (ख) वा (घ) बमोजिम मुद्दा डिसमिस भएकोमा सोही वादीको सोही प्रतिवादी उपर सोही विषयमा अर्को फिराद दावी लाग्ने छैन ।

१४२. **गुज्रेको म्याद वा तारिख थमाउन सकिने :** दफा १४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा आफ्नो काबू वाहिरको परिस्थिति परी तोकिएको म्याद वा तारिखमा अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले बढीमा दुई पटक एक्काईस दिनसम्मको म्याद वा तारिख थमाउन सक्नेछ ।

१४३. **पटक कायम गर्ने सम्बन्धी व्यवस्था :** (१) मुद्दा दायर गरी तारिख लिई सकेपछि मुद्दाका पक्षले तारिख गुजारेकोमा पटक कायम गर्दा म्याद थमाएको पटक कायम नगरी तारिख गुजारेको मात्र हिसाब गरी पटक कायम गर्नु पर्नेछ ।

(२) मुद्दाका पक्षले म्याद वा तारिख गुजारेकोमा थमाउनको लागि दिन गणना गर्दा म्याद वा तारिख गुज्रेको दिनको भोलिपल्टदेखि थमाउन पाउने दिनसम्मको दिन गणना गरी थमाउने व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट कुनै मुद्दामा पुनः इन्साफ गर्न मातहत अदालतमा मुद्दा पठाएकोमा वा मुलतवी रहेको मुद्दा जगाई कारबाही गर्दा अघि थामे थमाएको म्याद तारेखको पटक कायम गरिने छैन ।

१४४. **गुज्रिएको म्याद वा तारिख थामिनेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था परी मुद्दाको कुनै पक्षले गुज्रेको म्याद वा तारिख थमाउन मुद्दा

नेपाल कानून आयोग

परेको अदालतमा निवेदन दिएमा व्यहोरा मनासिव देखिएमा सो अदालतले म्याद वा तारिख थमाउन आदेश दिनेछः-

(क) म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्ति आफै किरिया वस्नु परेको कारण म्याद वा तारिख गुज्रेमा किरिया समाप्त भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र अदालतमा उपस्थित भई तारिख थमाउन निवेदन गरेमा सो अवधिका लागि गुज्रेको म्याद वा तारिख अदालतले थामी दिनु पर्नेछ ।

(ख) तारिखमा हाजिर हुनु पर्ने महिला सुत्केरी भई म्याद वा तारिख गुज्रन गएकोमा सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक तीस दिनभित्र अदालतमा हाजिर भई निवेदन दिएमा अदालतले सो अवधिका लागि गुज्रेको म्याद वा तारिख थामी दिनु पर्नेछ ।

(ग) खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा सार्वजनिक यातायातको साधन नचल्नाले आवागमन गर्न कठीन भएको कारणले वा अन्य प्राकृतिक प्रकोपको कारणले अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेमा बाटो बन्द भएको मिति र खुलेको मिति खुलाई सम्बन्धित स्थानीय निकाय वा अन्य कुनै सरकारी निकायबाट सो कुराको प्रमाण लिई बाटो खुलेको मितिले बाटोको म्याद बाहेक दश दिनभित्र अदालतमा हाजिर भई निवेदन दिएमा त्यसरी गुज्रेको म्याद तारिख थामी दिनु पर्नेछ ।

(घ) म्याद वा तारिखमा हाजिर हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको कारणले अदालतमा उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेमा सो मुक्त भएको मितिले बाटोको म्याद वाहेक सात दिनभित्र अदालतमा हाजिर भई निवेदन दिएमा त्यसरी गुज्रेको म्याद तारिख थामी दिनु पर्नेछ ।

१४५. **बाटाको म्याद हिसाब गर्ने :** (१) बाटाको म्यादको हिसाब गर्दा यातायातको नियमित सेवा चलेको ठाउँमा रेल र बसबाट आउँदा वास्तविक लागेको दिन र त्यस्तो रेल वा बस

नेपाल कानून आयोग

नचलेको ठाउँको लागि पन्ध्र किलोमिटर (करीव चार कोश) को एक दिनको दरले हिसाब गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाटाको म्याद हिसाब गर्दा पन्ध्र किलोमिटर (करीव चार कोश) देखि घटी दुरीलाई एक दिनको म्याद कायम गर्नु पर्नेछ।

तर जम्मा पन्ध्र किलोमिटर (करीव चार कोश) भन्दा घटी दुरीको बाटोलाई बाटाको म्याद दिइने छैन।

१४६ **<u>थमाउन पाउने अवधिसम्म किनारा गर्न नहुने :</u>** मुद्दाका पक्षले अदालतले तोकेको तारिख वा म्यादमा अनुपस्थित भई म्याद वा तारिख गुजारेमा पनि दफा १४२ वा १४४ बमोजिम थमाउन पाउने अवधि समाप्त नभएसम्म मुद्दाको सुनुवाई गरी किनारा गर्न हुंदैन ।

१४७. **<u>तारिखमा बस्नु नपर्ने:</u>** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम नेपाल सरकार, संवैधानिक निकाय वा अदालत वादी वा प्रतिवादी भएको मुद्दामा नेपाल सरकार, संवैधानिक निकाय वा अदालतको तर्फबाट अदालतमा उपस्थित भई तारिखमा बस्नु पर्ने छैन ।

तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएको दिन त्यस्ता निकायको प्रतिनिधित्व गर्न सरकारी वकील उपस्थित हुनु पर्नेछ ।

१४८. **<u>पुनरावेदन तहको मुद्दामा तारेखमा नराखी कारबाही किनारा गर्न सकिने :</u>** अदालतले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदन तहको मुद्दामा तारेखमा नराखी कारबाही किनारा गर्न सकिनेछ ।

परिच्छेद-१३

## <u>वारिस सम्बन्धी व्यवस्था</u>

१४९. **<u>वारिस नियुक्त गर्न सकिने :</u>** (१) मुद्दाको कुनै पक्षले आफ्नो तर्फबाट अदालतमा मुद्दासंग सम्बन्धित कुनै काम गर्न अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि नियुक्ति भएकोमा वारेस नियुक्त गरिएको मानिनेछ ।



नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम वारेस नियुक्त गर्दा दफा १५१ बमोजिम लिखत गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम नियुक्त भएको वारेस मुद्दाको पक्षले जुनसुकै बखत अदालतमा निवेदन दिई बदर गर्न वा अर्को अख्तियारनामा लेखी अर्को वारेस नियुक्त गर्न सक्नेछ ।

१५०. **वारिस हुने व्यक्तिको योग्यता :** देहायको योग्यता पुगेको व्यक्ति वारिस हुन सक्नेछ :-

(क) कानून बमोजिम करार गर्न योग्य व्यक्ति,

(ख) फैसला बमोजिम सरकारी विगो, फैसला कार्यान्वयन गरे वापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिवाना तिर्न बाँकी नरहेको व्यक्ति,

(ग) कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको व्यक्ति ।

तर यस खण्डमा लेखिएको कुनै कुराले एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्न बाधा पुर्‍याउने छैन ।

१५१. **अख्तियारनामाको लिखतमा खुलाउनु पर्ने व्यहोराः** (१) यस परिच्छेद बमोजिम वारिस नियुक्त गर्नको लागि लेखिएको अख्तियारनामामा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) वारिस नियुक्त गर्नु पर्ने कारणको संक्षिप्त विवरण,

(ख) वारिस दिने र वारिस हुने व्यक्तिको पूरा नाम, ठेगाना र उमेर तथा निजको नागरिकता नम्वर वा पहिचान हुने अन्य विवरण,

(ग) वारिसले गर्नु पर्ने कामको विवरण,

(घ) फैसला बमोजिम सरकारी विगो, फैसला कार्यान्वयन गरे वापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिवाना तिर्न बाँकी नरहेको व्यहोरा,

(ङ) अख्तियारनामा लेखिएको ठाउँ र मिति ।

नेपाल कानून आयोग

(२) अख्तियारनामाको लिखत तयार गर्दा अनुसूची-१२ को ढाँचामा तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अख्तियारनामामा कारणीको सहीछाप गरी कम्तीमा दुईजना साक्षी र अख्तियारनामा लेख्ने लेखकको पहिचान समेत उल्लेख गर्नु पर्नेछ ।

१५२. **एकभन्दा बढी मुद्दामा वारिस हुन सक्ने :** एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दाको वा एउटै मुद्दामा एकभन्दा बढी व्यक्तिहरुबाट वारिस नियुक्त हुन सक्नेछ ।

तर कुनै मुद्दामा एकै पटक एउटै व्यक्ति पक्ष र विपक्ष दुवैको वारिस नियुक्त हुन सक्ने छैन ।

१५३. **पक्ष वारिस हुन सक्ने :** कुनै मुद्दामा एउटै पक्षका दुई वा सो भन्दा बढी व्यक्ति वादी वा प्रतिवादी भएकोमा त्यस्ता व्यक्तिहरु मध्ये कुनै एक व्यक्तिलाई सोही मुद्दामा वारिस नियुक्त गर्न सकिनेछ ।

१५४. **एकभन्दा बढी अदालतमा वारिस नियुक्त हुन सक्ने :** कुनै एक अदालतमा विचाराधीन रहेको मुद्दामा वारिस नियुक्त भएको व्यक्ति अर्को अदालतमा विचाराधीन रहेको अर्को मुद्दामा वारिस नियुक्त हुन सक्नेछ ।

१५५. **वारिसको अधिकार :** वारिसको अधिकार मुद्दाका पक्षले वारिस नियुक्त गर्दाका बखत अख्तियारनामामा लेखिए बमोजिम हुनेछ ।

१५६. **अख्तियारनामा रीतपूर्वकको हुनु पर्ने :** (१) अदालतले अख्तियारनामा दर्ता गर्नु अघि त्यस्तो अख्तियारनामा यस परिच्छेद बमोजिम रीत पुगे वा नपुगेको जाँच गरी रीतपूर्वकको देखिएमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा अख्तियारनामा रीत नपुगेको देखिएमा रीत नपुगेको कारण खुलाई रीत पुऱ्याई ल्याउन तीन दिनको म्याद दिई दरपीठ गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरपीठ गरिएको अख्तियारनामा म्यादभित्र रीत पुऱ्याई ल्याएमा अदालतले त्यस्तो अख्तियारनामा दर्ता गर्नु पर्नेछ ।

१५७. **वारिस परिवर्तन गर्न वा आफै मुद्दा सकार गर्न सकिने:** (१) एकपटक वारिस नियुक्त गरेकोमा मुद्दाको पक्षले चाहेमा जुनसुकै बखत आफूले दिएको अख्तियारनामा बदर गरी अर्को वारिस नियुक्त गर्न वा आफैंले मुद्दा सकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वारिस नियुक्त भएकोमा वा पक्ष आफैले मुद्दा सकार गरेकोमा वारिस नियुक्त गरिएको अख्तियारनामा मुद्दाको मिसिल संलग्न राखी वा पक्ष आफैंले मुद्दा सकार गरेको भए सोको अभिलेख राख्नु पर्नेछ ।

१५८. **अधिकृत वारिस सम्बन्धी व्यवस्था:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो तर्फबाट कुनै मुद्दाको किटान गरी वा नगरी फिराद गर्ने, प्रतिउत्तरपत्र दर्ता गर्ने, फिराद दावी फिर्ता गर्ने वा मिलापत्र गर्ने वा अन्य कानूनी काम कारबाहीका लागि अख्तियारनामा लेखी अधिकृत वारिस नियुक्त गर्न सक्नेछ ।

(२) अधिकृत वारिस नियुक्त भएको मुद्दामा सम्बन्धित पक्षलाई बुझाउनु पर्ने वा तामेल गर्नु पर्ने म्याद अधिकृत वारिसलाई बुझाएमा वा तामेल गरेमा रीतपूर्वक बुझाएको वा तामेल गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजम अधिकृत वारिस नियुक्त भएको व्यक्तिले आफैले मुद्दाको कारबाहीमा अदालतमा उपस्थित हुन वा अर्को व्यक्तिलाई वारिस नियुक्त गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम कुनै मुद्दा किटान नगरी सामान्य रुपमा अधिकृत वारेस नियुक्त गर्दा त्यस्तो अख्तियारनामा नेपालभित्र भए कुनै जिल्ला अदालतको न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतको रोहबरमा वारिस नियुक्ति गर्ने व्यक्तिले सहीछाप गरी सो अख्तियारनामा निजबाट प्रमाणित गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अख्तियारनामा प्रमाणित गर्दा अख्तियारनामाको कुनै भागमा वारिस नियुक्त गर्ने र वारिस नियुक्त भएको व्यक्तिको फोटो टाँसी निजको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम अख्तियारनामा प्रमाणित गर्दा दुई सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

१५९. **अधिकृत वारिस मार्फत अचल सम्पत्तिको हक हस्तान्तरण गर्न सकिने :** (१) आफ्नो हक र स्वामित्वको कुनै अचल सम्पत्ति विक्री वितरण वा सट्टा पट्टा गर्दा, हालैको बकसपत्र गरिदिंदा वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्दा वा कानून बमोजिम रजिष्ट्रेशन गर्नु

पर्ने लिखत गर्दा कुनै कारणवस सम्बन्धित कार्यालयमा उपस्थित हुन नसक्ने व्यक्तिले आफू उपस्थित हुन नसक्ने मनासिब कारण खुलाई अख्तियारनामाद्वारा अधिकृत वारिस नियुक्त गरी त्यस्तो सम्पत्ति विक्री वितरण, सट्टापट्टा, हालैको बकसपत्र वा अन्य कुनै किसिमबाट हक हस्तान्तरण वा कुनै किसिमको लिखत रजिष्ट्रेशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकृत वारिस नियुक्त गर्दा दफा १५८ को उपदफा (४) र (५) बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अधिकृत वारिस नियुक्त भएको व्यक्तिले निजलाई दिएको अख्तियारनामाको शर्तको अधीनमा रही वारिस नियुक्त गर्ने व्यक्तिको तर्फबाट गर्नु पर्ने कार्य सम्पादन गर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत वारिस नियुक्त गरी शेषपछिको बकसपत्र वा इच्छापत्र गर्न सकिने छैन।

१६०. **<u>अधिकृत वारिसको हैसियत अन्त्य हुने</u>:** देहायको अवस्थामा यस परिच्छेद बमोजिमको अधिकृत वारिसको हैसियत स्वतः अन्त्य हुनेछः-

(क) कुनै निश्चित काम, प्रयोजन र समयावधि किटान गरी दिएको अधिकृत वारिस भए त्यस्तो काम, प्रयोजन वा अवधि समाप्त वा भुक्तान भएमा,

(ख) कुनै खास घटना वा अवस्था पूरा भएपछि वा त्यस्तो घटना वा अवस्था अन्त्य भएपछि कायम नरहने गरी अधिकृत वारिस लिएको भएमा त्यस्तो अवस्था पूरा भएमा वा नरहेमा,

(ग) वारिस नियुक्त गर्ने व्यक्तिले राष्ट्रिय स्तरका कुनै दुई दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी वारिस बदर गरेमा,

(घ) अख्तियारनामा बमोजिमको काम पूरा हुनु अघि नै वारिस दिने वा वारिस लिने व्यक्तिको मृत्यु भएमा,

(ङ) वारिस मार्फत हक हस्तान्तरण गर्ने भनिएको सम्पत्तिको सम्बन्धित व्यक्ति आफै उपस्थित भई हक हस्तान्तरण गरेमा,

नेपाल कानून आयोग

(च) अख्तियारनामा बमोजिमको सम्पत्तिका सम्बन्धमा वारिस नियुक्त गर्ने व्यक्ति र वारिस नियुक्त भएको वा निजको एकासगोलको व्यक्ति बीच अदालतमा मुद्दा परेमा,

(छ) अधिकृत वारिसको हैसियतमा काम गर्न अनिच्छा प्रकट गरी वारिस नियुक्त गर्ने व्यक्तिलाई लिखित जानकारी दिएमा,

(ज) अधिकृत वारेसनामा दिने र लिने व्यक्ति बीच अदालतमा कुनै मुद्दा परेमा ।

## परिच्छेद-१४

## अन्तर्कालीन वा अन्तरिम आदेश सम्बन्धी व्यवस्था

१६१. **अन्तर्कालीन आदेश जारी गर्न निवेदन दिनु पर्ने:** (१) कुनै मुद्दाको कारबाहीको सिलसिलामा कुनै काम कारबाही तत्काल नरोकेमा वा कुनै कार्य तत्काल नगरेमा वा मुद्दाको मागदावीका सम्बन्धमा कुनै विषय यथास्थितिमा नराखेमा फिरादपत्र वा पुनरावेदनपत्रको माग दावी निरर्थक हुने भएमा सोही व्यहोरा उल्लेख गरी वादी वा पुनरावेदकले सम्बन्धित अदालतमा कुनै विषयमा अन्तर्कालीन आदेश जारी गर्ने माग राखी निवेदन दिन सक्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "अन्तर्कालिन आदेश" भन्नाले मुद्दामा हुने निर्णय वा फैसला बाहेकका अन्य आदेश सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर सुनुवाई गर्दा त्यस्तो आदेश जारी हुन उपयुक्त देखिएमा अदालतले कारण खुलाई कुनै विषयमा अन्तर्कालीन आदेश जारी गर्न सक्नेछ ।

१६२. **अन्र्तकालीन आदेश उपर निवेदन दिन सक्ने:** (१) मुद्दाको कारबाहीको सिलसिलामा तल्लो अदालतबाट भएका देहायका आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो आदेश वदर वा रद्द गर्न सो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछः-

(क) मुद्दाका पक्षलाई तारेखमा राखेको, जमानत लिएको, अदालती शुल्क लिएको,

(ख) परिच्छेद- १० बमोजिम मुद्दा दर्ता गर्न नमिल्ने भनी गरेको दरपीठको आदेश उपर न्यायाधीश समक्ष उजुर गरेकोमा सो उजुर रद्द भएको,

(ग) परिच्छेद-११ बमोजिम प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद वा अधिकार क्षेत्र सम्बन्धी विषय निरुपण गरी आदेश गरेको,

(घ) मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा भएको काम कारबाहीमा म्याद नाघेको वा मुद्दामा कानून बमोजिम गर्नु पर्ने कारबाही निर्धारित अवधिभित्र नगरी वेरीत भएको जिकिर लिई सो वेरीतको आदेश बदर गराउन समेत मुद्दाको पक्षले सो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन परेकोमा पुनरावेदन सुन्ने अदालतले आवश्यकतानुसार सम्बन्धित अदालतबाट प्रतिवेदन र मिसिल झिकाई सुनुवाई गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनुवाई गर्दा तल्लो अदालतले गरेको आदेश वेरीतको देखिएमा वा म्याद नाघेको देखिएमा सोको कारण खुलाई त्यस्तो आदेश बदर गर्न, रद्द गर्न वा कानून बमोजिम गर्न आदेश गर्न सक्नेछ ।

१६३. **<u>अन्तरिम आदेश जारी गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै निषेधाज्ञाको निवेदनका सम्बन्धमा त्यस्तो निवेदनको अन्तिम किनारा नभएसम्मका लागि कुनै मागदावीको कुनै विषय यथास्थितिमा नराखेमा निवेदनको माग दावी निरर्थक हुने व्यहोरा जनाई अन्तरिम आदेश जारी गर्न माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेमा अदालतले उचित र आवश्यक देखेमा निवेदनको टुङ्गो नलागेसम्मको अवधिको लागि देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः-

(क) खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न,

(ख) खण्ड (क) बमोजिम जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउने आदेश गर्न,

नेपाल कानून आयोग

(ग) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति पुगेको अवस्था देखिएमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा शर्त सहितको अन्तरिम आदेश जारी गर्न,

(घ) निवेदन माग दावीको विषय यथास्थितिमा नरहेमा निवेदनको माग दावी निरर्थक हुने देखिएमा सो विषय यथास्थितिमा राख्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निवेदन अन्तरिम आदेशको लागि पेश भएकोमा सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने लागेमा अदालतले सो विषयमा अन्तिम निर्णय गर्न वाधा पर्नेछैन ।

(४) उपदफा (२) बमोजिम जारी गरिएको अन्तरिम आदेश निवेदनको अन्तिम टुङ्गो लागे पछि स्वतः रद्द भएको मानिनेछ ।

(५) उपदफा (२) बमोजिम जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदक पक्षको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात् सो अन्तरिम आदेश निष्क्रिय हुनेछ ।

(६) यस दफा बमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा त्यसको कारण खुलाउनु पर्नेछ ।

१६४. **<u>अन्तरिम आदेश रद्द हुने:</u>** (१) एक पक्षीय सुनवाई गरी अन्तरिम आदेश जारी भएको वा आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएको कारण खुलाई दफा १६३ बमोजिम जारी भएको अन्तरिम आदेश रद्द गर्ने माग गरी कुनै पक्षले सोही अदालतमा निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा अदालतले अर्को पक्ष झिकाई त्यस उपर सुनुवाई गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा अदालतले दफा १६३ बमोजिम जारी गरेको अन्तरिम आदेश रद्द गर्न उपयुक्त देखेमा त्यस्तो आदेश रद्द गर्ने आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो आदेश रद्द नगरी त्यसका शर्तहरु संशोधन वा हेरफेर हुन उपयुक्त देखिएमा कारण खुलाई दफा १६३ को उपदफा (२) बमोजिम जारी गरेको अन्तरिम आदेशका शर्त संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१६५. **क्षतिपूर्ति दिनु पर्ने:** दफा १६३ बमोजिम जारी भएको अन्तरिम आदेश रद्द भएकोमा वा त्यसका शर्तहरु संशोधन वा हेरफेर भएकोमा त्यसरी रद्द हुनु वा संशोधन वा हेरफेर हुनु अगाडि अन्तरिम आदेशको कारणबाट कुनै काम कारबाही गर्न नसकी कुनै पक्षलाई हानि नोक्सानी भएकोमा त्यस्तो पक्षले अन्तरिम आदेश माग गर्ने पक्ष विरुद्ध भएको हानि नोक्सानीको रकम उल्लेख गरी क्षतिपूर्ति माग गर्न सम्बन्धित अदालतमा निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा अदालतमा सम्बन्धित पक्षहरु उपस्थित गराई अदालतले सुनुवाई गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा अन्तरिम आदेश जारी भएको कारणले निवेदकलाई वास्तविक रुपमा हानि नोक्सानी भएको देखिएमा अदालतले हानि नोक्सानी वापत क्षतिपूर्ति भराउने आदेश दिन सक्नेछ ।

तर काल्पनिक वा अप्रत्यक्ष हानि नोक्सानी वापत क्षतिपूर्ति भराउने आदेश हुन सक्ने छैन।

(४) उपदफा (३) बमोजिम आदेश भएकोमा अन्तरिम आदेशको माग गर्ने पक्षले त्यस्तो आदेश बमोजिमको क्षतिपूर्ति भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-१५

## लिखित प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

१६६. **प्रमाण सम्बन्धी लिखत पेश गर्नु पर्ने:** (१) वादी वा प्रतिवादीले फिरादपत्रमा उल्लेखित दावी वा प्रतिवादीले प्रतिउत्तरपत्रमा उल्लेख गरेको जिकिरसंग सम्बन्धित लिखित प्रमाणको सक्कल र सोको प्रतिलिपि फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सक्कल प्रमाणलाई सोको प्रतिलिपिसँग भिडाई सक्कल प्रमाण सम्बन्धित पक्षलाई फिर्ता गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम फिर्ता गरिएको सक्कल अदालतले मागेका वखत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम दाखिला नगरेको प्रमाण सम्बन्धित मुद्दामा प्रमाणको रुपमा लिन सकिने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी वा प्रतिवादी हुने मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्दाका बखत कारणवस तत्काल लिखित प्रमाण दाखिला गर्न नसक्ने भएमा सोको कारण खुलाई कुन कार्यालयमा त्यस्तो प्रमाण रहेको छ वा रहन सक्ने हुन्छ सोको विवरण फिरादपत्र वा प्रतिउत्तरपत्रमा खुलाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विवरण उल्लेख भएकोमा अदालतले त्यस्तो प्रमाण आवश्यकतानुसार आफै झिकाई बुझ्न सक्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लिखित प्रमाणको सक्कल प्रति तत्काल अदालतमा दाखिला गर्न नसकिने भएमा सोको कारण सहित फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै रीतपूर्वकको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१६७. **प्रमाणको उल्लेखन गर्नु पर्नेः** (१) दफा १६६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लिखित प्रमाणको तत्काल सक्कल प्रति वा त्यसको प्रतिलिपि उपलब्ध हुन नसक्ने तर त्यस्तो प्रमाण कुनै व्यक्ति वा संस्थाको जिम्मामा रहेको भएमा सो कुरा वादी वा प्रतिवादीले फिरादपत्र वा प्रतिउत्तरपत्रमा उल्लेखन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण उल्लेखन भएकोमा त्यस्तो प्रमाण बुझ्नु पर्ने देखिएमा अदालतले सम्बन्धित व्यक्ति वा संस्थालाई त्यस्तो प्रमाणको सक्कल प्रति अदालतले तोकेको अवधिभित्र अदालतमा दाखिला गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएकोमा त्यस्तो व्यक्ति वा संस्थाले त्यस्तो प्रमाण अदालतले तोकेको अवधिभित्र दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमाण दाखिला नगर्ने व्यक्ति वा संस्थाका प्रमुख पदाधिकारीलाई अदालतले पाँचसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

नेपाल कानून आयोग

१६८. **समय माग गर्न सक्ने:** (१) कुनै लिखित प्रमाण फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्दाका बखत कुनै कारणवस दाखिला गर्न सम्भव नभएमा त्यसको कारण खुलाई वादी वा प्रतिवादीले समय माग गरेमा कारण मनासिव देखिएमा अदालतले पन्ध्र दिनसम्मको समय दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र वादी वा प्रतिवादीले त्यस्तो प्रमाण अदालतमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र दाखिला नभएको प्रमाण मुद्दामा प्रमाणको रुपमा बुझ्न सकिने छैन ।

१६९. **अनुमति माग गर्न सकिने:** फिरादपत्र वा प्रतिउत्तरपत्र दर्ता गर्दाका बखत वादी वा प्रतिवादीको जानकारीमा नआएको कुनै नयाँ र महत्वपूर्ण लिखित प्रमाण जानकारीमा आएमा वा पत्ता लागेमा त्यस्तो प्रमाण पेश गर्न वादी वा प्रतिवादीले अनुमति माग गरेमा व्यहोरा मनासिव देखिएमा अदालतले त्यस्तो प्रमाण दाखिला गर्न अनुमति दिई सो प्रमाण बुझ्न सक्नेछ ।

१७०. **सक्कल लिखत फिर्ता गर्नु पर्ने:** (१) यस परिच्छेद बमोजिम प्रमाण कागजातको सक्कल प्रति र सोको प्रतिलिपि दाखिला भएपछि त्यस्तो प्रमाण कागजातको प्रतिलिपिमा त्यसरी प्रमाण दाखिला गर्ने व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दाखिला भएको प्रमाण कागजातको प्रतिलिपि सक्कल लिखतसँग भिडाई अदालतका सम्बन्धित अधिकृतले प्रतिलिपि प्रमाणित गरी सम्बन्धित मिसिलमा संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाणित प्रतिलिपि मिसिल संलग्न गरेपछि उपदफा (१) बमोजिम दाखिला भएको सक्कल प्रमाणको कागजात सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

१७१. **प्रतिउत्तरपत्र पेश नभई प्रमाण बुझ्न नसकिने:** कानून बमोजिम बाहेक सामान्यतय: फिराद दावी पेश भएकोमा प्रतिउत्तरपत्र दाखिला नभई वा प्रतिउत्तरपत्र पर्न सक्ने अवधि व्यतित नभई प्रमाण बुझ्ने कारबाही गर्न सकिने छैन ।

१७२. **प्रमाण बुझ्नु पर्ने:** फिरादपत्र वा प्रतिउत्तरपत्रमा उल्लेख भएको सरकारी कार्यालयमा रहेको कुनै कागजात प्रमाणको रुपमा बुझ्नु पर्ने देखिएमा प्रतिउत्तरपत्र पेश भएको



नेपाल कानून आयोग

मितिले र प्रतिउत्तरपत्र पेश नभएकोमा प्रतिउत्तरपत्र पेश हुन सक्ने अवधि व्यतित भएको मितिले सामान्यतया सात दिनभित्र त्यस्तो प्रमाण बुझ्न आदेश दिनु पर्नेछ।

१७३. **ठहर गर्नु पर्ने कुरामा प्रमाण बुझ्नेः** (१) प्रतिउत्तरपत्र परी मुद्दाका पक्षहरुको उपस्थितिको निमित्त तोकिएको तारिखमा वादी र प्रतिवादीको रोहवरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत हेरी वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछ समेत गरी त्यसबाट दुवै पक्षको कुरा मिले वा नमिलेको अदालतले यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम यकिन गर्दा वादी दावीका सम्बन्धमा दुबै पक्षको कुरा मिलेको देखिन आएमा अदालतले सोही दिन निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम यकिन गर्दा दुवै पक्षको कुरा आंशिक वा पूर्ण रुपमा नमिलेको देखिन आएमा जुन जुन कुरा नमिली ठहर गर्नु पर्ने हो सो कुराहरु र त्यस सम्बन्धमा बुझ्नु पर्ने थप अन्य प्रमाण स्पष्ट खुलाई सबुत प्रमाण झिकाउन आदेश दिई सबुत प्रमाण बुझ्ने तारिख तोक्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ठहराउनु पर्ने विषयसँग सम्बद्ध कुरा बाहेक अन्य कुरामा प्रमाण बुझ्न सकिने छैन।

१७४. **लिखत पेश गर्न अदालतले आदेश दिन सक्नेः** (१) मुद्दाका पक्षले प्रस्तुत गर्न नसकेको वा नसक्ने तर मुद्दामा ठहर गर्न आवश्यक कुनै व्यक्तिको कब्जामा रहेको लिखत पेश गर्न भनी अवधि तोकी त्यस्तो व्यक्तिलाई मुद्दाको कारबाहीको क्रममा जुनसुकै बखत अदालतले आदेश दिन सक्नेछ।

(२) मुद्दामा ठहर गर्नु पर्ने विषयसँग सम्बन्धित प्रमाण लाग्ने लिखत अदालतले त्यस्तो प्रमाण रहेको जुनसुकै व्यक्तिबाट पनि दाखिला गराउन आदेश गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम आदेश भएकोमा आदेशमा तोकिएको अवधिभित्र सम्बन्धित व्यक्तिले सो लिखत अदालतमा आफै उपस्थित भई वा अरु कुनै व्यक्ति मार्फत पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लिखत पेश नगर्ने वा लिखत पेश गर्न नसकेको मनासिव कारण उल्लेख नगरी अदालतमा उपस्थित नहुने वा निवेदन नगर्ने व्यक्तिलाई अदालतले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

नेपाल कानून आयोग

१७५. **प्रमाण बुझ्ने क्रमः** (१) अदालतले अन्यथा आदेश दिएकोमा बाहेक अदालतको आदेश बमोजिम अदालतले प्रमाण बुझ्न तोकिएको तारिखका दिन प्रमाण बुझ्दा सामान्यतयः वादीले पेश गरेको प्रमाण बुझेपछि प्रतिवादीले पेश गरेको प्रमाण बुझ्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण बुझ्दा कुनै लिखत वा सबुत प्रमाणको रुपमा लिन नहुने वा असान्दर्भिक भएको विषय भनी कुनै पक्षले तत्काल कुनै आपत्ति गरेमा त्यस्तो आपत्ति मनासिब भए वा नभएको सम्बन्धमा न्यायाधीशले तत्काल आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश गर्दा कुनै पक्षले पेश गरेको लिखतलाई प्रमाणको रुपमा लिन नहुने वा असान्दर्भिक भएको ठहर गरेमा सो कुरा अभिलेख गरी मिसिल संलग्न गर्नु  पर्नेछ ।

१७६. **कागज गराउन सकिने :** (१) मुद्दाका पक्षसँग अदालतले सोध्नु परेको मुद्दासँग सम्बन्धित आवश्यक विषयमा अदालतले वादी वा प्रतिवादीको रोहबरमा जुनसुकै बखत सोधी कागज गराउन सक्नेछ ।

(२) कानून बमोजिम फिरादपत्र लिई कारबाही, सुनुवाई र किनारा गर्नु पर्ने विषयमा बाहेक अरु कुनै उजूरीबाट कारबाही, सुनुवाई गरी किनारा गर्नु पर्ने मुद्दामा अदालतले वादी प्रतिवादीसँग जो खुलाउनु पर्ने कुराको प्रमाण समेत खुलाई बयान गराई अभिलेख गरी कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

१७७. **सद्दे किर्तेमा वयान गराउनु पर्नेः** (१) सबुत प्रमाण बुझ्न तोकिएको तारिखमा वादीले दाखिला गरेको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीले दाखिला गरेको प्रमाणको कागज वादीलाई सक्कलै देखाई सुनाई निजले सो कागजलाई सद्दे, कीर्ते वा जालसाजी नामाकरण गरेमा सोही व्यहोराको वयान गराई अभिलेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम देखाउँदा वा सुनाउँदा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई म्याद माग गरेमा तीन दिनसम्मको म्याद दिनु पर्नेछ ।

(३) मुद्दाको पक्ष बाहेक अरुको सहीछाप परेको कागज पेश भएकोमा तत्काल सद्दे, कीर्ते वा जालसाजी छुट्याई नामाकरण गर्न नसक्ने भई मुद्दाका कुनै पक्षले म्याद मागेमा प्रमाण सहित सद्दे, कीर्ते वा जालसाजीमा वयान गर्न बढीमा पन्ध्र दिनसम्मको म्याद दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको म्यादभित्र वयान गर्ने व्यक्तिले सद्दे, कीर्ते वा जालसाजी  जे नामाकरण गर्दछ सोको बयान गराई अभिलेख गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम वयान गराउँदा कीर्ते वा जालसाजी हो भन्ने वयान भएकोमा सो दिन मुद्दाका सबै पक्षहरु हाजिर रहेको भए निजहरुको सोही दिन र कुनै पक्ष हाजिर नरहेको भए त्यस्तो पक्षको हकमा त्यसपछि हाजिर भएकै दिन वयान गराउनु पर्नेछ ।

(६) कुनै पक्षको वारिस वा कानून व्यवसायी तारिखमा रहेको भएमा सम्बन्धित पक्षलाई नै झिकाउनु आवश्यक देखिएमा पक्षलाई झिकाई निजको वयान गराउनु पर्नेछ ।

(७) यस दफा बमोजिम प्रमाणको कागज देखाउँदा वा सुनाउँदा सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भएमा अदालतले त्यस्तो प्रमाणको कागज जाँच गर्न सम्बन्धित विशेषज्ञ समक्ष पठाउन सक्नेछ ।

१७८. **सद्दे, कीर्ते वा जालसाजीको लागि सुनाउनु नपर्नेः** (१) कानून बमोजिम प्रमाण लिन नसकिने लिखत सद्दे, कीर्ते वा जालसाजीको प्रयोजनको लागि सुनाउनु वा देखाउनु पर्ने छैन ।

(२) कुनै प्रतिवादीले पेश गरेको लिखतबाट अन्य कुनै प्रतिवादीलाई असर पर्ने रहेछ भने दफा १७७ को प्रक्रिया अवलम्वन गरी असर पर्ने प्रतिवादीलाई देखाई सुनाई वयान गराउनु पर्नेछ ।

१७९. **पुनरावेदन सुन्ने अदालतबाट प्रमाण बुझ्नेः** पुनरावेदन परी वा केही व्यहोराले इन्साफ जाँचिने अदालतमा  आएका मुद्दामा प्रमाणको लागि दाखिल भएका लिखित प्रमाणहरु सद्दे वा कीर्ते छुट्याई इन्साफ गर्नु पर्ने अवस्था देखिएकोमा त्यस्तो कार्यविधि पूरा नगरी तल्लो अदालतबाट मुद्दा फैसला भएको रहेछ भने पुनरावेदन सुन्ने अदालतले सो कागज सक्कलै झिकाई पक्षको  बयान गराउनु पर्नेछ।

१८०. **उसै मुद्दामा वयान लिई कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेः** कुनै अदालतमा परिरहेको कुनै देवानी मुद्दामा प्रतिवादीको प्रतिउत्तरपत्र वा वयानबाट उठेको कानून बमोजिम फौजदारी कायम हुने मुद्दा सोही मिसिलबाट नै वयान लिई कारबाही गर्नु पर्नेछ ।

तर कुनै ऐन बमोजिम खास किसिमका मुद्दा मात्र हेर्ने अदालतले भने सोही ऐन बमोजिम सो मुद्दामा मात्र कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

१८१. **असर पर्ने पक्षलाई बुझ्नु पर्ने:** कुनै मुद्दासँग सम्बन्धित मिसिल संलग्न कागजातको अध्ययनबाट त्यस्तो मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक अर्को तेस्रो कुनै व्यक्तिको हकमा समेत असर पर्ने भएमा वा त्यस्तो व्यक्ति समेत मुद्दामा सम्बन्धित देखिन आएमा त्यस्तो व्यक्तिलाई समेत बुझी निजलाई आफ्नो कुरा भन्ने मनासिब समय र मौका दिई निजले पेश गरेको प्रमाणको आधारमा समेत निजलाई कारणी सरह तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

१८२. **नाप, जाँच वा नक्सा गर्न सकिने:** (१) मुद्दामा विवाद परेको अचल सम्पत्तिको नाप, नक्सा वा नाप जाँच नगरी विवादको निरोपण गर्न नहुने देखिएमा अदालतले त्यस्तो सम्पत्तिको नाप, जाँच वा नक्सा गराउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भई नाप, जाँच वा नक्सा गराउँदा दुवै पक्षलाई त्यस्तो नाप, नक्सा वा जाँच गर्नु पर्ने ठाउँ तोकी सो ठाउँमा हाजिर हुन जानु भनी तारेख तोकी वा तारिखको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तारिख तोकिएकोमा सो तारिखको दिन अदालतका कम्तीमा राजपत्रअनंकित द्वितीय श्रेणीका एक जना कर्मचारी र अमिन समेत गई मुद्दाका दुवै पक्ष र उपलब्ध भएसम्म स्थानीय निकायका कम्तीमा एकजना प्रतिनिधि र कम्तीमा दुईजना स्थानीय व्यक्तिहरु समेत राखी जुन घर, पर्खाल वा अन्य अचल सम्पत्तिको नाप, नक्सा वा जाँच गर्न पर्ने हो सो नापी जाँची नक्सा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नाप, जाँच वा नक्सा गर्दा त्यस्तो नक्सा मुचुल्कामा सम्बन्धित पक्ष, स्थानीय व्यक्ति र स्थानीय निकायका प्रतिनिधिको सहीछाप गराई सम्बन्धित कर्मचारीले समेत सहीछाप गरी अदालतमा दाखिला गरी सम्बन्धित मिसिल सामेल राख्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम नाप जाँच वा नक्सा गर्दा पक्षहरु उपस्थित नभएमा वा उपस्थित भए पनि सहीछाप गर्न निजहरुले मञ्जुर नगरेमा वा पक्षहरु तारिखमा हाजिर नभएको मुद्दा भए उपदफा (४) बमोजिमका अन्य व्यक्तिहरु राखी जो गर्नु पर्ने नक्सा, नाप वा जाँच गरी पक्ष उपस्थित नभएको वा भए पनि सहीछाप नगरेको व्यहोरा कैफियत जनाई खटिएका कर्मचारीको र स्थानीय निकायको कम्तीमा एकजना प्रतिनिधिको सहीछाप गराई अदालतमा दाखिला गरी मिसिल सामेल राख्नु पर्नेछ ।

नेपाल कानून आयोग

(६) यस दफा बमोजिम स्थानीय निकायको प्रतिनिधि उपस्थित हुनु पर्नेमा निजलाई सूचना दिंदा पनि उपस्थित नभएमा निज उपस्थित नभएको कारणले मात्र अन्य कार्यविधि पूरा भएको नाप, जाँच वा नक्सा रीतपूर्वक नै भए गरेको मानिनेछ।

(७) यस दफा बमोजिम रीत नपुगेको नाप, जाँच वा नक्सा प्रमाणको लागि ग्राह्य हुने छैन ।

१८३. **ठाउँ अवलोकन गर्न सकिने:** (१) मुद्दाको विषयवस्तुको जटिलताको कारणले त्यस्तो विषयवस्तु यथार्थरुपमा अदालत समक्ष दाखिला गर्न सम्भव नहुने देखिएमा वा प्रमाणमा दिएको वस्तु विवादको विषय वा अचल सम्पत्ति रहेको ठाउँमा नै गई प्रत्यक्ष अवलोकन वा निरीक्षण गर्नु पर्ने देखिएमा न्यायाधीशले सोको कारण खुलाई आदेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा सो प्रयोजनको लागि अग्रीम रुपमा दिन तोकी न्यायाधीश आफै वा अदालतको आदेश बमोजिम तोकिएको प्राविधिज्ञ वा अन्य कुनै कर्मचारीले अवलोकन वा निरीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको प्राविधिज्ञ वा अन्य कुनै व्यक्तिले अवलोकन वा निरीक्षण गरेकोमा मुद्दाको विषयवस्तुसँग सान्दर्भिक विषयमा मात्र प्रतिवेदन तयार गरी अदालतमा पेश गर्नु पर्नेछ।

परिच्छेद-१६

## साक्षी परीक्षण सम्बन्धी व्यवस्था

१८४. **पक्षले साक्षी उपस्थित गराउनु पर्ने:** (१) मुद्दाका पक्षले प्रमाणको रुपमा उल्लेख गरेका साक्षीलाई साक्षी परीक्षणका लागि अदालतद्वारा तोकिएको तारिखका दिन पक्ष आफैंले उपस्थित गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिन उपस्थित नभएका साक्षीको परीक्षण हुन सक्ने छैन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साक्षी उपस्थित गराउनको लागि तोकिएको तारिखका दिन दफा १४४ को खण्ड (ग) को अवस्था परी अदालतमा साक्षी उपस्थित गराउन नसकेकोले अर्को तारिख तोकी पाउन त्यस्तो अवस्था परेको कुरा सम्बन्धित स्थानीय निकाय वा अन्य कुनै सरकारी निकायबाट सो कुराको

प्रमाण लिई बाटो खुलेको मितिले बाटोको म्याद बाहेक दश दिनभित्र निवेदन दिएमा निवेदन दिएको सात दिनभित्र साक्षी परीक्षण गराउने गरी अदालतले अर्को तारिख तोक्नेछ ।

१८५. **<u>अदालतबाट साक्षी झिकाई परीक्षण गर्न सकिनेः</u>** (१) दफा १८४ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको वा सार्वजनिक सम्पत्ति वा सार्वजनिक हक, हित वा सरोकार संलग्न रहेको मुद्दामा नबुझी नहुने साक्षीलाई अदालतले आदेश गरी पन्ध्र दिनभित्र अदालतमा उपस्थित हुन म्याद जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद जारी भएकोमा त्यस्तो साक्षीले अदालतले तोकेको अवधिभित्र उपस्थित हुनु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम साक्षीका नाममा म्याद जारी गर्दा अनुसूची-१३ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

१८६. **<u>श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी परीक्षण गर्न सक्नेः</u>** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अति वृद्ध अवस्था वा शारीरिक अस्वस्थताको कारणले वा नेपाल बाहिर रहे बसेको कारणले कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने हुनाले त्यस्तो साक्षीको श्रव्य-दृश्य सम्वादको माध्यमबाट परीक्षण हुन मुद्दाको कुनै पक्षले अदालतमा निवेदन दिएमा र अदालतलाई सो व्यहोरा मनासिव लागेमा श्रव्य-दृश्य सम्वादको माध्यमबाट साक्षी परीक्षण गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा श्रव्य-दृश्य सम्पादबाट साक्षी परीक्षण गर्नको लागि तोकिएको दिन र ठाउँमा सम्बन्धित पक्षले साक्षीलाई उपस्थित गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम साक्षी परीक्षण गराउँदा श्रव्य-दृश्य सम्वादमा उपस्थित भएको साक्षी अदालतमा उपस्थित भएको सरह मानी साक्षी परीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम साक्षी परीक्षण गर्दा श्रव्य-दृश्य सम्वादबाट भएको साक्षीको वकपत्र र श्रव्य-दृश्य सम्वादको व्यहोरा लेखवद्ध गरी अभिलेख गरिनेछ ।

(५) श्रव्य-दृश्य सम्वाद मार्फत साक्षी बुझेको अभिलेखको मुचुल्का अनुसूची-१४ बमोजिम गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम साक्षी परीक्षण गर्दा वा गराउँदा लागेको खर्च श्रव्य-दृश्य सम्वाद  मार्फत साक्षी परीक्षण गराउन निवेदन दिने पक्षले व्यहोर्नु पर्नेछ ।

१८७. **साक्षी बुझ्न कर्मचारी खटाउन सकिने:** (१) हिडडुल गर्न नसकी शारीरिक अस्वस्थताका कारणले अदालतमा उपस्थित हुन नसक्ने साक्षीलाई निज रहे बसेको ठाउँमा नै गई साक्षी बुझ्नको लागि मुद्दाको कुनै पक्षले अदालतमा निवेदन दिएमा व्यहोरा मनासिव देखिएमा साक्षी बुझ्नको लागि अदालतले आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा सम्बन्धित अदालतको न्यायाधीश आफै गई वा कर्मचारी खटाई साक्षी बुझ्न वा बुझ्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर्मचारी खटाइएकोमा सम्बन्धित कर्मचारीले साक्षी रहे बसेको ठाउँमा गई बुझ्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम साक्षी बुझ्नको लागि निवेदन दिएकोमा साक्षी परीक्षण गर्न न्यायाधीश जाँदा वा अदालतले कर्मचारी खटाउँदा लाग्ने खर्च निवेदन दिने व्यक्तिले व्यहोर्नु पर्नेछ।

१८८. **पक्षलाई तारिख तोकेको दिन साक्षी परीक्षण गर्नु पर्ने:** (१) दफा १८६ वा १८७ को अवस्थामा बाहेक साक्षी परीक्षण गर्दा पक्षलाई तारिख तोकिएको दिनमा नै परीक्षण गर्ने गरी अदालतले साक्षी परीक्षण गर्ने दिन तोक्नु पर्नेछ ।

(२) साक्षी परीक्षण गर्दा साक्षीले व्यक्त गरेको कुराको वकपत्र तयार गरी निजको सहीछाप गराई अभिलेख गर्नु पर्नेछ ।

१८९. **शपथ लिनु पर्ने:** साक्षीले अदालतमा उपस्थित भई वकपत्र गर्दा सत्य कुरा व्यक्त गर्ने कुराको उद्घोषण गरी न्यायाधीश समक्ष अनुसूची-१५ को ढाँचामा शपथ लिनु पर्नेछ ।

१९०. **साक्षी परीक्षण न्यायाधीशले गर्नु पर्ने:** (१) साक्षी परीक्षण जुन न्यायाधीशको इजलाशमा पेश भएको छ सोही न्यायाधीशले गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा न्यायाधीशले वकपत्र अभिलेख गर्न तथा साक्षी परीक्षण गर्न आवश्यक पर्ने कर्मचारीको सहायता लिन सक्नेछ ।

१९१. **तोकिएको तारिखका दिन साक्षी परीक्षण गर्नु पर्ने:** (१) साक्षी परीक्षण गर्दा सो प्रयोजनका लागि तोकिएको तारिखका दिनमा नै दफा १८६ वा १८७ को अवस्थामा वाहेक अदालतमा उपस्थित भएका सम्पूर्ण साक्षीहरुको परीक्षण गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा सम्पूर्ण साक्षीहरुको परीक्षण गर्न समय अभावको कारणले नभ्याउने भएमा सोको कारण खुलाई त्यसको भोलिपल्ट साक्षी परीक्षण गर्ने गरी साक्षी तथा पक्षहरुलाई तारिख तोक्नु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "त्यसको भोलिपल्ट" भन्नाले साक्षी परीक्षण गरेको दिनको लगत्तै पछि अड्डा खुलेको पहिलो दिन सम्झनु पर्छ।

१९२. **वकपत्र प्रमाणित गर्नु पर्ने:** (१) न्यायाधीशले साक्षी परीक्षण गर्दा मुद्दामा निजबाट खुलाउनु पर्ने विषयको प्रश्न सोधी त्यस्तो प्रश्न र साक्षीले दिएको जवाफ र त्यसमा कानून बमोजिम जिरह भएको भए सो समेतको विवरण वकपत्रमा अभिलेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण अभिलेख भएपछि साक्षीले कुनै विषयमा कुनै कुरा व्यक्त गर्न बाँकी रहेको भए सो विषयमा अदालतबाट सोधी निजलाई व्यक्त गर्न लगाई तयार भएको वकपत्रमा निज र मुद्दाका उपस्थित पक्ष वा वारेसको रोहवरमा साक्षी परीक्षण भएको कुरा उल्लेख गरी त्यस्तो सबै व्यक्तिहरुको सहीछाप गराई न्यायाधीशले प्रमाणित गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम साक्षी, मुद्दाका पक्ष वा वारिस मध्ये कसैले वा सबैले सहीछाप गर्न इन्कार गरेमा सोही व्यहोरा उल्लेख गरी साक्षी परीक्षण गर्ने न्यायाधीशले प्रमाणित गरी सम्बन्धित मुद्दाको मिसिलमा समावेश गर्नु पर्नेछ।

(४) साक्षीको वकपत्र गराउँदा अनुसूची-१६ बमोजिमको ढाँचामा गराउनु पर्नेछ।

१९३. **कैफियत खुलाई प्रमाणित गर्नु पर्ने:** यस परिच्छेद बमोजिम साक्षी परीक्षण गर्दा न्यायाधीशले सोधेको प्रश्नको सम्बन्धित साक्षीले जवाफ नदिएमा वा दिन इन्कार गरेमा वा जुन प्रश्नको जवाफ खोजिएको हो सोको जवाफ नदिई असम्बन्धित विषयको जवाफ दिएमा सोको कैफियत खुलाई दफा १९२ बमोजिम प्रमाणित गर्नु पर्नेछ।

१९४. **बन्द सवाल गर्न सकिने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षण गर्नु पर्ने साक्षी अर्को जिल्लाको वासिन्दा भई निजको शारीरिक अवस्थताको कारणले निज आफै उपस्थित हुन नसक्ने र निजलाई मुद्दा रहेको अदालतमा उपस्थित

नेपाल कानून आयोग

गराई वकपत्र गराउन नसकिने कुरा उल्लेख गरी वन्द सवाल मार्फत परीक्षण हुन सम्बन्धित पक्षले अदालत समक्ष निवेदन दिएमा व्यहोरा मनासिव देखिएमा अदालतले वन्द सवाल मार्फत साक्षी परीक्षण गराउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन्द सवाल जारी गर्दा सोध्नु पर्ने प्रश्नहरु अनुसूची-१७ को ढाँचामा तयार गरी न्यायाधीशबाट प्रमाणित गराई साक्षी रहे बसेको जिल्लाको जिल्ला अदालतमा बन्द सवाल पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित अदालतबाट बन्द सवाल जारी भएकोमा मुद्दाका सम्बन्धित पक्षहरुलाई सोही बमोजिम बन्द सवाल गराउने अदालतमा उपस्थित हुन तारेख तोक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित अदालतलाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम वन्द सवाल प्राप्त भएकोमा सम्बन्धित जिल्ला अदालतले आफ्नो अदालतमा मुद्दा परे सरह यस परिच्छेद बमोजिमको कार्यविधि पूरा गरी बन्द सवालका प्रत्येक प्रश्नको जवाफको वकपत्र तयार गरी सम्बन्धित जिल्ला अदालतका न्यायाधीशले दफा १९२ वा १९३ बमोजिम प्रमाणित गरी वन्द सवाल पठाउने सम्बन्धित अदालतमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बन्द सवालको कार्यविधि पूरा गरी पठाउँदा मुद्दाका पक्ष वा वारेसलाई सोको जानकारी गराई हाजिर हुन तारिख तोकी मुद्दा परेको अदालतमा पठाउनु पर्नेछ।

परिच्छेद-१७

## मुद्दाको सुनुवाई तथा फैसला सम्बन्धी व्यवस्था

१९५. **सहमति भएको विषयमा फैसला गर्न सक्ने**: (१) प्रतिउत्तरपत्र दाखिला भएपछि वादी र प्रतिवादीको उपस्थितिको लागि तोकिएको तारिखमा दुवै पक्षको रोहवरमा फिरादपत्र र प्रतिउत्तरपत्र तथा दाखिल भएको सबै लिखत अध्ययन गरी कुनै कुरा अस्पष्ट रहेको भए वादी प्रतिवादीसँग आवश्यक कुरा सोधपुछ गरी त्यसबाट दुवै पक्षको कुरा मिले वा नमिलेको अदालतले विचार गर्नु पर्नेछ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम विचार गर्दा प्रतिवादीले वादीको दावी स्वीकार गरेको देखिन आएमा अदालतले सो मुद्दा त्यसै वखत फैसला गर्न सक्नेछ।

१९६. **<u>वादी प्रतिवादीको पूर्व-सुनुवाई छलफल गराउन सकिने:</u>** (१) यस परिच्छेद बमोजिम अदालतले ठहर गर्नु पर्ने मुद्दाको विषय यकिन गर्न वादी र प्रतिवादीको पूर्व-सुनुवाई छलफल हुन अदालतलाई मनासिब लागेमा सोको कारण खुलाई अदालतले त्यस्तो छलफल गर्ने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा अदालतले त्यस प्रयोजनको लागि तारिख तोकी त्यस्तो छलफल गराउनेछ।

(३) उपदफा (२) बमोजिमको बैठकमा वादी, प्रतिवादी वा निजको वारिस तथा कानून व्यवसायी उपस्थित हुन सक्नेछन्।

(४) उपदफा (३) बमोजिमको छलफलमा वादी र प्रतिवादीले दावी, प्रतिवाद वा प्रतिवाद र सो कुरालाई समर्थन वा खण्डन गर्ने प्रमाण पेश गर्न र अदालतले ठहर गर्नु पर्ने विषय यकिन गर्न आफ्नो जिकिर पेश गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको छलफलबाट अदालतले ठहर गर्नु पर्ने विषय यकिन गरी परिच्छेद- १५ बमोजिम बुझिएको प्रमाणको अतिरिक्त त्यस्तो विषयमा थप प्रमाण बुझ्नु पर्ने देखिएमा त्यस्तो प्रमाण बुझ्न आदेश दिनेछ।

(६) यस दफा बमोजिम छलफल गराएकोमा अदालतबाट त्यसको अभिलेख राखी मिसिल संलग्न गर्नु पर्नेछ।

१९७. **<u>प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि सुनुवाई गर्नु पर्ने :</u>** (१) प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि न्यायाधीशले सामान्यतया एक महिनाभित्र मुद्दाको सुनुवाई गरी निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुनुवाई गर्दा मुद्दाका पक्षहरुले आफै वा आफूले नियुक्त गरेको कानून व्यवसायी वा वारिस मार्फत आफ्नो दावी वा प्रतिरक्षा गर्न वहस पैरबी गर्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिम सुनुवाई गर्दा मुद्दामा थप कुराहरु स्पष्ट गर्नको लागि लिखित बहस नोट पेश गर्न अदालतले आदेश गरेमा मुद्दाका पक्षले आफै वा निजले

नियुक्त गरेको कानून व्यवसायी वा वारेस मार्फत अदालतले तोकेको अवधिभित्र लिखित बहस नोट पेश गर्नु पर्नेछ।

१९८. **मिलापत्र गर्न मौका दिनु पर्ने:** (१) अदालतमा विचाराधीन रहेको कुनै पनि मुद्दा जुनसुकै तहमा पनि पक्षहरुले मिलापत्र गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी अदालतमा संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा न्यायाधीशले त्यस्तो निवेदनको व्यहोरा र त्यसको मतलव र परिणाम सम्बन्धित पक्षलाई सुनाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुनाउँदा पनि मुद्दाका पक्षहरुले मिलापत्र गर्न मञ्जुर गरेमा अदालतले तीनप्रति मिलापत्रको मस्यौदा तयार गराउनेछ।

(४) उपदफा (३) बमोजिम तयार भएको मिलापत्रको व्यहोरा पक्षहरुलाई सुनाउँदा पक्षहरु मिलापत्र गर्न सहमति भएमा दुवै पक्षहरुको सहीछाप गराई न्यायाधीशले आफ्नो रोहवरमा सो मिलापत्र भएको व्यहोरा प्रमाणीकरण गर्ने आदेश गरी एक प्रति सम्बन्धित मिसिलमा राखी बाँकी दुई प्रति मुद्दाका वादी र प्रतिवादीलाई एक-एक प्रति दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मिलापत्र भएकोमा मिलापत्र बमोजिमको काम नभएको भन्ने विषयमा बाहेक मिलापत्रमा चित्त बुझेन भनी उजूर लाग्ने छैन ।

(६) उपदफा (५) बमोजिम मिलापत्र भएकोमा त्यसको परिणाम स्वरुप मिलापत्र बमोजिम दाखिला खारेज, नामसारी, दर्ता, रजिष्ट्रेशन वा अचल सम्पत्तिको कित्ताकाट गर्नु पर्ने रहेछ भने मिलापत्र गराउने अदालतले मिलापत्र बमोजिमको काम गर्न सम्बन्धित कार्यालयमा तीन दिनभित्र लेखी पठाउनु पर्नेछ।

१९९. **मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न सकिने:** (१) कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दा जुनसुकै तहमा रहेको भए तापनि पक्षहरुले चाहेमा मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न अदालतमा संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट विवादको निरुपण हुन उपयुक्त देखिएमा मुद्दा हेर्ने न्यायाधीशले त्यस्तो मुद्दा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न आदेश दिनेछ।



नेपाल कानून आयोग

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दा मेलमिलापका माध्यमबाट निरुपण गर्न उपयुक्त हुने कुरा अदालतलाई लागेमा पक्षहरुसंग परामर्श गरी अदालतले मेलमिलापकर्ता आफै नियुक्ति गरी वा पक्षहरु आफैले नियुक्ति गर्ने गरी मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम आदेश भएकोमा कानून बमोजिम मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मेलमिलापको माध्यमबाट विवादको निरुपण भएकोमा पक्षहरुले मेलमिलापको माध्यमबाट विवादको निरुपण भएकोमा मिलापत्रको व्यहोरा उल्लेख गरी अदालतमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भएमा अदालतले पक्षहरु बीच मिलापत्र गराई दिनु पर्नेछ ।

(७) मिलापत्र सम्बन्धी दफा १९८ को उपदफा (३), (४) र (५) का व्यवस्थाहरु यस दफा बमोजिम विवाद समाधान भएकोमा समेत आवश्यक हेरफेर सहित लागू हुनेछन् ।

(८) यस दफा बमोजिम मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न आदेश दिइएकोमा सो माध्यमबाट विवादको निरुपण हुन नसकेमा अदालतले पक्षहरुलाई तारेख तोकी त्यस्तो मुद्दा कानून बमोजिम कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

२००. **<u>मिलापत्र वा मेलमिलाप हुन नसक्ने:</u>** दफा १९८ वा १९९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भई चलेको मुद्दा र सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी विवादमा पक्षहरु बीच मिलापत्र वा मेलमिलापबाट विवादको निरुपण हुन सक्ने छैन ।

तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न बाधा पर्ने छैन ।

२०१. **<u>दावी फिर्ता लिन सकिने:</u>** (१) नेपाल सरकार वादी हुने मुद्दामा बाहेक अन्य कुनै पनि मुद्दामा मुद्दाको पक्षले फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्रमा आफूले लिएको दावी त्यागी सो दावी फिर्ता लिनको लागि वा आफ्नो दावी सावित गर्न सक्तिन भनी सो

फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिनको लागि मुद्दाको फैसला हुनु अघि जुनसुकै बखत अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा अदालतले निवेदन माग बमोजिम दावी फिर्ता लिन वा फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिन अनुमति दिने आदेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम फिर्ता लिने आदेश भएमा अदालतले सो मुद्दाको लगत कट्टा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दावी वा फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिएकोमा सोही पक्षले सोही फिरादपत्र, पुनरावेदनपत्र वा निवेदनमा विपक्ष बनाइएका व्यक्ति उपर सोही विषयमा उजूर गर्न सक्ने छैन।

२०२. **फैसला गर्नु पर्नेः** (१) यस परिच्छेद बमोजिम सुनुवाई सम्पन्न भएपछि सामान्यतया सुनुवाई सम्पन्न भएको दिनमा नै न्यायाधीशले निर्णय गर्नु पर्ने विवादको विषयमा निर्णय गरी राय किताबमा अभिलेख गर्नु पर्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "राय किताब" भन्नाले न्यायाधीशले मुद्दामा ठहर गरेको विषयको र त्यसका आधारहरु संक्षिप्त रुपमा अभिलेख गर्न अदालतमा राखिएको किताब सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९७ को उपदफा (३) बमोजिम बहस नोट दाखिला गर्न आदेश भएकोमा बहस नोट प्राप्त भएको मितिले सात दिनभित्र निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मुद्दाको ठहर गर्नु पर्ने विषयमा जटिल कानूनी वा तथ्यगत प्रश्न समावेश भएकोले सो विषयमा सोही दिन ठहर गर्न नसकिने कारण खुलाई अदालतले आदेश दिएमा बढीमा पन्ध्र दिनभित्र  निर्णय सुनाउने दिनको तारिख तोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तारिख तोकिएकोमा  सो दिन मुद्दाको ठहर गरी राय किताबमा अभिलेख गरी पक्षहरुलाई निर्णय सुनाउनु पर्नेछ।



नेपाल कानून आयोग

२०३. **<u>फैसलामा उल्लेख गर्नु पर्ने कुराहरुः</u>** (१) दफा २०२ बमोजिम ठहर गरिएको विषयको आधारमा न्यायाधीशले सामान्यतया सात दिनभित्र मुद्दाको फैसला लेख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखिएको फैसलामा अन्य कुराको अतिरिक्त देहायको कुरा उल्लेख गर्नु पर्नेछः-

(क) मुद्दाको संक्षिप्त विवरण

(ख) वादी दावी

(ग) प्रतिवादीको जिकिर र प्रतिरक्षा

(घ) वादी प्रतिवादीले पेश गरेको प्रमाण,

(ङ) पक्षहरु बीच कुरा मिली वा नमिली इन्साफ गरिएको विषय,

(च) खण्ड (घ) र (ङ) को विषयमा पक्ष वा निजको कानून व्यवसायीको बहस जिकिर वा बहस नोट पेश गरेको रहेछ भने सोको मुख्य बूँदा,

(छ) अदालतले ठहर गरेको विषय र सोको आधार,

(ज) ठहर गर्न लिइएको सम्बद्ध कानून,

(झ) निर्णय भएको विषय कार्यान्वयन गर्नु पर्ने बूँदा,

(ञ) पुनरावेदन लाग्ने वा नलाग्ने कुरा ।

(३) फैसला लेख्दा अनुसूची-१८ बमोजिमको ढाँचामा लेख्नु पर्नेछ ।

(४) न्यायाधीशले उपदफा (३) बमोजिमको फैसला हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ।

२०४. **<u>फैसला संशोधन गर्न नहुनेः</u>** दफा २०३ बमोजिमको फैसलामा न्यायाधीशले प्रमाणीकरण गरेपछि इन्साफमा फरक नपर्ने गरी सामान्य त्रुटी सच्याउने बाहेक कुनै संशोधन गर्न हुँदैन ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि “सामान्य त्रुटी” भन्नाले ठहर गरिएको विषय र इन्साफमा फरक नपर्ने गरी फैसलामा भएका अंक र अक्षरमा भएको फरक,



नेपाल कानून आयोग

वादी, प्रतिवादी वा साक्षीको नाम, थर, वतन मध्ये कुनै एकको उल्लेखनको त्रुटी, छपाई वा प्रिन्टिङ्गमा भएका साना तिना त्रुटी सम्झनु पर्छ ।

२०५. **फैसला सुनि पाएको कागज गराउनु पर्ने:** (१) अदालतबाट मुद्दाको सुनुवाई भई फैसला भएकोमा मुद्दाको पक्ष हाजिर रहेको भए निजलाई फैसला सुनाई मुद्दा फैसला भएको सुनि पाएको व्यहोराको कागज गराई मिसिलमा सामेल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पक्ष हाजिर नरहेकोमा निजको वारिस भए वारिसलाई त्यस्तो कागज गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम फैसला सुनाउँदाका बखत उपस्थित नभएको पक्षको हकमा फैसला तयार भएको तीन दिनभित्र सो पक्षको नाममा मुद्दा फैसला गर्ने अदालतले अनुसूची-१९ बमोजिमको ढाँचामा परिच्छेद-८ बमोजिमको प्रक्रिया पूरा गरी आफै वा तल्लो अदालत मार्फत पुनरावेदन लाग्ने भएमा फैसला भएको सूचना सहित पुनरावेदनको म्याद र पुनरावेदन नलाग्ने भएमा फैसला भएको सूचना सम्बन्धित पक्षलाई तामेल गर्न पठाउनु पर्नेछ ।

## परिच्छेद-१८

## मुलतवी तथा स्थानान्तरण

२०६. **मुलतवी राख्न सकिने:** (१) विभिन्न अदालतमा दायर भई त्यस्तो अदालतमा विचाराधीन रहेका मुद्दाहरु मध्ये कुनै एक मुद्दाको किनारा नभई अर्को मुद्दाको किनारा हुन नसक्ने वा गर्न नहुने भएमा वा कुनै एउटा मुद्दाको किनारा गर्दा अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा वा मुद्दाको कारबाही वा सुनुवाईको सिलसिलामा अदालतले आवश्यक देखेमा कारण खुलाई त्यस्तो मुद्दा मुलतवी राख्ने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा मुलतवी राख्ने आदेश भएकोमा सो कुराको जानकारी मुद्दाका पक्षहरु र अर्को मुद्दा विचाराधीन रहेको सम्बन्धित अदालतलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएकोमा त्यस्तो मुद्दा रहेको अदालतले त्यस्तो मुद्दा किनारा गरेपछि तीस दिनभित्र फैसलाको प्रतिलिपि सहित उपदफा (२) बमोजिम मुद्दा मुलतवी रहेको अदालतलाई जानकारी पठाउनु पर्नेछ ।



नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम मुद्दा किनारा गरेपछि मुद्दाका पक्ष तारेखमा रहेको भए र मुद्दा मुलतवी रहेको अदालतमा तारेख तोक्नु पर्ने भए पक्षलाई समेत तारेख तोकी मुद्दा मुलतवी रहेको अदालतमा पठाउनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभिन्न अदालतमा विचाराधीन रहेका मुद्दाहरुमध्ये कुन मुद्दा मुलतवी राख्ने भन्ने विषयमा अदालतहरु बीच फरक राय भएमा सो विषयमा सम्बन्धित अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रतिवेदन परेकोमा पुनरावेदन अदालतले सो विषयमा उपयुक्त आदेश गर्नेछ र सो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नेछ।

२०७. **<u>मुलतवी रहेको मुद्दा जगाउने</u>:** (१) दफा २०६ बमोजिम मुलतवी राखिएको मुद्दा जगाई कारबाही गर्नु पर्ने भएमा सोको कारण खुलाई मुद्दाको कुनै पक्षले निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा कारण मनासिव देखिएमा अदालतले निवेदन माग बमोजिम मुलतवी रहेको मुद्दा जगाई सुनुवाई गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अर्को अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुद्दा मुलतवी राखी राख्नु पर्ने कारण नदेखिएमा अदालतले मुलतवी रहेको मुद्दा जगाई कारबाही गर्नु पर्नेछ।

(४) मुद्दा मुलतवी राख्दा तारिखमा रहेका पक्षलाई तारिख टुटाई दिनु पर्नेछ। मुलतवी जगाउँदा मुद्दा मुलतवी रहँदा तारिखमा रहेका पक्षहरुलाई सात दिनको म्याद दिई झिकाई मुद्दामा कारबाही गर्नु पर्नेछ।

२०८. **<u>मुद्दाको स्थानान्तरण हुन सक्ने</u>:** (१) कुनै अदालतमा दायर भई किनारा हुन बाँकी रहेको कुनै मुद्दा सो अदालतबाट किनारा हुन बाधा वा अवरोध हुन सक्ने कारण खुलाई त्यस्तो अदालतले सर्वोच्च अदालतमा प्रतिवेदन गरेमा कारण मनासिव देखिएमा सर्वोच्च अदालतले समानस्तरको अर्को अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अदालतले सो आदेश बमोजिम मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।

तर त्यस्तो अदालतले गरेको फैसला उपर शुरुमा फिरादपत्र दर्ता भएको अदालतको पुनरावेदन सुन्ने अदालतमा नै पुनरावेदन लाग्नेछ ।

२०९. **<u>सर्वोच्च अदालतले मुद्दाको कारबाही र किनारा गर्न सक्ने:</u>** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मातहतको कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दामा संविधान वा अन्य कुनै कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सरोकारको प्रश्न समावेश भएकोले त्यस्तो प्रश्न निरुपण भएपछि मात्र त्यस्तो मुद्दाको सुनुवाई र किनारा हुन उपयुक्त हुने कुरा मुद्दाको कुनै पक्षको निवेदन वा सम्बन्धित अदालतको प्रतिवेदनबाट देखिन आएमा सर्वोच्च अदालतले सोको कारण खुलाई त्यस्तो मुद्दा आफैले झिकाई सुनुवाई र किनारा गर्ने आदेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो मुद्दाको मिसिल सर्वोच्च अदालतमा पठाई मुद्दाका पक्षहरुलाई सो कुराको जानकारी गराई तारिख तोकी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आदेश भएकोमा सर्वोच्च अदालतले त्यस्तो मुद्दाको सुनुवाई र किनारा गर्न वा त्यसमा समावेश भएको जटिल संवैधानिक वा सार्वजनिक महत्वको प्रश्नको निरुपण गरी बाँकी विषयमा किनाराका लागि मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउन सक्नेछ ।

## परिच्छेद-१९

## <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>

२१०. **<u>पुनरावेदन गर्न सकिने:</u>** (१) यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक शुरु मुद्दा हेर्ने अदालतले गरेको फैसला उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले तीस दिनभित्र सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) पुनरावेदन लाग्ने मुद्दामा मुद्दाको पक्ष वा निजको वारिस अदालतमा हाजिर भई फैसला सुनेकोमा सुनिपाएको कागज गरेको मितिले र पक्ष हाजिर नभई फैसला भएको सूचना जारी भएकोमा सो सूचना तामेल भएको मितिले तीस दिनभित्र पुनरावेदन गर्ने म्याद कायम हुनेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला सुनी पाएको कागज गरेको वा फैसला भएको सूचना तामेल गरिएको रहेनछ भने पनि मुद्दाको पक्षले मुद्दा फैसला भएको एक वर्षभित्र अदालतको फैसलाको नक्कल लिएको मितिले तीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ ।

२११. **पुनरावेदन लाग्न नसक्ने अवस्था:** दफा २१० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा पुनरावेदन गर्न सकिने छैनः-

(क) कानून बमोजिम म्याद प्राप्त भएपछि वा म्याद तामेल भएपछि प्रतिउत्तरपत्र नदिई वा प्रतिवाद नगरी म्याद गुजारेको भएमा,

(ख) मुद्दामा मिलापत्र गरेको भएमा,

(ग) दावी फिर्ता लिएको भएमा,

(घ) फिराद डिसमिस भएकोमा,

तर बेरीतपूर्वक फिराद डिसमिस भएकोमा पुनरावेदन गर्न सकिनेछ ।

२१२. **पुनरावेदन गर्दा अदालती शुल्क बुझाउनु पर्ने:** पुनरावेदन गर्दा कानून बमोजिम लाग्ने अदालती शुल्क बुझाएको निस्सा पुनरावेदन साथ पेश गर्नु पर्नेछ ।

तर मुद्दा फैसला हुँदाका बखत अदालती शुल्क तिर्ने गरी अदालतबाट अनुमति लिई पुनरावेदन दर्ता गर्न ल्याएकोमा अदालती शुल्क दाखिला भएको निस्सा नभए पनि पुनरावेदन दर्ता गर्नु पर्नेछ ।

२१३. **पुनरावेदनपत्रमा खुलाउनु पर्ने विवरण:** (१) पुनरावेदन गर्दा जुन अदालतको फैसला उपर पुनरावेदन गरेको हो सो अदालतको पुनरावेदन सुन्ने अदालतमा फैसलाको प्रमाणित प्रतिलिपि सहित देहायको विवरण खुलाई पुनरावेदन गर्नु पर्नेछः-

(क) मुद्दाको संक्षिप्त विवरण,

(ख) फैसला गर्ने अदालत र न्यायाधीश,

(ग) पुनरावेदन गर्ने म्यादको विवरण,

(घ) फैसला गर्न लिइएको आधार,



नेपाल कानून आयोग

(ङ) पुनरावेदन जिकिर र सोको आधार,

(च) पुनरावेदन गर्न पाउने कानूनी आधार,

(छ) पुनरावेदन जिकिर पुष्टी गर्ने कानूनी आधार,

(ज) पुनरावेदन दस्तुर ।

(२) पुनरावेदन गर्दा शिष्ट भाषामा पुनरावेदनपत्र लेखी पुनरावेदन जिकिरलाई पुष्टि गर्ने आवश्यक कागजात पुनरावेदनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

(३) पुनरावेदन पत्र अनुसूची-२० बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(४) पुनरावेदन गर्दा दुईसय रुपैयाँ पुनरावेदन दस्तुर लाग्नेछ ।

२१४. **पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता गर्नु पर्नेः** (१) पुनरावेदन गर्दा दफा २१३ बमोजिमको पुनरावेदन पत्र तयार गरी दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्न ल्याएकोमा पुनरावेदनपत्रमा दफा २१३ बमोजिम विवरण खुलाइएको वा नखुलाइएको, दफा २१० बमोजिमको म्यादभित्र ल्याएको वा नल्याएको, ढाँचा मिलेको वा नमिलेको, अदालतबाट तोकिएको दस्तुर दाखिला गरेको वा नगरेको र अदालती शुल्क दाखिला गर्नु पर्ने वा नपर्ने सो कुरा जाँची रीतपूर्वक भएमा दर्ता गरी सम्बन्धित पक्षलाई अनुसूची-३ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावेदन जाँच गर्दा कुनै कारणले रीत नपुगेको देखिएमा सोको कारण खुलाई पुनरावेदनपत्र दर्ता नगरी सम्बन्धित अदालतले दरपीठ गरिदिनु पर्नेछ ।

२१५. **मुद्दा फैसला गर्ने अदालतमा पुनरावेदन दर्ता गर्न सकिनेः** (१) दफा २१४ मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा फैसला गर्ने अदालत मार्फत पनि पुनरावेदनपत्र दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्न ल्याएमा त्यस्तो अदालतले दफा २१४ बमोजिमको कार्यविधि पूरा गरी पुनरावेदनपत्र दर्ता गर्नु पर्नेछ ।



नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम दर्ता भएको पुनरावेदनपत्र सम्बन्धित मिसिल संलग्न गरी तीन दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिम पुनरावेदनपत्र दर्ता गराउने पुनरावेदकले तारिखमा बस्न चाहेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा हाजिर हुने गरी तारिख तोकी पठाउनु पर्नेछ।

२१६. **सरकारी कर्मचारीले सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्ने:** (१) कुनै सरकारी कर्मचारीले निजको हक, हित र सरोकार रहेको मुद्दामा पुनरावेदन गर्नु परेमा सरकारी कामको कारणले पुनरावेदन सुन्ने अदालतमा आफै उपस्थित हुन नसक्ने भएमा सोको कारण खुलाई आफू वहाल रहेको इलाकामा त्यस किसिमको पुनरावेदन सुन्ने अदालत भए सो अदालत मार्फत वा त्यस्तो अदालत नभए आफू वहाल रहेको इलाकाको जिल्ला अदालत मार्फत पुनरावेदन दर्ता गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्न ल्याएकोमा त्यस्तो अदालतले दफा २१४ बमोजिमको कार्यविधि पूरा गरी पुनरावेदन दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावेदन दर्ता भएकोमा पुनरावेदनपत्र दर्ता गर्ने अदालतले तीन दिनभित्र पुनरावेदनपत्र दर्ता भएको र पुनरावेदन गर्ने सम्बन्धित कर्मचारी सो इलाकामा बहाल रहेको कुरा प्रमाणित गरी सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा त्यस्तो पुनरावेदनपत्र पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिम पुनरावेदन गर्ने सरकारी कर्मचारीले तारेखमा बस्न चाहेमा पुनरावेदन दर्ता गर्ने अदालतले निजलाई तारिखमा राखी सोको जानकारी सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्नेछ।

२१७. **मुद्दाको मिसिल झिकाउने:** (१) पुनरावेदन सुन्ने अदालतमा यस परिच्छेद बमोजिम पुनरावेदन दर्ता भएपछि तीन दिनभित्र सम्बन्धित मुद्दाको मिसिल झिकाउन लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मिसिल माग भएकोमा पत्र प्राप्त भएको तीन दिनभित्र सम्बन्धित अदालतले पुनरावेदन सुन्ने अदालतमा मिसिल पठाउनु पर्नेछ।

२१८. **प्रत्यर्थीलाई उपस्थित हुन आदेश दिने:** (१) दफा २१७ बमोजिम तल्लो अदालतबाट मिसिल प्राप्त भएपछि पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने अदालतले पुनरावेदकको माग



नेपाल कानून आयोग

बमोजिम प्रत्यर्थीलाई झिकाई मुद्दाको सुनुवाई गर्नु पर्ने हो वा होइन सो सम्बन्धमा सुनुवाई गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुनुवाई गर्दा तल्लो अदालतले गरेको निर्णय फरक पर्ने नदेखिएमा पुनरावेदन सुन्ने अदालतले ठहरे बमोजिम निर्णय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुनुवाई गरी पुनरावेदनको रोहमा विचार गर्दा तल्लो अदालतबाट भएको निर्णय फरक पर्न सक्ने देखिएमा सोको कारण खुलाई सुनुवाईको लागि प्रत्यर्थी झिकाउने आदेश दिनेछ ।

२१९. **प्रत्यर्थीलाई म्याद तामेल गर्नेः** (१) दफा २१८ को उपदफा (३) बमोजिम आदेश भएकोमा सो आदेश बमोजिमको म्याद अनुसूची-२१ बमोजिमको ढाँचामा तामेल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद पुनरावेदन सुन्ने अदालत आफैले वा शुरु मुद्दा फैसला गर्ने अदालत मार्फत परिच्छेद- ८ बमोजिमको रीत पुऱ्याई तामेल गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद तामेल भएकोमा प्रत्यर्थीले चाहेमा पुनरावेदन सुन्ने अदालतमा लिखित प्रतिवाद पेश गर्न सक्नेछ ।

(४) प्रत्यर्थीले चाहेमा निजलाई तारिखमा राखि मुद्दामा कारबाही, सुनुवाई र किनारा गरिनेछ ।

२२०. **पुनरावेदनको सुनुवाई गर्नु पर्नेः** (१) दफा २१९ को उपदफा (१) बमोजिम म्याद तामेल भएपछि प्रत्यर्थी उपस्थित भई पुनरावेदक तथा प्रत्यर्थी दुवै तारिखमा रहेको भए सुनुवाईको लागि पेशी तारिख तोकी सो दिन र निजहरु मध्ये दुवै वा कुनै एक पक्ष तारिखमा नरहेको भए पनि पुनरावेदन उपर सुनुवाई हुने तारिख तोकी पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनुवाई गर्नेछ ।

(२) दफा २१९ को उपदफा (१) बमोजिम म्याद तामेल भएपछि प्रत्यर्थी उपस्थित नभए पनि पुनरावेदनको सुनुवाई गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सुनुवाई गरेपछि ठहरे बमोजिम निर्णय गर्नु पर्नेछ ।

(४) पुनरावेदन फैसला गर्दा अनुसूची-२२ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

२२१. **पुनरावेदन सुन्ने अदालतको अधिकारः** दफा २२० बमोजिम पुनरावेदनको रोहमा सुनुवाई गर्दा पुनरावेदन सुन्ने अदालतलाई देहाय बमोजिम गर्ने अधिकार हुनेछः-

(क) तल्लो अदालतको फैसला सदर वा बदर गर्ने,

(ख) तल्लो अदालतको फैसला आंशिक वा पूरै उल्टि गर्ने,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरिएको रहेछ भने त्यस्तो प्रमाण आफै बुझ्ने वा तल्लो अदालतलाई बुझ्न आदेश दिने,

(घ) मुद्दामा ठहर गर्नु पर्ने विषय सम्वोधन नभई निर्णय भएको भए त्यस्तो विषयमा आफै ठहर गर्ने वा सो विषयमा ठहर गर्न तल्लो अदालतमा पठाउने,

(ङ) तल्लो अदालतको फैसलामा आनुषांगिक वा प्रासांगिक परिवर्तन गर्ने ।

२२२. **शुरु अदालतको अधिकार प्रयोग गर्नेः** पुनरावेदन सुन्ने अदालतले यस परिच्छेद बमोजिम पुनरावेदनको रोहमा मुद्दाको कारबाही, सुनुवाई वा निर्णय गर्दा शुरु अदालतको अधिकार प्रयोग गर्न सक्नेछ ।

२२३. **एकैसाथ सुनुवाई गरी निर्णय गर्नु पर्नेः** (१) एकै मुद्दामा तल्लो अदालतले गरेको निर्णय उपर विभिन्न पक्षको वेग्ला वेग्लै पुनरावेदन परेको रहेछ भने सबै पुनरावेदन उपर एकैसाथ सुनुवाई गरी ठहरे बमोजिम निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा कारणवस कुनै पुनरावेदनको पहिले नै निर्णय भइसकेको रहेछ भने पनि त्यस्तो पुनरावेदनको पहिले निर्णय नभए सरह ठानी बाँकी पुनरावेदनबाट मुद्दामा ठहरे बमोजिम निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद-२०

## मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी व्यवस्था

२२४. **मुद्दा दोहोऱ्याउनेः** (१) कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशमा देहायको अवस्था रहेको व्यहोरा

नेपाल कानून आयोग

उल्लेख गरी त्यस्तो आदेश वा फैसला भएको मितिले बाटाको म्याद बाहेक तीस दिनभित्र सम्बन्धित पक्षले सर्वोच्च अदालतमा निवेदन गरेमा सर्वोच्च अदालतले पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश दोहोऱ्याई हेर्न सक्नेछ :-

(क) फैसला वा अन्तिम आदेशमा संविधान वा कानूनको व्याख्यामा त्रुटी भएको,

(ख) सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको पालना नगरेको वा गलत किसिमले व्याख्या गरेको,

(ग) असान्दर्भिक कानूनको प्रयोग गरेको,

(घ) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित र सही मूल्यांकन नभएको कारणले त्यस्तो सम्पत्ति हिनामिना वा क्षति भएको वा त्यस्तो सम्पत्तिमा अनधिकृत रुपमा व्यक्ति विशेषको स्वामित्व वा भोग कायम भएको।

(२) उपदफा (१) बमोजिम मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन प्राप्त भएमा सर्वोच्च अदालतले पुनरावेदन अदालतको अन्तिम आदेश वा फैसलामा उपदफा (१) बमोजिमको अवस्था रहे वा नरहेको सम्बन्धमा सुनुवाई गर्नेछ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा उपदफा (१) बमोजिमको कुनै अवस्था रहेको देखिएमा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्नको लागि त्यस्तो मुद्दाका अन्य पक्षलाई झिकाउने आदेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम मुद्दाका अन्य पक्ष उपस्थित भएमा सर्वोच्च अदालतले निजलाई समेत राखी मुद्दाको सुनुवाई गरी फैसला गर्नेछ।

२२५. **पुनरावलोकन गर्न सक्ने:** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतले देहायको कुनै अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछ :-

(क) फैसला वा अन्तिम आदेश अन्यथा हुन सक्ने कुनै प्रमाण वा तथ्य पक्षले फैसला वा अन्तिम आदेश भइसकेपछि मात्र पत्ता लागेमा वा पक्षलाई सोको जानकारी भएमा,

(ख) मुद्दाको फैसला वा अन्तिम आदेश हुनुभन्दा अघि नै सर्वोच्च अदालतबाट प्रतिपादित नजिर वा कानूनी सिद्धान्त प्रतिकूल हुने गरी फैसला वा अन्तिम आदेश भएको देखिएमा।

(२) सर्वोच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेशमा उपदफा (१) बमोजिमको अवस्था विद्यमान भएमा सोको कारण खुलाई मुद्दाको पक्षले फैसला वा अन्तिम आदेश भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र पुनरावलोकनका लागि सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदनको व्यहोरा जाँचबुझ गर्दा मनासिव देखिएमा सर्वोच्च अदालतले पुनरावलोकन गर्न आदेश दिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन :-

(क) एकपटक कानून बमोजिम फैसला वा अन्तिम आदेशको पुनरावलोकन भइसकेको,

(ख) पुनरावलोकनको निवेदनमा उठाइएको प्रश्न सर्वोच्च अदालतको संयुक्त इजलासमा उठाइएको र त्यसमा न्यायाधीशहरुको राय नमिली पूर्ण इजलासबाट सुनुवाई भएकोमा सो प्रश्नको निरुपण गरी निर्णय भईसकेको,

(ग) यो संहिता प्रारम्भ हुनुभन्दा अघि कानून बमोजिम मुद्दा दोहोर्‍याई निर्णय भईसकेको।

(घ) दफा २२४ बमोजिम मुद्दा दोहोर्‍याई हेरेको मुद्दामा पुनरावेदन अदालतको इन्साफ सदर भएको।



नेपाल कानून आयोग

२२६. **सम्बद्ध विषयमा सीमित भई मुद्दा किनारा गर्नु पर्नेः** दफा २२४ बमोजिम मुद्दा दोहोऱ्याई हेर्दा वा दफा २२५ बमोजिम पुनरावलोकन गर्दा सर्वोच्च अदालतले जुन आधारमा मुद्दा दोहोऱ्याई हेर्न वा पुनरावलोकन गर्न आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सीमित रही मुद्दाको किनारा गर्नु पर्नेछ ।

## परिच्छेद-२१

## पारस्पारिक न्यायिक सहयोग सम्बन्धी व्यवस्था

२२७. **म्याद तामेल गर्न आदेश गर्न सक्नेः** (१) अदालतमा दायर भएको कुनै मुद्दामा विदेशमा रहे बसेको कुनै व्यक्तिको नाममा कुनै म्याद तामेल गर्नु पर्ने भएमा अदालतले सो प्रयोजनका लागि आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएमा अदालतले देहायका विवरण खुलाई त्यस्तो म्याद विदेशमा रहे बसेको व्यक्तिको नाममा तामेल गर्न केन्द्रीय निकायमा लेखि पठाउनु पर्नेछः-

(क) म्याद तामेल गर्नु पर्ने व्यक्तिको पूरा नाम,

(ख) खण्ड (क) बमोजिमको व्यक्ति रहे बसेको मुलुक, निजको स्थानीय ठेगाना र निजको पहिचान खुल्ने अन्य विवरण (निजको राहदानी नम्वर वा परिचयपत्रको नम्वर आदि),

(ग) खण्ड (क) बमोजिमको व्यक्तिको ठेगानामा म्याद तामेल हुन नसक्ने भएमा निजले काम गर्ने वा व्यवसाय सञ्चालन गर्ने प्रतिष्ठानको मुलुक र ठेगाना,

(घ) कुन मुद्दाको सन्दर्भमा म्याद तामेल गर्नु पर्ने हो सोको विवरण ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "केन्द्रीय निकाय" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै निकाय सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिम लेखि आएकोमा केन्द्रीय निकायले अदालतको आदेश र सो विवरणलाई अंग्रेजी भाषामा अनुवाद गरी कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुकलाई अनुरोध गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम अनुरोध गर्दा त्यस्तो मुलुकसँग सो प्रयोजनका लागि कुनै सन्धि भएको रहेनछ र त्यस्तो म्याद सम्बन्धित मुलुकमा तामेल गर्न भविष्यमा त्यस्तो मुलुकको सक्षम अदालतबाट जारी भएका त्यस्तै प्रकृतिका म्याद नेपालमा पारस्पारिकताका आधारमा तामेल गर्ने गरी कुनै आश्वासन दिनु पर्ने रहेछ भने केन्द्रीय निकायले कूटनैतिक माध्यम मार्फत त्यस्तो आश्वासन दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम अनुरोध गरिएको मुलुकबाट सम्बन्धित व्यक्तिका नाममा म्याद तामेल भएको लेखि आएमा निजको नाममा रीतपूर्वक म्याद तामेल भएको मानिनेछ।

(६) उपदफा (३) बमोजिम अनुरोध गरिएको मुलुकले म्याद तामेल गर्न इन्कार गरेमा वा त्यस्तो मुलुकले त्यस्तो व्यक्ति पत्ता नलागेको वा पहिचान हुन नसकेको कारणले म्याद तामेल नभएको जानकारी कूटनैतिक माध्यम मार्फत केन्द्रीय निकायलाई दिएमा त्यस्तो व्यक्ति रहे बसेको मुलुकको वा नेपालको कुनै राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा त्यस्तो म्यादको व्यहोरा प्रकाशन गरिनेछ।

(७) उपदफा (६) बमोजिम म्याद तामेल भएकोमा रीतपूर्वक तामेल भएको मानिनेछ।

२२८. **विदेशी अदालतबाट जारी भएको न्यायिक लिखत तामेल गर्न अनुरोध हुन सक्नेः** (१) कुनै विदेशी अदालतबाट जारी भएको कुनै न्यायिक लिखत नेपालमा रहे बसेको व्यक्तिको नाममा तामेल गर्नु परेमा त्यस्तो अदालतको आदेश बमोजिम सम्बन्धित विदेशी मुलुकले कूटनैतिक माध्यम मार्फत केन्द्रीय निकायलाई अनुरोध गर्नु पर्नेछ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "न्यायिक लिखत" भन्नाले कुनै विदेशी अदालतबाट जारी भएको म्याद, फिरादपत्र वा दावीपत्र, निवेदन वा पुनरावेदनपत्र जस्ता लिखतहरु सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको अनुरोधपत्रमा देहायका कुरा खुलाउनु पर्नेछ :-

(क) न्यायिक लिखत नेपालमा तामेल गर्न आदेश दिने विदेशी अदालत,

(ख) कुन मुद्दाको सन्दर्भमा त्यस्तो आदेश दिइएको हो सोको विवरण,

(ग) कुन न्यायिक लिखत तामेल गर्नु पर्ने हो सोको विवरण,

(घ) जुन व्यक्तिका नाममा खण्ड (ग) बमोजिमको लिखत तामेल गर्नु पर्ने हो सो व्यक्तिको नाम, थर, वतन र पहिचान हुन सक्ने अन्य आवश्यक विवरण,

(ङ) कस्तो कार्यविधि वा तरीका अपनाई त्यस्तो न्यायिक लिखत तामेल गर्नु पर्ने हो सोको विवरण ।

(३) उपदफा (१) बमोजिमको अनुरोधपत्रसँग अनुसूची-२३ बमोजिमको ढाँचामा न्यायिक लिखत तामेल गर्नका लागि लेखिएको विवरणपत्र र सोसँग तामेल गर्नु पर्ने लिखत संलग्न भएको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको विवरणपत्र र तामेल गर्नु पर्ने न्यायिक लिखत वा सोको आधिकारीक प्रतिलिपि दुईप्रति हुनु पर्नेछ ।

२२९. **न्यायिक लिखत तामेल हुन सक्नेः** (१) दफा २२८ बमोजिमको अनुरोधपत्र प्राप्त भएपछि केन्द्रीय निकायले विदेशी अदालतको अनुरोधपत्रले आवश्यक शर्त पूरा गरे वा नगरेको र सो बमोजिम त्यस्तो न्यायिक लिखत नेपालमा तामेल गर्न सकिने वा नसकिने के हो सो सम्बन्धमा अध्ययन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यस्तो विदेशी अदालतबाट जारी भएको न्यायिक लिखत तामेल गर्न नेपालमा नसकिने भए सोको कारण खुलाई केन्द्रीय निकायले कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुकलाई जानकारी गराउनेछ ।

(३) उपदफा (१) बमोजिम अध्ययन गर्दा विदेशी अदालतको अनुरोध बमोजिम त्यस्तो अदालतले जारी गरेको न्यायिक लिखत नेपालमा तामेल गर्न उपयुक्त हुने देखिएमा केन्द्रीय निकायले त्यस्तो लिखत तामेल गर्न सम्बन्धित अदालतलाई अनुरोध गर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सम्बन्धित अदालत" भन्नाले जुन व्यक्तिका नाममा न्यायिक लिखत तामेल गर्नु पर्ने हो त्यस्तो व्यक्ति रहे बसेको इलाकाको जिल्ला अदालत सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम केन्द्रीय निकायबाट कुनै न्यायिक लिखत तामेल गर्न अनुरोध भई आएमा त्यस्तो अदालतले सो अदालतमा नै न्यायिक कारबाही विचाराधीन रहेको सरह त्यस्तो न्यायिक लिखत तामेल गर्ने कारबाही गर्नेछ।

(५) उपदफा (४) बमोजिम न्यायिक लिखत तामेल गर्दा परिच्छेद-८ बमोजिम तामेल गरिनेछ।

(६) उपदफा (५) बमोजिम तामेल गर्दा विदेशी अदालतको अनुरोध बमोजिम कुनै खास कार्यविधि वा तरिका अवलम्वन गरी त्यस्तो लिखत तामेल गर्नु पर्ने रहेछ र केन्द्रीय निकायबाट सोही बमोजिम अनुरोध भई आएको रहेछ भने सम्बन्धित अदालतले पनि त्यस्तो कार्यविधि वा तरिका अवलम्वन गर्नेछ।

(७) उपदफा (५) वा (६) बमोजिम कुनै न्यायिक लिखत तामेल गरेपछि सम्बन्धित अदालतले त्यस्तो लिखतको तामेली विवरण अनुसूची-२४ को ढाँचामा तयार गरी केन्द्रीय निकाय समक्ष पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त तामेली विवरण विदेशी अदालतको माग बमोजिम अंग्रेजी भाषामा अनुवाद गर्नु पर्ने रहेछ भने केन्द्रीय निकायले त्यसको अनुवाद गरी सम्बन्धित अदालतबाट प्राप्त सक्कल प्रति र अनुवाद गरिएको प्रति प्रमाणित गरी कूटनैतिक माध्यम मार्फत अनुरोध गर्ने विदेशी मुलकमा पठाउनु पर्नेछ।

२३०. **<u>विदेशमा प्रमाण बुझ्न सकिने:</u>** (१) अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको सम्बन्धमा नेपाल बाहिर कुनै प्रमाण बुझ्न आवश्यक देखिएमा अदालतले सो प्रयोजनको लागि आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा सम्बन्धित अदालतले केन्द्रीय निकायमा लेखि पठाउनेछ।

(३) उपदफा (२) बमोजिम अदालतबाट लेखि आएकोमा केन्द्रीय निकायले अनुसूची-२५ बमोजिमको ढाँचामा प्रमाण बुझ्नु पर्ने विवरण उल्लेख गरी सम्बन्धित मुलुकको सम्बन्धित अधिकारीबाट प्रमाण बुझी पठाउन कूटनैतिक माध्यम मार्फत अनुरोध गर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध गरिएकोमा त्यस्तो अनुरोध बमोजिम सम्बन्धित विदेशी मुलुकको कानून बमोजिम प्रमाण बुझी केन्द्रीय निकाय मार्फत उपदफा



नेपाल कानून आयोग

(१) बमोजिमको आदेश गर्ने अदालतमा प्राप्त भएकोमा त्यस्तो प्रमाण कानून बमोजिम बुझिएको मानिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम प्रमाण बुझ्न अनुरोध गरिएकोमा सम्बन्धित विदेशी मुलुकबाट प्रमाण बुझ्न इन्कार गरिएकोमा वा त्यस्तो मुलुकको सक्षम अधिकारीबाट प्रमाण नबुझिएकोमा सोही कारणले मात्र उपलब्ध अन्य प्रमाण परीक्षण गरी मुद्दाको निर्णय गर्न कुनै बाधा पुग्ने छैन ।

२३१. **विदेशी अदालतको अनुरोध बमोजिम प्रमाण बुझ्न सकिने :** (१) कुनै विदेशी अदालत वा निकायमा विचाराधीन रहेको कुनै मुद्दाको सम्बन्धमा नेपालभित्र कुनै प्रमाण बुझ्नु पर्दा त्यस्तो अदालतले कूटनैतिक माध्यम मार्फत केन्द्रीय निकाय समक्ष लेखि पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण बुझ्न लेखि पठाउँदा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) प्रमाण बुझ्न अनुरोध गर्ने विदेशी अदालत वा निकाय,

(ख) नेपालमा प्रमाण बुझ्न अनुरोध गरिएको अदालत वा निकाय पहिचान हुन सकेको भए सोको विवरण,

(ग) प्रमाण बुझ्न माग गरिएको मुद्दाको प्रकृति,

(घ) मुद्दाका पक्षहरु र निजका वारिस वा प्रतिनिधिहरुको विवरण,

(ङ) नेपालमा प्रमाण बुझ्नु पर्ने वा गर्नु पर्ने अन्य न्यायिक कामको विवरण,

(च) नेपालमा कुनै साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीको नाम, थर, वतन,

(छ) नेपालमा कुनै बन्द सवालबाट साक्षी बुझ्नु पर्ने भएमा निजलाई सोध्नु पर्ने प्रश्नहरुको विवरण,

(ज) साक्षी बुझ्दा कुनै शपथ लिनु पर्ने वा नपर्ने सोको विवरण,

(झ) नेपालमा कुनै लिखत, चल वा अचल सम्पत्तिको निरीक्षण, नाप जाँच, नाप नक्सा वा परीक्षण गर्नु पर्ने भए सोको विवरण,

नेपाल कानून आयोग

(ञ) अन्य आवश्यक विवरण।

२३२. **<u>अनुरोधपत्र नेपाली भाषामा हुनु पर्नेः</u>** (१) दफा २३१ बमोजिम प्रमाण बुझ्न गरिएको अनुरोधपत्र नेपाली भाषामा लेखिएको हुनु पर्नेछ।

तर अनुरोधपत्र कुनै विदेशी भाषामा लेखिएको रहेछ र त्यस्तो पत्रको नेपाली भाषामा अनुवाद गर्न व्यावहारिक नहुने कारण देखाई अंग्रेजी भाषाको सक्कल प्रति वा अन्य भाषाबाट अंग्रेजी भाषामा गरिएको त्यसको आधिकारीक अनुवाद संलग्न गरिएको भएमा त्यस्तो पत्र केन्द्रीय निकाय वा सम्बन्धित अदालतलाई स्वीकार्य हुनेछ।

२३३. **<u>सम्बन्धित अदालतमा पठाउनु पर्नेः</u>** (१) दफा २३१ बमोजिम लेखी आएकोमा केन्द्रीय निकायले नेपालमा प्रमाण बुझ्न उपयुक्त हुने वा नहुने सो सम्बन्धमा अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा विदेशी मुलुकबाट लेखी आए बमोजिम प्रमाण बुझ्न उपयुक्त देखिएमा केन्द्रीय निकायले लेखी आए बमोजिम प्रंमाण बुझ्न सम्बन्धित अदालतलाई अनुरोध गर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि देहायको प्रमाण बुझ्नको लागि देहायको अदालत सम्बन्धित अदालत मानिनेछः-

(क) कुनै साक्षी बुझ्न वा बन्द सवालको जवाफ तयार गर्नु पर्ने भए त्यस्तो साक्षी वा व्यक्ति रहे बसेको इलाकाको जिल्ला अदालत,

(ख) कुनै चल वा अचल सम्पत्तिको निरीक्षण, नापजाँच, नाप नक्सा वा परीक्षण गर्नु पर्ने रहेछ वा त्यसको विवरण खुलाउनु पर्ने रहेछ भने त्यस्तो सम्पत्ति रहेको इलाकाको जिल्ला अदालत,

(ग) कुनै लिखत सम्बन्धी विवरण खुलाउनु पर्ने रहेछ भने त्यस्तो लिखत जुन सरकारी वा गैर सरकारी कार्यालय वा व्यक्तिको जिम्मा रहेको छ त्यस्तो कार्यालय रहेको वा त्यस्तो व्यक्ति रहे बसेको इलाकाको जिल्ला अदालत।

(३) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यसरी लेखी आए बमोजिम नेपालमा प्रमाण बुझ्न नसकिने रहेछ भने केन्द्रीय निकायले सोको विवरण खुलाई त्यसरी अनुरोध

नेपाल कानून आयोग

गरी पठाउने मुलुकको सम्बन्धित अधिकारीलाई कूटनैतिक माध्यम मार्फत जानकारी गराउनेछ ।

२३४. **सम्बन्धित अदालतले प्रमाण बुझ्नेः** (१) दफा २३३ को उपदफा (२) बमोजिम केन्द्रीय निकायले विदेशी अदालतको अनुरोध बमोजिम कुनै विषयको प्रमाण बुझ्न अनुरोध गरेमा सम्बन्धित अदालतले त्यस्तो अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको कारबाहीका सम्बन्धमा प्रमाण बुझे सरह प्रमाण बुझ्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै साक्षी वा व्यक्तिलाई अदालतमा उपस्थित हुन म्याद दिनु पर्ने रहेछ भने बाटोको म्याद बाहेक सात दिनसम्मको म्याद दिनेछ र त्यस्तो म्याद परिच्छेद-८ बमोजिम तामेल गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाण बुझ्दा विदेशी अदालतको अनुरोध बमोजिम जुन विषयमा साक्षी परीक्षण गर्नु पर्ने वा जुन प्रश्नमा बन्द सवालको जवाफ तयार गर्नु पर्ने वा जुन प्रमाण, लिखत वा चल वा अचल सम्पत्तिको विवरण दिनु पर्ने हो सो विषयमा सीमित रही सम्बन्धित अदालतले प्रमाण बुझ्नेछ ।

(४) उपदफा (३) बमोजिम साक्षी परीक्षण गर्दा वा बन्द सवालको जवाफ तयार गर्दा वा लिखत वा प्रमाण बुझ्दा जुन विषयको मुद्दामा यस दफा बमोजिम प्रमाण बुझिएको हो त्यस्तो मुद्दाका पक्ष वा निजको वारिस वा कानून व्यवसायी अदालतमा उपस्थित हुन चाहेमा त्यस्तो पक्ष, वारिस वा कानून व्यवसायीलाई प्रमाण बुझ्दाका बखत अदालतमा उपस्थित हुन सम्बन्धित अदालतले अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम सम्बन्धित अदालतले प्रमाण बुझ्दा नेपाल कानूनको प्रयोग गर्नेछ ।

तर कुनै खास विषयमा कुनै खास कार्यविधि वा तरिका अवलम्वन गरी कुनै खास विषयको प्रमाण बुझ्न विदेशी अदालतले अनुरोध गरेको रहेछ र सो बमोजिम प्रमाण बुझ्नको लागि केन्द्रीय निकायबाट अनुरोध भएमा सोही बमोजिम सम्बन्धित अदालतले प्रमाण बुझ्नेछ ।

२३५. **बुझिएको प्रमाण सम्बन्धित मुलुकमा पठाउनेः** (१) दफा २३४ बमोजिम बुझिएको प्रमाण सम्बन्धित अदालतले केन्द्रीय निकायमा पठाउनु पर्नेछ ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रमाण कुनै विदेशी भाषामा अनुवाद गर्न विदेशी अदालतले अनुरोध गरेको रहेछ भने केन्द्रीय निकायले सोही बमोजिम अनुवाद गरी कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुकमा पठाउनु पर्नेछ ।

२३६. **खर्च व्यहोर्नु पर्नेः** यस परिच्छेद बमोजिम विदेशी अदालतको अनुरोध बमोजिम म्याद तामेल गर्दा वा प्रमाण बुझ्दा कुनै खर्च लाग्ने रहेछ भने त्यस्तो खर्च त्यसरी अनुरोध गर्ने मुलुकले व्यहोर्नु पर्नेछ ।

२३७. **विदेशी अदालतबाट भएको फैसलाको मान्यता र कार्यान्वयनः** (१) कुनै विदेशी मुलुकको अदालतबाट भएको फैसलाले देहायका अवस्थामा नेपालमा मान्यता पाउने छ र त्यस्तो फैसला कार्यान्वयन हुन सक्नेछ :-

(क) त्यस्तो फैसला उपयुक्त अधिकार क्षेत्र भएको सक्षम अदालतबाट भएको भएमा,

(ख) त्यस्तो फैसला सम्बन्धित मुलुकमा कार्यान्वयन हुन सक्ने भएमा,

(ग) त्यस्तो फैसला सम्बन्धित मुलुकको कानून बमोजिम अन्तिम भई त्यसको पुनरावलोकन हुन सक्ने अवस्था नरहेको भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा विदेशी मुलुकको अदालतबाट भएको फैसलाले नेपालमा मान्यता पाउने छैन र त्यस्तो फैसला नेपालभित्र कार्यान्वयन हुन सक्ने छैन :-

(क) कार्यविधिगत दृष्टिकोणबाट त्यस्तो फैसला धोका धडी वा जालसाज पूर्ण भएको देखिएमा,

(ख) जुन तथ्य, प्रयोजन र पक्षहरु बीचको मुद्दामा त्यस्तो फैसला भएको छ सोही तथ्य र प्रयोजनका लागि सोही पक्षहरु बीच विदेशी अदालतमा भन्दा पहिले नेपालको अदालतमा मुद्दा दायर भई विचाराधीन रहेको भएमा,

(ग) खण्ड (ख) बमोजिमको मुद्दामा नेपालको अदालतबाट फैसला भइसकेको भएमा,



नेपाल कानून आयोग

(घ) खण्ड (ख) बमोजिमको मुद्दामा अर्को कुनै मुलुकको अदालतबाट फैसला भई त्यस्तो फैसलाले नेपालमा मान्यता पाई सो कार्यान्वयन भइसकेको वा कार्यान्वयन हुने प्रक्रियामा भएमा,

(ङ) त्यस्तो फैसलामा मुद्दाको कुनै पक्षलाई स्वच्छ रुपमा आफ्नो प्रतिनिधित्व गर्न पर्याप्त अवसर नदिइएको भएमा,

(च) त्यस्तो फैसला मुद्दाको कारबाहीका लागि आवश्यक नियमित प्रक्रिया विना भएको देखिएमा ।

२३८. **विदेशी अदालतबाट भएको फैसला कार्यान्वयनका लागि निवेदन दिनु पर्नेः** (१) कुनै विदेशी अदालतबाट भएको फैसलाको मान्यता पाउन र त्यसको नेपालमा कार्यान्वयन गराउन चाहने पक्षले देहायका लिखतहरु संलग्न गरी सम्बन्धित पुनरावेदन अदालतमा निवेदन दिनु पर्नेछ :-

(क) फैसलाको पूर्ण तथा प्रमाणीकरण गरिएको प्रति,

(ख) फैसला मुद्दाको कुनै पक्षको अनुपस्थितिमा भएको रहेछ भने त्यस्तो पक्षलाई रीतपूर्वक म्याद जारी गरिएको कुरा स्थापित गर्ने कागजातको सक्कल वा प्रमाणित प्रतिलिपि,

(ग) फैसलाले दफा २३७ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका शर्त पूरा गरेको कुरा स्थापित गर्ने सम्पूर्ण कागजातहरु,

(घ) फैसला नेपाली भाषामा लेखिएको रहेनछ भने फैसलाको नेपाली भाषामा भएको अनुवाद तथा त्यसमा कूटनैतिक वा वाणिज्यदूत सम्बन्धी प्रतिनिधि वा फैसलाको आधिकारीक अनुवाद गर्न अख्तियारी पाएको व्यक्तिबाट प्रमाणित भएको व्यहोरा ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा पुनरावेदन अदालतले त्यस्तो निवेदन अध्ययन गर्दा विदेशी अदालतबाट भएको फैसलाले दफा २३७ को उपदफा (१) बमोजिमका शर्तहरु पूरा गरेको र सोही दफाको उपदफा (२) बमोजिम मान्यता दिन इन्कार गर्नु पर्ने अवस्था नरहेको कुरामा सम्बन्धित पुनरावेदन अदालत सन्तुष्ट भएमा सो

नेपाल कानून आयोग

अदालतले विदेशी अदालतको फैसलालाई मान्यता दिई कार्यान्वयनको लागि सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "सम्बन्धित जिल्ला अदालत" भन्नाले फैसला बमोजिम विगो भराउनु पर्ने, वण्डा छुट्याउनु पर्ने, चलन चलाउनु पर्ने समेतको सम्पत्ति रहे भएको इलाकाको जिल्ला अदालत सम्झनु पर्छ ।

२३९. **जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने:** दफा २३८ को उपदफा (२) बमोजिम पुनरावेदन अदालतबाट लेखि आएकोमा सम्बन्धित जिल्ला अदालतले सोही अदालतबाट भएको फैसला सरह कार्यान्वयन गर्नेछ ।

२४०. **पक्षहरु बीच मिलापत्र हुन सक्ने:** (१) दफा २३८ बमोजिम विदेशमा भएको फैसला नेपालमा कार्यान्वयन गर्नको लागि निवेदन परेकोमा पक्षहरुले आपसी सहमतिबाट फैसला कार्यान्वयन गर्ने गरी मिल्न चाहेमा मिल्न चाहेको शर्त सहितको व्यहोरा खुलाई सम्बन्धित अदालत समक्ष संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा निवेदन बमोजिम सहमति कायम गरी फैसला कार्यान्वयन गर्न सम्बन्धित अदालतले कानून बमोजिम मिलापत्र गराउनेछ ।

(३) उपदफा (२) बमोजिम मिलापत्र भएकोमा सम्बन्धित पक्षहरुले सहमति बमोजिम फैसला कार्यान्वयन गर्नु पर्नेछ ।

२४१. **सन्धि नभएमा कार्यान्वयन नहुने:** (१) कुनै विदेशी मुलुकको अदालतबाट जारी भएको म्याद नेपालमा तामेल गर्न, कुनै विदेशी अदालतको अनुरोधमा नेपालमा प्रमाण बुझ्न वा कुनै विदेशी मुलुकको अदालतबाट भएको फैसला नेपालमा कार्यान्वयन गर्न नेपाल र त्यस्तो विदेशी मुलुक बीच द्विपक्षीय सन्धि हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सन्धि भएको रहेनछ भने यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अदालतबाट जारी भएको म्याद तामेल हुन, त्यस्तो अदालतको अनुरोध बमोजिम प्रमाण बुझ्न वा त्यस्तो अदालतबाट भएको फैसला कार्यान्वयन हुन सक्ने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास मुद्दामा विदेशी मुलुकको अदालतबाट जारी भएको म्याद तामेल गर्न वा त्यस्तो मुलुकको अदालतको अनुरोध बमोजिम प्रमाण बुझ्न कुनै विदेशी मुलुकले कूटनैतिक माध्यम

मार्फत नेपाल सरकार समक्ष अनुरोध गरेमा त्यस्तै प्रकारको मुद्दामा नेपालका कुनै अदालतबाट जारी भएको म्याद वा प्रमाण बुझ्न गरेको अनुरोध बमोजिम भविष्यमा आफ्नो मुलुकमा म्याद तामेल गर्न वा प्रमाण बुझ्न कूटनैतिक माध्यम मार्फत आश्वासन दिएमा पारस्पारिकताको आधारमा त्यस्तो मुलुकको अदालतबाट जारी भएको म्याद तामेल गर्न वा गरिएको अनुरोध बमोजिम नेपालमा प्रमाण बुझ्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम आश्वासन दिएकोमा वा म्याद तामेल गरिएकोमा वा प्रमाण बुझिएकोमा केन्द्रीय निकायले सोको अभिलेख राख्नेछ।

२४२. **कार्यान्वयन नहुने:** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी मुलुकको अदालतबाट जारी भएको म्याद नेपालमा तामेल गर्दा, त्यस्तो अदालतको अनुरोध बमोजिम नेपालमा प्रमाण बुझ्दा वा त्यस्तो अदालतबाट भएको फैसला नेपालमा कार्यान्वयन गर्दा वा सोको कारणबाट सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) वा नेपालको सार्वभौमसत्ता प्रतिकूल हुने भएमा त्यस्तो म्याद तामेल गर्न, त्यस्तो प्रमाण बुझ्न वा फैसला कार्यान्वयन गर्न सकिने छैन।

## परिच्छेद-२२

## फैसला कार्यान्वयन

२४३. **लगत तयार गर्नु पर्ने:** (१) अदालतबाट चलन चलाउने, दाखिल, खारेज, नामसारी गराउने, निखनाई दिने, अंशवण्डा गरी दिने, विगो भराउने, जरिवाना असुल गर्ने वा अदालती शुल्क भराई दिने समेत गरी फैसला भएकोमा सम्बन्धित कर्मचारीले सो सम्बन्धी लगत यथाशिध्र तयार गरी तहसिल शाखामा पठाउनु पर्नेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "विगो" भन्नाले फैसला बमोजिम भराउनु पर्ने क्षतिपूर्ति समेतको जुनसुकै रकम सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि सम्बन्धित कर्मचारीले फैसला कार्यान्वयनको लागि फैसलाको प्रतिलिपि संलग्न गरी सो सम्बन्धी छुट्टै मिसिल खडा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको लगत पुनरावेदन सुन्ने अदालतबाट तयार भएकोमा सम्बन्धित कर्मचारीले फैसला तयार भएको सात दिनभित्र सो मिसिल लगत सहित सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

२४४. **सम्बन्धित जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने**: (१) कुनै मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएपनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजूरी दायर भएको जिल्ला अदालतले गर्नेछ।

(२) पुनरावेदन सुन्ने अदालतले शुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको विषयवस्तुका कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले सो मुद्दाको फैसला कार्यान्वयन गर्नेछ।

तर नियमित अदालतबाट बाहेक अन्य निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायले गर्नेछ।

२४५. **फैसला कार्यान्वयन स्थगित हुने** : दफा २४३ मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले देहायका अवस्थामा फैसलाको कार्यान्वयन स्थगन गर्नु पर्नेछ :-

(क) पुनरावेदन लाग्नेमा पुनरावेदन गर्न सक्ने म्याद भुक्तान नभएसम्म,

(ख) कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म,

(ग) दफा २२४ बमोजिम मुद्दा दोहोर्‍याउने आदेश भएकोमा सोको किनारा नभएसम्म,

(घ) दफा २२५ बमोजिम पुनरावलोकनको आदेश भएकोमा सोको अन्तिम किनारा नभएसम्म।

२४६. **फैसला वा मिलापत्र कार्यान्वयन गर्न बाधा नपर्ने**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा फैसला वा मिलापत्र कार्यान्वयन गर्न बाधा पर्ने छैन :-

(क) कुनै मुद्दामा भएको फैसला पुनरावलोकन वा मुद्दा दोहोर्‍याई पाउँ भनी पक्षले दिएको निवेदन विचाराधीन रहेको अवस्थामा अदालतले अन्यथा

नेपाल कानून आयोग

आदेश दिएकोमा बाहेक त्यस्तो निवेदन परेको कारणले मात्र सो मुद्दामा भएको फैसला कार्यान्वयन गर्न,

(ख) कसैले फैसला वा मिलापत्र बदर मुद्दा दायर गरे पनि अदालतले अन्यथा आदेश दिएकोमा वाहेक सो मुद्दामा भएको फैसला वा मिलापत्र कार्यान्वयन गर्न,

(ग) कुनै मुद्दाको फैसला कार्यान्वयन तत्काल नगरेमा मुद्दाको विषयवस्तुको रुपमा रहेको सम्पत्ति विग्रने देखिएमा वा क्षतिपूर्ति तिर्नु पर्ने मुद्दामा जित्ने पक्षले पछि पुनरावेदन तहबाट मुद्दा हारेमा अर्को पक्षलाई पर्न गएको नोक्सानी वापतको क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा अदालतले शुरु फैसला भएपछि त्यस्तो मुद्दामा पुनरावेदन पर्ने म्याद भुक्तानी हुनु वा पुनरावेदन फैसला हुनु अगावै त्यस्तो फैसला कार्यान्वयन गर्न,

(घ) अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको कुनै विषयमा मुद्दाका पक्षहरु बीच सहमति भएमा र त्यसरी सहमति भएको विषय छुट्टाएर फैसला कार्यान्वयन गर्न मिल्ने भई अदालतबाट आदेश भएमा ।

२४७. **<u>वारिस राख्न सक्ने:</u>** फैसला कार्यान्वयनको सिलसिलामा मुद्दाको कुनै पक्ष आफै उपस्थित हुन नसक्ने भएमा सो प्रयोजनको लागि निजले वारिस नियुक्त गरी पठाउन सक्नेछ ।

२४८. **<u>मिलापत्र वा मेलमिलाप गर्न मौका दिनु पर्ने:</u>** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पक्षहरुले मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी अदालतमा संयुक्त निवेदन दिन सक्नेछन् ।

तर सरकारी विगो असुल गर्ने विषयमा मिलापत्र वा मेलमिलाप गर्न निवेदन दिन सकिने छैन ।

(२) उपदफा (१) बमोजिम मिलापत्र वा मेलमिलापको लागि पक्षहरुबाट निवेदन प्राप्त भएमा अदालतले मनासिव अवधि तोकी पक्षहरुलाई मिलापत्र वा मेलमिलापको माध्यमद्वारा फैसला कार्यान्वयन गर्न अवसर दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र पक्षहरु मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसला कार्यान्वयन गर्न सहमति भएमा अदालतले कानून बमोजिम पक्षहरु बीच मिलापत्र गराई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र पक्षहरु मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसला कार्यान्वयन गर्न सहमत नभएमा अदालतले यस परिच्छेद बमोजिमको प्रक्रिया अवलम्वन गरी फैसला कार्यान्वयन गर्नु पर्नेछ।

२४९. **पक्षहरुलाई तारिखमा राख्नु पर्नेः** (१) मुद्दा फैसला गर्ने शुरु अदालतले चलन चलाई दिने, दाखिल, खारेज, नामसारी गरी दिने, निखनाई दिने वा अंशवण्डा गरी दिने, विगो भरी पाउने समेत गरी फैसला गरेकोमा मुद्दाका पक्षहरु अदालतमा हाजिर रहेको भए अदालतले फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त पक्षहरुलाई सो मुद्दामा पुनरावेदन गर्ने म्याद भुक्तान हुने अवधि कटाई तारिख तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखका दिनसम्म सो मुद्दामा पुनरावेदन परेमा पुनरावेदन अदालतको फैसला बमोजिम हुने गरी अदालतले पक्षहरुको तारिख टुटाई त्यस्तो मुद्दाको मिसिल तामेलीमा राख्नु पर्नेछ।

(३) पुनरावेदन सुन्ने अदालतबाट समेत अन्तिम फैसला भएपछि उपदफा (१) बमोजिम मुद्दाका पक्षहरु अदालतमा हाजिर रहेको भए फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त पक्षहरुलाई तारिख तोकी हाजिर हुन र पक्षहरु हाजिर नरहेको भए सोही व्यहोरा जनाई मुद्दाको मिसिल सम्बन्धित शुरु अदालतमा पठाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम शुरु अदालतमा पक्षहरु हाजिर हुन आएमा अदालतले उपस्थित भएसम्मका पक्षलाई फैसला कार्यान्वयनको प्रयोजनको लागि तारेखमा राख्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतबाट पक्षहरु तारेखमा नरहेको व्यहोरा लेखी आएमा, पक्षहरु तोकिएको तारेखमा अदालतमा हाजिर हुन नआएमा वा शुरु अदालतको फैसला उपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएमा र कुनै मुद्दाका पक्ष अदालतमा हाजिर नभएमा शुरु अदालतले फैसला कार्यान्वयनको प्रयोजनको लागि पक्षहरुलाई अदालतमा उपस्थित हुन अनुसूची-२६ बमोजिमको ढाँचामा एक्काइस दिनको म्याद पठाउनु पर्नेछ।

नेपाल कानून आयोग

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई तारिखमा राख्न आवश्यक नदेखिएमा अदालतले त्यस्तो पक्षलाई तारेखमा राख्ने छैन ।

२५०. **<u>थप दस्तुर लिई फैसला कार्यान्वयन गर्न सक्नेः</u>** (१) यस संहिता बमोजिम म्याद जारी भएकोमा म्याद नाघेपछि र म्याद वा तारिख गुजारेकोमा मुद्दा सकार गर्ने वा गुज्रेको तारेख थमाउने म्याद नाघे पछि मुद्दाको पक्ष फैसला कार्यान्वयन गराउन आएमा अदालतले फैसला कार्यान्वयन गर्दा लाग्ने दस्तुरको म्याद नाघेको छ महिनाभित्र भए दश प्रतिशत र एक वर्षभित्र भए पच्चीस प्रतिशत थप दस्तुर लिई फैसला कार्यान्वयन गरिदिनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र पनि फैसला कार्यान्वयन गर्न पक्ष हाजिर नभएमा यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतले त्यस्तो फैसला कार्यान्वयन सम्बन्धी कारबाही तामेलीमा राख्नु पर्नेछ ।

२५१. **<u>मुद्दा सकार गर्न वा गुज्रेको तारेख थमाउन पाउनेः</u>** (१) फैसला कार्यान्वयनको सिलसिलामा मुद्दाको कुनै पक्षको मृत्यु भएमा निजको हकवालाले यस संहिता बमोजिम त्यस्तो मुद्दा सकार गर्न पाउनेछ ।

(२) फैसला कार्यान्वयनको सिलसिलामा कुनै पक्षले तारिख गुजारेमा निजले यस संहिता बमोजिम गुज्रेको तारिख थमाउन सक्नेछ ।

२५२. **<u>चलन चलाउने कार्यविधिः</u>** (१) फैसला बमोजिम अदालतले चलन चलाई दिए वापत चलन चलाउने सम्पत्तिको विगो खुलेको भए विगोको तीन प्रतिशत र विगो नखुलेको भए एक हजार रुपैयाँ दस्तुर चलन चलाई दिनको लागि डोर खटाउनु अघि चलन पाउनेबाट अदालतमा दाखिला गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम चलन चलाई पाउनेले रकम बुझाएमा अदालतले सो रकम बुझाएकै दिन चलन चलाउने डोर खटिने दिन तोकी सो कुराको सूचना सहित पक्षहरुलाई चलन चलाउने ठाउँमा हाजिर हुने गरी तारिख तोक्नु पर्नेछ र चलन चलाई दिनु पर्ने पक्ष तारेखमा नरहेमा अदालतले सो कुराको सूचना त्यस्तो पक्षलाई समेत दिनु पर्नेछ ।



नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम तारिख तोक्दा वा सूचना दिंदा चलन चलाई दिनु पर्ने सम्पत्ति घर वा जग्गा भएमा त्यस्तो घर वा जग्गा खाली गर्न सूचना समेत दिनु पर्नेछ।

(४) चलन चलाई दिनु पर्ने सम्पत्ति मुद्दाका पक्ष बाहेक अन्य व्यक्तिको भोग वा कब्जामा भए अदालतले त्यस्तो व्यक्तिलाई समेत डोर खटी जाने ठाउँमा उपस्थित हुन सूचना गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम तोकिएको दिनमा अदालतले डोर खटाई त्यस्तो सम्पत्ति फैसला बमोजिम चलन चलाई दिनु पर्नेछ।

(६) फैसला बमोजिम चलन चलाई दिनु पर्ने कुनै घर वा जग्गाको दिशा वा तर्फ नखुलेको भए अदालतले पक्षहरुलाई रोहबरमा राखी नरम गरम मिलाई छुट्याई गोला हाली त्यस्तो घर वा जग्गा चलन चलाई दिनु पर्नेछ।

(७) अदालतले यस दफा बमोजिम चलन चलाउँदा हाजिर भएसम्मका चलन चलाई दिने र पाउने पक्ष वा निजका प्रतिनिधिको रोहवरमा स्थानीय निकायका प्रतिनिधि र कम्तीमा दुईजना साक्षी राख्नु पर्नेछ।

(८) चलन चलाई दिनु पर्ने व्यक्ति वा अरु कसैले चलन चलाउन बाधा विरोध गरेमा अदालतले आवश्यकतानुसार बल प्रयोग गरी चलन चलाई दिनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कसैले चलन दिनु पर्ने घर वा पसलभित्र कुनै सम्पत्ति राखी ताल्चा मारी राखेकोमा चलन दिनु पर्ने वा घर वा पसल भोग वा कव्जा गर्ने व्यक्ति हाजिर भए खोल्न लगाई चलन चलाई दिनु पर्नेछ र त्यस्तो व्यक्ति हाजिर नभएमा पन्ध्र दिनभित्र सो घर वा पसलमा लागेको ताल्चा खोली दिनको लागि सो चलन चलाउनु पर्ने घर वा पसलको ढोकामा अनुसूची-२७ बमोजिमको ढाँचामा सूचना टाँस गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले घर वा पसलको ताल्चा नखोलेमा त्यस्तो म्याद नाघेपछि अदालतले त्यस्तो ताल्चा खोली सो घर वा पसल चलन चलाई दिनु पर्नेछ।

(११) यस दफा बमोजिम चलन चलाउने सिलसिलामा घर वा पसलभित्र कुनै सम्पत्ति फेला पारेमा उसै वखत अदालतले अविलम्व त्यस्तो सम्पत्तिको विवरण तयार गरी त्यस्तो सम्पत्ति आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम नियन्त्रणमा लिएको सम्पत्ति सम्बन्धित व्यक्तिले पैंतीस दिनभित्र फिर्ता लिन नआएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी प्राप्त रकम सम्बन्धित व्यक्तिलाई तत्काल बुझाई दिनु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिम सम्पत्ति लिलाम बिक्री भई प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले तत्काल नबुझेमा अदालतले सो रकम धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिम धरौटी खातामा रकम जम्मा भएको एक वर्षभित्र सम्बन्धित व्यक्तिले रकम बुझ्न आएमा अदालतले दश प्रतिशत रकम कटाई बाँकी रकम त्यस्तो व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

(१५) उपदफा (१४) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्तिले त्यस्तो रकम फिर्ता लिन नआएमा अदालतले सो रकम सरकारी कोषमा जम्मा गर्नु पर्नेछ ।

(१६) अदालतबाट एक पटक चलन चलाई दिएको सम्पत्ति चलन नछाडी कसैले खिचोला गरेमा अदालतले खिचोला गरेको पटकै पिच्छे पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद गरी अघि चलन चलाई दिएको सम्पत्ति फैसला बमोजिम पुनः चलन चलाई दिनु पर्नेछ । त्यसरी चलन चलाई दिए वापत थप दस्तुर लाग्ने छैन ।

(१७) चलन चलाउने सम्पत्ति अन्य इलाकाको भए अदालतले चलन चलाउन सम्बन्धित पक्षलाई तारेख तोकी मिसिल सहित त्यस्तो इलाकाको जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

(१८) उपदफा (१७) बमोजिम चलन चलाउन लेखी आएमा सम्बन्धित अदालतले कानून बमोजिम चलन चलाई त्यसको जानकारी सो अदालतलाई दिनु पर्नेछ ।

(१९) यस दफा बमोजिम अदालतबाट चलन चलाई दिइसकेपछि अदालतले सोको निस्सा चलन पाउने पक्षलाई दिनु पर्नेछ ।



नेपाल कानून आयोग

(२०) अदालतले पक्षहरु अदालतमा हाजिर भएको छ महिनाभित्र चलन चलाई दिई सक्नु पर्नेछ ।

२५३. **दाखिल, खारेज, नामसारी गर्ने कार्यविधि:** (१) फैसला बमोजिम दाखिल खारेज, नामसारी गर्ने सिलसिलामा सो गरी लिने पक्ष दफा २४९ बमोजिम तारिखमा रहेमा अदालतले फैसला कार्यान्वयन गर्ने प्रयोजनको निमित्त दाखिल, खारेज, नामसारी गरी दिने कार्यालयका नाममा सो व्यहोरा लेखी पक्षलाई समेत सोही कार्यालयमा एक्काइस दिनभित्र हाजिर हुन पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतबाट लेखी आएमा र सम्बन्धित पक्ष कार्यालयमा हाजिर भएमा त्यस्तो कार्यालयले पनि फैसला बमोजिम दाखिल, खारेज, नामसारी गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद नाघेपछि कुनै पक्ष दाखिल, खारेज, नामसारीको लागि सम्बन्धित कार्यालयमा हाजिर भएमा त्यस्तो कार्यालयले प्रत्येक वर्षको निमित्त पाँचसय रुपैयाँ दस्तुर लिई फैसला बमोजिम दाखिल, खारेज, नामसारी गरी दिनु पर्नेछ ।

२५४. **निखन्ने सम्बन्धी कार्यविधि:** (१) फैसला बमोजिम निखनाई लिने दिने सिलसिलामा कुनै पक्ष दफा २४९ बमोजिम तारिखमा रहेमा अदालतले फैसला बमोजिम निखनी लिन पाउने सम्पत्ति निखनी लिन वा धरौटी रहेको रकम बुझिलिन त्यस्तो पक्षलाई तारेख तोकी रकम धरौटी रहेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निखनी लिने दिने दुवै पक्षहरु कार्यालयमा हाजिर हुन आएमा कार्यालयले धरौटी रहेको रकम निखनी दिनु पर्ने व्यक्तिलाई बुझाई सो सम्पत्तिको लिखत र भरपाई निखनी लिनेलाई बुझाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निखनी दिने व्यक्ति मात्र कार्यालयमा हाजिर भएमा कार्यालयले उपदफा (२) बमोजिम निजलाई रकम बुझाई सो रकम बुझाएको भरपाई समेतका कागजात निखनी लिने व्यक्ति पछि हाजिर भएका बखत निजलाई बुझाई दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(४) उपदफा (१) बमोजिम निखनी लिने व्यक्ति मात्र कार्यालयमा हाजिर हुन आएमा कार्यालयले फैसला बमोजिम निखनाई दिई रकम बुझाएको भरपाई समेतका कागजात निजलाई बुझाई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कार्यालयबाट निखनाई दिएकोमा सो मितिले पैंतीस दिनभित्र निखनाई दिनु पर्ने व्यक्तिले धरौटी रहेको रकम बुझी लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्याद नाघेको दुई वर्षभित्र निखनाई दिनु पर्ने व्यक्ति धरौटी रकम बुझिलिन आएमा कार्यालयले धरौटी रकमको थप तीन प्रतिशत रकम कट्टा गरी बाँकी रकम त्यस्तो व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको म्यादभित्र पनि निखनाई दिनु पर्ने व्यक्ति धरौटी रकम लिन नआएमा कार्यालयले त्यस्तो धरौटी रकम सरकारी आम्दानीको रुपमा सरकारी कोषमा जम्मा गर्नु पर्नेछ ।

२५५. **अंश छुट्याउने कार्यविधिः** (१) फैसला बमोजिम अंश छुट्याई दिने सिलसिलामा पक्षहरु दफा २४९ बमोजिम तारिखमा रहेको भए अदालतले छ महिनाभित्र अंश छुट्टाई वण्डा गरी दिनु पर्नेछ ।

(२) एक जनाभन्दा बढी अंशियारलाई अंश छुट्टाई दिने गरी फैसला भएकोमा कुनै अंशियार हाजिर नभएमा अदालतले हाजिर नहुने अंशियारको नाममा अनुसूची-२८ बमोजिमको ढाँचामा पन्ध्र दिने म्याद पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र सम्बन्धित अंशियार हाजिर हुन आएमा अदालतले सबै अंशियारलाई राखी अंश छुट्याई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको म्यादभित्र अंश पाउने सबै अंशियार हाजिर हुन नआएमा अदालतले हाजिर नहुने अंशियारको भाग छुट्टाई हाजिर हुने अंशियारको वण्डा छुट्याई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम वण्डा छुट्याइएकोमा म्यादभित्र हाजिर नहुने व्यक्तिले वण्डा गरेको वा असल कमसल वा घटी बढी भन्ने कुरामा नालिस गर्न पाउने छैन ।

(६) डोर खटाई अंश छुट्याउनु पर्ने भए अदालतले कर्मचारी पठाई वण्डा छुट्याई दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(७) यस दफा बमोजिम वण्डा छुट्टाउने सिलसिलामा फैसला बमोजिम अंश दिने वा फाँटवारी बमोजिमको सम्पत्ति जिम्मा राख्ने अंशियार, निजका प्रतिनिधि वा एकाघरका उमेर पूरा गरेका अन्य व्यक्तिले फाँटवारी बमोजिमको वण्डा गर्नु पर्ने सम्पत्ति देखाउनु पर्नेछ ।

(८) अंश दिने वा जिम्मा राख्ने व्यक्ति फेला परेन वा एकाघरका उमेर पूरा गरेका व्यक्तिले फाँटवारी बमोजिमको सबै सम्पत्ति देखाउन नसकेमा अंश दिने र जिम्मा राख्नेलाई बाटाको म्याद वाहेक पन्ध्र दिनभित्र अदालतमा हाजिर हुन आउन अनुसूची-२९ बमोजिमको ढाँचामा म्याद दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको म्यादभित्र अंश दिने वा सम्पत्ति जिम्मा राख्ने व्यक्ति अदालतमा हाजिर नभएमा वा हाजिर भएपनि वण्डा गर्नु पर्ने सम्पत्ति नदेखाएमा अदालतले स्थानीय निकायको सदस्य वा प्रतिनिधि र कम्तीमा दुई जना व्यक्ति साक्षी राखी कुनै सम्पत्ति बन्द गरेको भए सो खुला गरी फाँटवारी बमोजिम अंश वण्डा गरिदिनु पर्नेछ ।

(१०) उपदफा (२) वा (८) बमोजिमको म्यादभित्र पक्षहरु हाजिर हुन नआएमा सो म्याद नाघेको तीन दिनभित्र अदालतले फैसला बमोजिम अंश छुट्याई वण्डा गर्ने कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(११) उपदफा (८) बमोजिम दिइएको म्यादपछि कुनै पक्ष अदालतमा हाजिर हुन आएमा र सो बखत अंशवण्डा गर्ने कार्य समाप्त नभएको भए अदालतले निजलाई समेत राखी फैसला बमोजिम अंश छुट्याई दिनु पर्नेछ ।

(१२) वण्डा गर्दा फाँटवारी बमोजिमको सबै सम्पत्ति दुरुस्त नदेखिएमा सो नपुग जति सम्पतिको विगो कायम गराई अंश दिने वा सम्पत्ति जिम्मा राख्नेको अंशबाट सोधभर्ना गराई दिनु पर्नेछ । त्यसरी सोधभर्ना गर्दा पनि अंश नपुगेमा नपुग भएको जति विगो वापत  त्यस्तो व्यक्तिको हक भोगको अन्य सम्पत्तिबाट अंश पाउनेलाई भराई दिनु पर्नेछ ।

(१३) वण्डा छुट्याउँदा अंश पाउने व्यक्ति वा निजका एकाघरका उमेर पुगेको व्यक्तिले आफ्नो भागको अंश बुझी लिएन र सडिगली जाने कुनै सम्पत्ति भएमा अदालतले त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ । त्यसरी लिलाम बिक्रीबाट प्राप्त

नेपाल कानून आयोग

रकम पछि बुझी लिन आएमा अदालतले सो रकम मध्ये पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम निजलाई फिर्ता गरी दिनु पर्नेछ।

(१४) अंश वण्डा छुट्याउन अंश पाउने व्यक्ति बीच वण्डा गर्नु पर्ने सम्पत्तिका बारेमा सहमति कायम हुन नसकेमा अदालतले त्यस्तो सम्पत्ति नरम गरम मिलाई गोला हाली वण्डा छुट्याई दिनु पर्नेछ।

(१५) कसैले फाँटवारीमा उल्लेख भएको आफ्नो जिम्माको सम्पत्ति नदेखाएमा वा दाखिला नगरेमा सो नदेखाएको वा दाखिला नगरेको सम्पत्तिको विगोको सयकडा पाँच प्रतिशत जरिवाना गर्नु पर्नेछ।

(१६) वादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिवादी अंशियारहरुले पनि आफ्नो अंश छुट्याई लिन दरखास्त दिएमा कानून बमोजिम लाग्ने अदालती शुल्क लिई फैसलाबाट ठहरे बमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिलाई दिनु पर्नेछ।

(१७) अंशवण्डा गर्नु पर्ने सम्पति अर्को इलाकामा समेत रहेछ भने अदालतले त्यस्तो सम्पति वण्डा गर्न सम्बन्धित अदालतमा लेखी पठाउनु पर्नेछ।

(१८) उपदफा (१७) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले समेत यस दफा बमोजिम त्यस्तो सम्पतिको वण्डा छुट्याई दिई सोको जानकारी त्यस्तो अदालतलाई दिनु पर्नेछ।

२५६. **विगो भराउने कार्यविधिः** (१) फैसला बमोजिम विगो भराई लिने सिलसिलामा विगो भरी पाउने पक्ष दफा २४९ बमोजिम तारेखमा रहेमा अदालतले त्यस्तो पक्षले विगो भराई लिन चाहे वा नचाहेको विषयमा कागज गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कागज गराउँदा विगो भराई लिन पाउने पक्षले विगो भराई लिन नचाहेमा अदालतले त्यसै दिन फैसला कार्यान्वयन सम्बन्धी विषय अन्त्य गरी विगोको लगत कट्टा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कागज गराउँदा विगो भरी पाउनेले विगो भराई लिन चाहेमा र विगो भराई दिने पक्ष तारिखमा रहेको भए अदालतले निजलाई फैसला बमोजिम तिर्नु पर्ने विगो बुझाउनको लागि बढीमा पैंतीस दिनसम्मको समय दिनु पर्नेछ।




नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र विगो बुझाउने पक्षले नगद, गुड फर पेमेन्ट वा अन्य कुनै माध्यमबाट  विगो बमोजिमको रकम अदालतमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि विगो बुझाउने पक्षले विगो वापतको रकम आफ्नो कुनै सम्पत्तिबाट असुल गर्न अदालत समक्ष अनुरोध गर्न सक्नेछ ।

(६) विगो बुझाउने पक्ष अदालतमा हाजिर नभएमा वा उपस्थित भएपनि उपदफा (३) बमोजिमको समयभित्र विगो वापत रकम नबुझाएमा वा उपदफा (५) बमोजिम सम्पत्ति नदेखाएमा विगो भरी पाउने पक्षले विगो बुझाउने पक्षको सम्पति देखाई त्यस्तो सम्पत्तिबाट विगो भरी पाउन अदालतमा निवेदन दिन सक्नेछ ।

(७) यस दफा बमोजिम विगो असुल गर्दा कुनै सम्पति रोक्का राख्नु पर्ने भएमा अदालतले त्यस्तो सम्पत्ति रोक्का राखी आवश्यकता अनुसार सो सम्पति लिलाम बिक्री समेत गरी विगो भराई दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा विगो भन्दा बढी रकम प्राप्त भएमा अदालतले त्यसरी बढी रकम विगो बुझाउने पक्ष उपस्थित भए निजलाई तुरुन्त फिर्ता गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सम्बन्धित पक्षले रकम बुझी नलिएमा अदालतले सो रकम धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम धरौटी खातामा रकम जम्मा भएको दुई वर्षभित्र सम्बन्धित व्यक्तिले रकम लिन नआएमा सो रकम सरकारी आम्दानीमा बाँधिनेछ ।

(११) विगो भरी दिनु पर्ने व्यक्ति अर्को इलाकामा रहे बसेको भए अदालतले विगो भराउन सम्बन्धित अदालतमा लेखी पठाउनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले समेत यस दफा बमोजिम विगो भराई सोको जानकारी त्यस्तो अदालतलाई दिनु पर्नेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विगो भरिपाउने व्यक्तिले विगो बुझाउनु पर्ने व्यक्तिबाट सम्पत्ति दबाए लुकाएको पत्ता लगाई निज जीवित




नेपाल कानून आयोग

छँदै ल्याएमा अदालतले सो सम्पत्ति लिलाम बिक्री गरी निजले पाउने विगोसम्मको रकम त्यस्तो व्यक्तिलाई बुझाई दिनु पर्नेछ ।

(१४) यस दफा बमोजिम विगो भराई दिए वापत अदालतले त्यस्तो विगोको तीन प्रतिशत दस्तुर विगो पाउने व्यक्तिबाट लिनु पर्नेछ ।

२५७. **जायजात हुने सम्पत्तिः** (१) दफा २५६ बमोजिमको विगो वापत जायजात गर्दा त्यस्तो सम्पत्ति भोग वा उपयोग गर्ने बाह्र वर्षदेखि माथिका मानु नछुट्टि संग बसेका र मानो वा अंश छुट्टिई भिन्न बसे पनि सो सम्पत्ति भोग वा उपयोग गर्ने व्यक्तिसँग रहेको अंश समेत जायजात गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जायजात गर्दा देहायका सम्पति परसारी बाँकी रहेको सम्पत्ति जायजात गर्नु पर्नेछ :-

(क) जायजात गर्नु पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिको निजी सम्पत्तिको रूपमा कुनै सम्पत्ति रहेको भए त्यस्तो सम्पत्ति,

(ख) जायजात हुने व्यक्ति तथा निजको एकाघरका परिवारले लगाउने तीन जोरसम्मको कपडा तथा तीन जोरसम्मको जुत्ता,

(ग) जायजात हुने व्यक्ति तथा निजका एकाघरका परिवारलाई आवश्यक खाना पकाउने तथा खाने एकसरो भाडा, थाल कचौरा, एकसरो ओड्ने ओछ्याउने कपडा,

(घ) जायजात हुने व्यक्तिको एकाघरका परिवारलाई पठन पाठन गर्न आवश्यक पर्ने पुस्तक,

(ङ) जायजात हुने व्यक्ति तथा निजका एकाघर परिवारलाई बढीमा तीन महिनासम्म जीवन निर्वाह गर्न आवश्यक खाद्यान्न,

(च) जायजात हुने व्यक्ति तथा निजका एकाघर परिवारका व्यक्तिको पेशा रोजगारसँग सम्बन्धित एकसरो ज्यावल, औजार वा हातहतियार,

(छ) खेती गर्न एक हल गोरु ।

नेपाल कानून आयोग

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (ख), (ग),(घ),(ङ), (च) र (छ) बमोजिम सम्पत्ति पर सार्दा तीस हजार रुपैयाँभन्दा बढी रकमको सम्पत्ति पर सारिने छैन ।

(४) उपदफा (१) बमोजिम जायजात गर्दा समेत विगो पुगेन भने परिवारका अरु सदस्यलाई पक्रन पाइने छैन ।

२५८. **विगो वा जरिवाना बापत कैद गर्ने:** (१) दफा २५६ को उपदफा (७) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा समेत विगो पुगेन र नपुग विगोमा विगो भरी पाउनेले विगो भराउनु पर्नेलाई कैद गराउन इच्छा गरी सम्पत्ति लिलाम बिक्री भएको सात दिनभित्र निवेदन दिएमा अदालतले त्यसको पर्चा खडा गरी विगो भरी दिनु पर्ने व्यक्तिलाई कानून बमोजिम कैद गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कैद गर्दा अदालतले एक दिनको तीनसय रुपैयाँको दरले त्यसरी बाँकी हुन आएको विगोलाई कैदमा परिणत गरी सो बराबर विगो भर्नु पर्ने व्यक्तिलाई कैद गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कैद गर्दा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको विगोको हकमा चार वर्ष र व्यक्ति विशेष वा अन्य संस्थाको विगोको हकमा दुई वर्षभन्दा बढी कैद गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिम कैद गर्नु पर्दा तीनसय रुपैयाँभन्दा कम रकम भएमा वा बाँकी रहन गएमा सो वापत एक दिन कैद गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम कैद गर्दा कानून बमोजिम लाग्ने सिदा खर्च कैद गराउन चाहने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(६) जरिवाना नतिरे बापत कैद गर्नु पर्दा चार वर्षमा नबढ्ने गरी एक दिनको एकसय रुपैयाँको दरले कैद गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम कैद गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई राख्ने मनासिब समय दिनु पर्नेछ ।


www.lawcommission.gov.np

(८) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असुल उपर हुन नसकेको बाँकी विगो वापत पक्षको माग बमोजिम विगो नतिर्ने व्यक्तिलाई अदालतको आदेश बमोजिम कैद भएकोमा सो विषयमा पुनः दावी लिन सकिने छैन ।

२५९. **विगो असुल गर्नु पर्ने व्यक्तिको मृत्यु भएमा गर्ने :** (१) विगो असुल गर्नु पर्ने व्यक्तिको त्यस्तो विगो असुल नहुँदै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट विगो असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निजको हकको सम्पत्तिबाट विगो असुल नभएमा नपुग विगो निजको अपुताली लिने व्यक्तिबाट असुल गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपुताली लिनेबाट विगो असुल गर्दा निजले अपुताली लिएभन्दा बढी रकम असुल गरिने छैन ।

२६०. **जरिवाना छूट हुने:** फैसला बमोजिम जरिवाना लागेको व्यक्तिले तत्काल वा फैसला भएको मितिले साठी दिनभित्र जरिवाना तिरेमा निजलाई भएको जरिवानामा बीस प्रतिशत छूट हुनेछ ।

२६१. **मिलापत्रको कार्यान्वयन:** (१) सरकारी निकायबाट कुनै काम गर्नु गराउनु पर्ने गरी कुनै मिलापत्र भएकोमा अदालतले मिलापत्र भएको तीन दिनभित्र मिलापत्र बमोजिमको काम गरिदिन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(२) एकजना भन्दा बढी वादी वा प्रतिवादी भएको मुद्दामा मिलापत्र बमोजिम गराउन सबै उपस्थित नभएपनि म्याद नाघेपछि मिलापत्र कार्यान्वयन गरिनेछ । त्यसरी मिलापत्र कार्यान्वियन गर्दा मिलापत्र बमोजिम गराउन नआउने व्यक्तिको हितको पनि संरक्षण गर्नु पर्नेछ ।

२६२. **अदालती शुल्क, धरौटी तथा खर्च फिर्ता लिने अवधि:** (१) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक फैसला बमोजिम फिर्ता पाउने ठहरिएको अदालती शुल्क तथा धरौटी रकम सो फैसला अन्तिम भएको थाहा पाएको मितिले एक वर्षभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ ।

(२) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक लिलाम बिक्रीबाट प्राप्त रकम लिन वा फिर्ता पाउने व्यक्तिले लिलाम बिक्री भएको मितिले छ महिनाभित्र त्यस्तो रकम बुझि लिनु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले अदालती शुल्क, धरौटी वा रकम बुझि नलिएमा पछि त्यस्तो रकम वा सम्पत्ति फिर्ता लिन पाइने छैन ।

(४) उपदफा (२) बमोजिमको म्याद समाप्त भएपछि त्यस्तो धरौटी रकम सरकारी आम्दानीमा बाँधिनेछ ।

२६३. **फैसला कार्यान्वयन गराई दिए वापत लाग्ने दस्तुर:** (१) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक फैसला बमोजिम अदालतले कुनै रकम दिलाई दिए वापत सो रकम पाउने व्यक्तिबाट सयकडा दशका दरले दस्तुर लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट भाखा गराई दिएको, कागजपत्र दिलाई दिएको वा असामी वण्डा गरिदिएकोमा कुनै दस्तुर लाग्ने छैन ।

२६४. **उजूर गर्न सक्नेः** (१) फैसला कार्यान्वयनको सिलसिलामा कुनै कर्मचारीले गरेको काम कारबाही उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अदालतका न्यायाधीश समक्ष पन्ध्र दिनभित्र उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परेको उजूरी एक महिनाभित्र र उपदफा (२) बमोजिम परेको निवेदन दुई महिनाभित्र टुङ्गो लगाउनु पर्नेछ ।

२६५. **प्रतिनिधि नभएको कारणले मात्र काम कारबाही वदर नहुने:** (१) यस परिच्छेद बमोजिम स्थानीय निकायको सदस्य वा प्रतिनिधिको रोहवरमा कुनै काम कारबाही गर्नु पर्ने वा निजको सहीछाप गराउनु पर्नेमा त्यस्तो सदस्य वा प्रतिनिधिलाई उपस्थित गराई दिन लिखित सूचना दिंदा पनि उपस्थित नभएमा सो काम कारबाही गर्न गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय निकायको सदस्य वा प्रतिनिधि उपस्थित नभएको वा निजले सहीछाप नगरेको आधारमा मात्र अरु कुराले रीत पुगेको काम कारबाही वदर हुने छैन ।



नेपाल कानून आयोग

२६६. **अवहेलनामा कारबाही चलाउन वा सजाय गर्न सक्ने** (१) यस परिच्छेद बमोजिम फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्नु मुद्दाका पक्षको कर्तव्य हुनेछ।

(२) फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई अदालतले कानून बमोजिम अवहेलनामा कारबाही चलाउन वा एक हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

२६७. **कर्मचारीले प्रोत्साहन रकम पाउने**: (१) फैसला बमोजिम लागेको दण्ड जरिवाना वा सरकारी विगो असुलको लागि खटी जाने सरकारी कर्मचारीले दैनिक तथा भ्रमण भत्ता वापत पाउने रकम लिन नचाहेमा असुल गरी ल्याएको रकमको पच्चीस प्रतिशत प्रोत्साहन भत्ता पाउनेछ।

(२) उपदफा (१) बमोजिम असुल गरी ल्याएको रकमको पाँच प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरुप पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको भत्ता वा रकम असुल भएको जरिवाना वा सरकारी विगोको रकमबाट दिइनेछ।

(४) यस दफा बमोजिम सरकारी विगो वा जरिवाना सरकारी कर्मचारी बाहेक अन्य कुनै व्यक्तिले असुल गरी ल्याएको रहेछ भने निजलाई सरकारी कर्मचारीलाई सरह उपदफा (२) बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-२३

## नेपाल सरकार वादी वा पक्ष हुने देवानी मुद्दा सम्बन्धी व्यवस्था

२६८. **नेपाल सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ र दायरी** : (१) अनुसूची- ३० मा लेखिएको मुद्दा र प्रचलित कानूनमा नेपाल सरकार वादी हुने भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसंग भएको वा आफूले देखे जानेसम्मको प्रमाण खुलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी वा त्यसरी नतोकिएकोमा सम्बन्धित मालपोत अधिकृत समक्ष लिखित दरखास्त वा मौखिक सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मौखिक सूचना दिएकोमा सम्बन्धित अधिकारीले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रुपमा लेखी निजको सहीछाप गराउनु पर्नेछ।



नेपाल कानून आयोग

(३) उपदफा (१) बमोजिम पर्न आएको दरखास्तका सम्बन्धमा सम्बन्धित अधिकारीले आवश्यकतानुसार मुद्दासंग सम्बन्धित घर वा जग्गाको नाप नक्सा गरी वा अन्य आवश्यक विषयमा जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको प्रमाण र आफ्नो राय समेत उल्लेख गरी मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी मुद्दा दायर गर्न लाग्ने समयलाई ध्यानमा राखी सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिन अगावै मिसिल कागजको सक्कल र नक्कल एक प्रति सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कसैको दरखास्त नपरेको भए तापनि सम्बन्धित अधिकारी आफैले उपदफा (१) बमोजिमको मुद्दा चलाउन पर्ने कारण देखेमा आवश्यक प्रमाण सङ्कलन गरी उपदफा (३) बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष मिसिल पठाउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम प्राप्त मिसिल अध्ययन गरी सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नेछ।

(६) उपदफा (५) बमोजिम मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकीलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम मुद्दा नचल्ने निर्णय गरेमा सरकारी वकीलले प्राप्त मिसिल र प्रमाण सम्बन्धित अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ।

२६९. **<u>नेपाल सरकार वादी भई मुद्दा चल्ने</u>** : अनुसूची- ३० मा लेखिएको मुद्दा नेपाल सरकार वादी भई चल्नेछ।

तर दफा ९१ बमोजिम फिराद गर्नु पर्ने विषया सोही बमोजिम हुनेछ।

२७०. **<u>व्यक्तिले मुद्दा चलाउनु पर्ने देखिएमा सूचना गर्नु पर्ने:</u>** (१) दफा २६८ को उपदफा (५) बमोजिम मिसिल अध्ययन गर्दा नेपाल सरकार वादी भई चलाउनु पर्ने मुद्दा नदेखिई कानून बमोजिम मर्का पर्ने व्यक्ति आफैले नालिस दिई मुद्दा चलाउनु पर्ने देखेमा सरकारी वकीलले सोही बमोजिमको निर्णय गर्नु पर्नेछ र सोही कुरा उल्लेख गरी गरी सम्बन्धित व्यक्तिलाई सूचना दिनु भनी मिसिल पठाउने अधिकारीलाई जनाउ दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जनाउ पाएको मितिले सम्बन्धित व्यक्तिको हकमा कानून बमोजिमको हदम्यादको गणना हुनेछ।

२७१. **<u>सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने</u>** : दफा २६८ बमोजिम नेपाल सरकारवादी भई दायर भएको कुनै मुद्दा अनुसूची-३० भित्र नपर्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानून बमोजिम कारबाही किनारा गर्नु पर्नेछ ।

**२७२. <u>अन्य देवानी मुद्दा चलाउने सम्बन्धी व्यवस्था:</u>** (१) अनुसूची-३० मा लेखिएका मुद्दा बाहेक अन्य देवानी मुद्दा चलाउने वा प्रमाण सङ्कलन गर्ने सम्बन्धमा सम्बन्धित कानूनमा कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले प्रमाण सङ्कलन गरी फिरादपत्र दायर गर्न हदम्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल र प्रमाण पेश गर्नु पनेछ ।

(२) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गरी मुद्दा चल्ने भए कुन कानूनको कुन विषयमा कस कसलाई मुद्दा चलाउने हो सो समेत उल्लेख गरी मुद्दा दायर गर्न हदम्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउने गरी निर्णय प्राप्त भएमा सो प्रयोजनको लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीले फिरादपत्र तयार गरी त्यस्तो फिरादपत्रमा सहीछाप गरी हदम्याद भित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ र त्यस्तो मुद्दाको मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ ।

**२७३. <u>हदम्याद सम्बन्धी व्यवस्था:</u>** (१) नेपाल सरकारको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नु पर्ने भएमा यस संहिता र अन्य कानूनमा सो विषयमा नेपाल सरकारले नालिस गर्न हदम्याद तोकिएको भए सोही हदम्यादभित्र र त्यस्तो हदम्याद नतोकिएकोमा सो नालिस गर्नु पर्ने कारण श्रृजना भएको कुरा नेपाल सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नु पर्नेछ ।

तर यस संहिता र अन्य कानूनमा नालिस गर्नलाई हदम्याद हुँदैन भन्ने र जहिलेसुकै पनि नालिस लाग्छ भन्ने लेखिएकोमा जहिलेसुकै पनि नालिस लाग्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारको सम्बन्धित अधिकारीले थाहा पाएकोलाई नेपाल सरकारले थाहा पाएको मानिनेछ ।



नेपाल कानून आयोग

२७४. **साक्षी बकाउने वा प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था:** (१) अनुसूची-३० मा लेखिएको मुद्दा सम्बन्धी सूचना दिने व्यक्ति वादी पक्षको साक्षी मानिनेछ।

(२) अनुसूची-३० मा लेखिएको मुद्दा र नेपाल सरकार वादी वा प्रतिवादी भएको अन्य देवानी मुद्दाका साक्षी वा प्रमाण अदालतले खोजेको दिन सरकारी वकील मार्फत उपस्थित वा उपलब्ध गराउने कार्य सम्बन्धित अधिकारीको हुनेछ।

(३) अनुसूची-३० मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै देवानी मुद्दामा साक्षी बकाउने वा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्नेछ।

(४) अनुसूची-२ मा लेखिएको मुद्दामा कुनै साक्षीलाई नबुझि नहुने भएमा फौज्दारी मुद्दामा नबुझि नहुने साक्षीलाई झिकाए सरह झिकाई बुझ्न सकिनेछ।

२७५. **सरकारी वकीलले वहस पैरवी र प्रतिरक्षा गर्ने :** (१) अनुसूची- ३० मा लेखिएको मुद्दा र कुनै कानूनमा नेपाल सरकार वादी हुने भनी लेखिएको देवानी मुद्दामा सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ।

(२) उपदफा (१) मा लेखिए बाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारवादी भई चलेका देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकीलले वहस पैरवी र प्रतिरक्षा गरी दिन सक्नेछ।

२७६ **म्याद दिने** : (१) अनुसूची-३० मा लेखिएको मुद्दामा पुनरावेदन गर्न अदालतले सत्तरी दिनको म्याद दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिब कारण देखाई अदालत समक्ष निवेदन गरेमा परिच्छेद-८ बमोजिम थमाउन पाउने म्यादमा अदालतले तीस दिनसम्म म्याद थप गर्न सक्नेछ।

२७७. **पुनरावेदन, मुद्दा दोहोर्‍याउने वा पुनरावलोकनको निवेदन दिने अधिकारी :** (१) अनुसूची- ३० मा लेखिएका मुद्दा र कुनै कानूनमा नेपाल सरकार वादी हुने भनी लेखिएको देवानी मुद्दामा पुनरावेदन, मुद्दा दोहोर्‍याउने, पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनु पर्नेछ।

(५) उपदफा (१) मा लेखिएदेखि बाहेक नेपाल सरकार पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदन, मुद्दा दोहोर्‍याउने, पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैले दिन सक्नेछ।

तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखले लेखी पठाएमा सम्बन्धित सरकारी वकीलले पुनरावेदन, मुद्दा दोहोर्‍याउने, पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिन सक्नेछ।

२७८. **नेपाल सरकार उपर नालिस दिने कार्यविधि** : (१) नेपाल सरकार उपर देवानी मुद्दामा नालिस गर्नु पर्ने भएमा सम्बन्धित व्यक्तिले जसको विरुद्धमा नालिस गर्नु पर्ने हो सोही कार्यालय वा सो कार्यालयका प्रमुखलाई सोको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित कार्यालय वा सो कार्यालयका प्रमुखले अर्को कुनै कार्यालय वा निकायको परामर्श लिनु पर्ने वा निकासा लिनु पर्ने भएमा त्यस्तो परामर्श लिनु वा निकासा लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्राप्त भएकोमा सो विषयमा नालिस दिनु नपर्ने कुनै कारण भएमा सम्बन्धित कार्यालय वा सो कार्यालयका प्रमुखले सोको स्पष्ट कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई सोही उपदफा बमोजिम सूचना प्राप्त भएको मितिले तीस दिनभित्र दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै जानकारी नदिएमा वा नालिस दिनु नपर्ने भनी उल्लिखित कारण मनासिव नलागेमा सम्बन्धित व्यक्तिले त्यसरी जानकारी प्राप्त भएको मितिले पैंतीस दिनभित्र नालिस दिन सक्नेछ।

२७९. **अन्य विषयमा संहिता र कानून बमोजिम हुने:** नेपाल सरकार वादी वा पक्ष हुने देवानी मुद्दाको सम्बन्धमा यस परिच्छेदमा लेखिएको विषयमा यस परिच्छेद बमोजिम र यस पच्छिदेमा नलेखिएको अन्य विषयमा यस संहिताका अन्य परिच्छेद र कानून बमोजिम हुनेछ।

नेपाल कानून आयोग

## परिच्छेद-२४

## विविध

२८० **क्षतिपूर्ति निर्धारण गर्नु पर्ने**: (१) कसैको हक वा हित उल्लघंन भएको कारणबाट हानी नोक्सानी भई क्षति भएकोमा कानून बमोजिम क्षतिपूर्ति पाउन सक्ने मुद्दामा सम्बन्धित व्यक्तिले क्षतिपूर्तिको दाबी गरेको रहेछ भने अदालतले मुद्दाको निर्णय गर्दा क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा क्षतिपूर्ति निर्धारणका सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कुराहरु विचार गर्न सकिनेछः-

(क) क्षति वापत भएको वास्तविक हानी नोक्सानी (एक्चुयल लस),

(ख) क्षति भएको कारणबाट आयमा भएको हानी नोक्सानी (लस इन इनकम),

(ग) क्षति भएको कारणबाट व्यहोर्नु परेको थप हानी नोक्सानी ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्षतिपूर्ति निर्धारण गर्दा कसैको हक वा हित उल्लघंन भएको कारणबाट भएको वास्तविक क्षति र सोको कारणबाट भएको वा हुन सक्ने वास्तविक क्षतिको आधारमा मात्र क्षतिपूर्ति निर्धारण गरिनेछ र काल्पनिक विषयमा क्षतिपूर्ति निर्धारण हुन सक्ने छैन ।

२८१. **संरक्षकले अदालतको अनुमतिले मुद्दा गर्न सक्ने**: (१) कानून बमोजिम उमेर नपुगेको नावालिग, उमेर पुगेको भएपनि वृद्धावस्थाको कारणले अशक्त भएको, दृष्टिविहिन तथा वोल्न नसक्ने वा होस ठेगानमा नरहेको व्यक्तिको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्र दिनु पर्दा फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र वा निवेदनपत्रसाथ छुट्टै निवेदन दिई अदालतको अनुमतिले त्यस्तो व्यक्तिको संरक्षकले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यक्ति नावालिग, उमेर पुगेको भएपनि वृद्धावस्थाको कारणले अशक्त भएको, दृष्टिविहिन तथा वोल्न नसक्ने वा होस ठेगानमा नरहेको हो होइन पहिले त्यसको प्रमाण बुझी हो रहेछ भने वारिस अख्तियारनामा नभए

नेपाल कानून आयोग

पनि संरक्षकले सो व्यक्तिको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिको लागि निवेदन परेमा सो सम्बन्धमा जाँचबुझ गरी अनुमतिको लागि निवेदन परेकै दिन निवेदनमा निर्णय गर्नु पर्नेछ ।

२८२. **वेपत्ता भएको व्यक्तिको तर्फबाट मुद्दा गर्न सकिने :** (१) वेपत्ता भएको व्यक्तिको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिनु पर्दा फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र साथ छुट्टै निवेदन दिई अदालतको अनुमतिले त्यस्तो व्यक्तिको हकवालाले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिन सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "वेपत्ता भएको व्यक्ति" भन्नाले कुनै व्यक्ति विना सूचना लगातार तीन वर्षदेखि घर छाडी हिडेको वा विदेशमा गई फर्की आउने ठेगाना नभएको व्यक्तिलाई सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम व्यक्ति वेपत्ता भएको हो होइन पहिले त्यसको प्रमाण बुझी हो रहेछ भने वारिस अख्तियारनामा नभए पनि हकवालाले सो व्यक्तिको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिको लागि निवेदन परेमा सो सम्बन्धमा जाँचबुझ गरी अनुमतिको लागि निवेदन परेको पन्ध्र दिनभित्र निवेदनमा निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवस्थामा हदम्याद लाग्ने छैन ।

२८३. **मुद्दा सकार गर्ने** : (१) कसैले फिरादपत्र वा पुनरावेदनपत्र दिई कुनै अदालतमा मुद्दाको कारबाही चली रहेकोमा सो मुद्दा फैसला नहुँदै मुद्दाको कुनै पक्षको मृत्यु भएमा, होस ठेगानामा नरहेमा वा निज वेपत्ता भै अदालतबाट तोकिएको म्याद वा तारिख गुज्रेमा त्यसरी मृत्यु भएको, होस ठेगानामा नरहेको वा वेपत्ता भएको मितिले वाटोको म्याद वाहेक एक्काइस दिनभित्र मुद्दा सकार गरी म्याद वा तारिख थमाउन निजको हकवालाले अदालत समक्ष निवेदन दिन सक्नेछ ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा अदालतले सो मुद्दा सकार गर्न दिई गुज्रेको म्याद वा तारिख थामि दिन आदेश दिन सक्नेछ ।

२८४. **सुनुवाई खुला इजलाशमा गर्नु पर्ने:** (१) अदालतले मुद्दाको सुनवाई खुला इजलाशमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पारिवारिक सम्बन्ध, नाता कायम, विवाह, सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा बन्द इजलाशबाट सुनुवाई हुनु पर्ने कारण खुलाई मुद्दाको कुनै पक्षले निवेदन गरेकोमा निवेदन माग मनासिव देखिएमा वा अदालतले बन्द इजलाशबाट नै कुनै मुद्दाको सुनुवाई हुन मनासिव देखेमा अदालतले बन्द इजलाशमा सुनुवाई गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम बन्द इजलाशबाट सुनुवाई गर्ने आदेश भएकोमा त्यस्तो इजलाशमा मुद्दाका पक्ष वा निजको वारिस, पक्षबाट नियुक्त भएका कानून व्यवसायी, न्यायाधीशले आदेश दिएका व्यक्ति वा कर्मचारी बाहेक अन्य व्यक्तिको प्रवेश निषेध गरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सुरक्षाको कारणले कुनै व्यक्तिलाई इजलाशमा प्रवेश गर्न रोक लगाउन मनासिव देखेमा अदालतले त्यस्तो व्यक्तिलाई इजलासमा प्रवेश गर्न रोक लगाउन सक्नेछ ।

२८५. **पक्षलाई रोहवरमा राख्नु पर्ने:** दफा २७१ बमोजिम मुद्दाको सुनुवाई गर्दा वा निर्णय गर्नु पर्ने विषय ठहर गर्दा पक्षहरुलाई रोहवरमा राख्नु पर्नेछ ।

तर मुद्दा सुनुवाईका लागि तोकिएको तारिखका दिन कुनै पक्ष उपस्थित नभएमा पनि मुद्दाको निर्णय गरी ठहर गर्न वाधा पुगेको मानिने छैन ।

२८६. **मुद्दा हेर्दाको प्राथमिकता क्रम** : (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायका प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ :

(क) अपाङ्ग तथा नाबालक पक्ष भएको मुद्दा,

(ख) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्ष भन्दा बढी उमेरका व्यक्ति पक्ष भएको मुद्दा,



नेपाल कानून आयोग

(ग) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,

(घ) माना चामल सम्बन्धी मुद्दा,

(ङ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,

(च) मुद्दाको दर्ताक्रमले पहिले दर्ता भएको मुद्दा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै क्रममा एकभन्दा बढी प्रकृतिका मुद्दा भएमा पहिले दर्ता भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले मुद्दाको गंभीरता र औचित्य हेरी कुनै मुद्दालाई प्राथमिकता दिई कारबाही, सुनुवाई र किनारा गर्न सक्नेछ ।

२८७. **स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने:** (१) यस संहिता बमोजिम मुद्दाको कारबाही, सुनुवाई र निर्णय गर्दा न्यायाधीशले देहायको मुद्दा हेर्न हुँदैन :-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार रहेको मुद्दा,

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले अपुताली खुला हुँदा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकताक्रममा रहेको व्यक्ति, मामा, माइजू, सानी आमा, ठूलीआमा, सानो बाबु, ठूलो बाबु, पति वा पत्नी तर्फका सासु, ससुरा, फूपू, फूपाजु, साला, जेठान, साली, दिदी, वहिनी, भिनाजु, वहिनी ज्वाई, छोरी ज्वाई, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाई, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनु पर्छ ।

(ख) कुनै बखत निज वारिस, कानून व्यवसायी वा साक्षी भएको मुद्दा,

(ग) निजले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा,

नेपाल कानून आयोग

(घ) कुनै बखत निजले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,

(ङ) अन्य कुनै कारणले आधारभूत रुपमा निज र निजको एकासगोलका परिवारका सदस्यको स्वार्थ बाझिएको मुद्दा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा मुद्दा हेर्ने न्यायाधीशले मुद्दा हेर्न नहुने कारण खुलाई आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) को प्रतिकूल हुने गरी कुनै न्यायाधीशले कुनै मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्न लागेमा मुद्दाको कुनै पक्षले आवश्यक प्रमाण सहित कारण खुलाई मुद्दाको कारबाही, सुनुवाई वा किनारा नगर्न निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन प्राप्त भएमा मुद्दा हेर्ने न्यायाधीशले मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नु अघि त्यस्तो निवेदन बमोजिमको माग दावी मनासिव भए वा नभएको यकिन गरी मुद्दा हेर्न नहुने भएमा सोही बमोजिम आदेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम आदेश भएकोमा त्यस्तो मुद्दा सोही अदालतको अर्को न्यायाधीश भए निजले र त्यस्तो न्यायाधीश नभए सोको कारण खुलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नको लागि मुद्दाको मिसिल सबैभन्दा नजिकको समानस्तरको अदालतमा पठाई पक्षहरुलाई समेत सोही अदालतमा तारेख तोकी पठाईदिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम मिसिल प्राप्त भएमा त्यस्तो अदालतले पनि आफ्नो अधिकार क्षेत्रभित्रको मुद्दा नभएपनि त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

२८८. **न्यायाधीश आफैले गर्नु पर्ने कामहरु**: (१) यस संहिता बमोजिम अदालतले गर्ने कामहरु मध्ये देहायका कामहरु न्यायाधीश आफैले गर्नु पर्नेछः-

(क) पक्षको वयान लिने,

(ख) साक्षीलाई शपथ गराउने,

(ग) साक्षीको वकपत्र गराउने,

(घ) अन्तरकालीन वा अन्तरिम आदेश गर्ने,

(ङ) मुद्दामा निर्णय दिनु पर्ने कुराहरुको आदेश पर्चा खडा गर्ने,

(च) प्रमाण वुझ्ने सम्बन्धी आदेश दिने,

(छ) मुद्दाको प्रारम्भिक र पूर्व सुनुवाई छलफल,

(ज) सुनुवाई गर्ने,

(झ) मिलापत्र गराउने,

(ञ) फैसला गर्ने वा कुनै किसिमको अन्तिम आदेश दिने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बयान वा वकपत्रको अभिलेखनको प्रयोजनको लागि न्यायाधीशले अदालतको उपलब्ध भएसम्म कम्तीमा राजपत्रअनङ्कित प्रथम श्रेणीसम्मको र नभए राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मको कर्मचारीको सहयोग लिन सक्नेछ ।

२८९. **लिखत अनुवाद गर्नु पर्ने** : (१) नेपाली भाषा वाहेक अन्य कुनै भाषामा लेखिएको कुनै लिखत अदालतमा प्रमाणको रुपमा पेश भएमा र त्यस्तो लिखत नेपाली भाषामा अनुवाद गर्नु पर्ने देखिएमा अदालतले त्यस्तो लिखत पेश गर्ने पक्षलाई सो लिखतको नेपाली भाषामा अनुवाद गरी पेश गर्ने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतबाट आदेश भएमा सम्बन्धित पक्षले सो लिखत नेपाली भाषामा अनुवाद गराई सोको प्रमाणित प्रति अदालतमा पेश गर्नु पर्नेछ ।

२९०. **अनुवादकको सहयोग लिन सक्ने** : (१) नेपाली भाषा नवुझ्ने कुनै पक्ष वा साक्षीको वयान वा वकपत्र गराउनु परेमा वा अन्य कुनै प्रयोजनको लागि अदालतले सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा वकपत्रको लागि अनुवादकको सहयोग लिंदा भएको खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

२९१. **मुद्दाका पक्षसँग जहिलेसुकै सोध्न सक्ने**: (१) न्यायाधीशले मुद्दाको फैसला हुनु अघि मुद्दाको पक्षसँग मुद्दाको कुनै विषयमा जहिलेसुकै पनि आदेश दिई सोध्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधी दिएको जवाफ मिसिलमा संलग्न गर्नु पर्नेछ ।



नेपाल कानून आयोग

२९२. **पक्ष वा साक्षीको परिचय गोप्य राख्न सकिने** : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमा त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन वा निजको वावुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न सम्बन्धित पक्षले अदालतलाई अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा अदालतले त्यस्तो पक्ष वा साक्षीको नाम, थर, वतन, निजको वावुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा वावुको नाम सम्बन्धित मुद्दाको सुनुवाईका वखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका वखत अदालतको आदेश बमोजिम छद्म नाम, थर, वतन वा वावुको छद्म नाम राखी प्रकाशन गर्नु पर्नेछ ।

२९३. **रोहवरमा बस्न तथा सहीछाप गर्न सहयोग गर्नु पर्ने** : (१) यस संहिता बमोजिम कुनै काम कारबाहीको सिलसिलामा रोहवरमा वस्नु पर्ने व्यक्तिले रोहवरमा वसी वा अदालतबाट तयार गरिएको लिखतमा सहीछाप गर्नु पर्ने व्यक्तिले सहीछाप गरी अदालतलाई सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोहवरमा बस्न वा कुनै लिखतमा सहीछाप गर्न कुनै व्यक्तिले इन्कार गरेमा सो काम वा लिखत गराउने कर्मचारीले सो व्यहोरा उल्लेख गरी सम्बन्धित लिखतमा रोहवरमा नवसेको वा सहीछाप नगरेको कारण खुलाई कैफियत जनाई उपस्थित भएका अन्य दुई व्यक्तिको सहीछाप गराई आफूले पनि त्यसमा सहीछाप गरी लिखत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको लिखतलाई कानून बमोजिम रीत पुगेको मानिनेछ ।

नेपाल कानून आयोग

(४) अदालतमा भएको कुनै लिखतमा सहीछाप गर्नु पर्ने कुनै व्यक्तिले सहीछाप गर्न इन्कार गरेमा न्यायाधीशले सोही व्यहोरा उल्लेख गरी सम्बन्धित लिखतमा कैफियत जनाई आफ्नो सहीछाप गरी राख्नु पर्नेछ।

(५) यस दफा  बमोजिम अदालतको काममा अवरोध गर्ने वा असहयोग गर्ने व्यक्तिलाई सम्बन्धित अदालतले पाँच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ।

२९४. **असल नियतले गरेकोमा बचाउः** यस संहिता वा यस अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा न्यायाधीश वा अन्य कुनै कर्मचारीलाई कुनै कारबाही हुनेछैन।

२९५. **मुद्रण वा गणीतिय त्रुटीले असर नगर्नेः** (१) मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा यस संहिता बमोजिमको कार्यविधि अवलम्वन गर्ने सम्बन्धमा कुनै किसिमका साना तिना त्रुटी वा छुट भएकोमा वा कुनै लिखत तयार गर्दा लेखाई, छपाई वा मुद्रणमा गणितीय वा अन्य कुनै साना तिना त्रुटी वा छुट हुन गएको कारणले मात्र सोसंग सम्बन्धित सम्पूर्ण काम, कारबाही गैर कानूनी भएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा वा लिखत तयार गर्दा लेखाई, छपाई वा मुद्रणमा गणितीय वा अन्य सानातिना त्रुटी वा छुट हुन गएमा न्यायाधीशले इन्साफमा फरक नपर्ने गरी छुट्टै पर्चा खडा गरी त्यस्तो भुल वा त्रुटी सच्याउन सक्नेछ।

२९६. **भरपाई लिनु वा दिनु पर्ने** : (१) अदालतमा दाखिल भएको कुनै सक्कल लिखत कुनै व्यक्तिलाई फिर्ता दिंदा वा अदालतबाट कुनै सक्कल लिखत कुनै व्यक्तिलाई बुझाउँदा सो लिखत फिर्ता लिएको वा वुझाएको व्यहोराको भरपाई वा निस्सा लिई मिसिल सामेल राख्नु पर्नेछ।

(२) अदालतमा कुनै व्यक्तिले पेश गरेको कुनै सक्कल लिखत अदालतले वुझी लिंदा सो व्यक्तिलाई त्यस्को भरपाई दिनु पर्नेछ।

२९७. **निवेदन दस्तुरः** यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतमा कुनै निवेदनपत्र दिँदा दश रुपैयाँ दस्तुर लाग्नेछ।

२९८. **लिखतहरुको पंजिका** :  प्रत्येक मुद्दामा अनुसूची-३१ बमोजिमको ढाँचामा पंजिका तयार गरी दर्ता मितिको क्रमले लिखतहरुको क्रमसंख्या र विवरण जनाई राख्नु पर्नेछ।

नेपाल कानून आयोग

२९९. **लिखत धुल्याउनु पर्नेः** (१) अदालतले मुद्दाको अन्तिम निर्णय भएको पाँच वर्ष पछि सो मुद्दाको मिसिलमा रहेको देहायका लिखतहरु बाहेक अन्य लिखतहरु धुल्याउनु पर्नेछ :-

(क) फिरादपत्र,

(ख) वयान,

(ग) प्रतिउत्तरपत्र वा प्रतिदावी,

(घ) पक्षको नाममा जारी भएको म्याद,

(ङ) मुद्दासँग सम्बन्धित नक्सा,

(च) सक्कल प्रमाण कागज,

(छ) मिलापत्रको कागजात,

(ज) पुनरावेदनपत्र,

(झ) मुद्दा दोहोऱ्याउने वा पुनरावलोकनको लागि दिइएको निवेदनपत्र,

(ञ) अदालतबाट भएको फैसला, निर्णय, अन्तिम आदेश,

(ट) कानून बमोजिम संरक्षण गर्न आवश्यक देखिएका अन्य लिखत ।

(२) उपदफा (१) बमोजिम कागज धुल्याउनु अघि श्रेस्तेदारले धुल्याउनु पर्ने कागजातको फेहरिस्त तयार गरी त्यस्तो फेहरिस्तमा आफ्नो सहीछाप गरी राख्नु पर्नेछ ।

३००. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

३०१. **नियम बनाउने अधिकारः** यस संहिताको उदेश्य कार्यान्वयन गर्नको लागि अदालती कार्यविधिका सम्बन्धमा सर्वोच्च अदालतले आवश्यक नियम बनाउन सक्नेछ ।

३०२. **निर्देशिका बनाउन सकिने** : यस संहिताको उदेश्य कार्यान्वयन गर्नको लागि यो संहिता र यस संहिता अन्तर्गत बनेको नियमको अधीनमा रही सर्वोच्च अदालतले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

३०२. **<u>बाधा अड्चन फुकाउने अधिकार:</u>** यस संहिताको कार्यान्वयन गर्दा अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा सर्वोच्च अदालतको पूर्ण बैठकले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

नेपाल कानून आयोग

**अनुसूची - १**

**( दफा ९५ को उपदफा (१) संग सम्बन्धित)**

**<u>फिरादपत्रको ढाँचा</u>**

अदालत/कार्यालयले भर्ने

दर्ता नं.: .......................................

दर्ता मितिः ...................................

.

................................अदालत/कार्यालयमा दायर गरेको

**<u>फिरादपत्र</u>**

.................. सालको दे.दा.नं. ..........

.......को छोरा / छोरी / पति /पत्नी ............................वस्ने वर्ष..........को .... **वादी**

(एक भन्दा बढी वादी भए यसै बमोजिमको विवरण प्रत्येक वादीको हकमा उल्लेख गर्ने ।)

<u>विरुद्ध</u>

......छोरा/छोरी/पति/पत्नी ....................................वस्ने वर्ष.. को ..........................**प्रतिवादी**

नेपाल कानून आयोग

